# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ६, अङ्क १६, पूर्णाङ्क २४९ | २०७७ मङ्सिर १७ गते बुधबार | Wednesday, 2 Dec 2020 | www.eratokhabar.com | मूल्य रु. १०


## जनता जगाउँदै रोल्पाका गाउँगाउँ पुग्यो सामना परिवार

**समर झुसे/रोल्पा**



केपी वली सरकार राष्ट्रघात, जनघात, भ्रष्टाचार, कमिसन, दमन र षड्यन्त्रमै व्यस्त रहेको समयमा जनताका कलाकाहरू भने जनतासँग दुःखसुख साट्दै, हातेमालो गर्दै र तिनै दुःखका कथालाई गीतसङ्गीत बनाउँदै जनताको घरदैलोमा पुगेका छन् ।

यसैक्रममा नेपाल कम्युनिस्ट पार्टी राप्ती ब्युरोअन्तर्गत रोल्पा

... बाँकी पृष्ठ ७ मा

## कस्मिर हमलामा नेपाली युवकको मृत्यु



**काठमाडौँ** : भारतीय सेनामा काम गर्ने नेपालीले अर्काका लागि ज्यान फाल्नुपर्ने अवस्था अझै कायम छ। भारतीय सेनामा कार्यरत दाङ तुलसीपुर निवासी प्रेम केसी विद्रोहीहरूको हमलामा परी मारिएका छन् । भारतको जम्मुकस्मिरमा कार्यरत तुलसीपुर उपमहानगरपालिका वडा नं. ९ बेलुवा निवासी ३० वर्षीय केसी शुक्रबार बिहान मारिएको रातोपाटीले जनाएको छ।

बिहान ५ बजेतिर केसी कार्यरत सैनिक टुकडीमाथि विद्रोहीहरूले

... बाँकी पृष्ठ ७ मा

## बलात्कार र हत्याविरुद्ध संयुक्त महिला सङ्घर्ष समितिको चेतावनी

संयुक्त महिला सङ्घ सङ्घर्ष समितिले प्रेस वक्तव्य जारी गर्दै देशका विभिन्न ठाउँमा भइरहेका महिला र बालिकामाथिको बलात्कार, हत्या, हिंसाका घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

संयुक्त महिला सङ्घ सङ्घर्ष समितिले जारी गरेको वक्तव्यमा पछिल्लो समय महोत्तरी जिल्लाको बर्दिबासमा ६ वर्षीया बालिकाको बलात्कारपछि हत्या भएको घटनाको घोर निन्दा र भर्त्सना गरिएको

... बाँकी पृष्ठ ७ मा

# वली सरकार एसियाकै भ्रष्ट र बदनाम

## सरकारी नेकपा विघटनको सँघारमा

**रातोखबर संवाददाता/काठमाडौँ**

नेपाली जनतालाई सुख र समृद्धिका रहरलाग्दा सपना बाँडेर नक्कली राष्ट्रवादको पगरी गुथ्दै सत्तामा पुगेको केपी वली सरकार असफल मात्र भएको छैन, भ्रष्टाचार, तस्करी, राष्ट्रघात, राजनीतिक दलमाथि प्रतिबन्ध, हत्या, गिरफ्तारी, झूट्टा मुद्दालगायत आफ्नै गलत हर्कत र अकर्मण्यताहरूका कारण सत्तामा पुगेको छोटो समयमै आमजनताबाट नाङ्गिएको छ । भारतीय साम्राज्यवादको गुप्तचर संस्थाका प्रमुखदेखि विदेशमन्त्रीसम्मको गोप्य मन्त्रणाका कारण वली सरकार राष्ट्रियतामाथि झन् ठूला र गम्भीर किसिमका षड्यन्त्रहरू गरिरहेको आँकलन भइरहेको समयमा भ्रष्टाचारमा पनि यो सरकारले कीर्तिमान कायम गरेको तथ्य सार्वजनिक भएको छ।

हालै ट्रान्सपरेन्सी इन्टरनेसनलनामक संस्थाले जारी गरेको प्रतिवेदनमा उल्लेख गरिएअनुसार वली सरकार कति बदनाम भएको छ भने उसको लाज छोप्ने कुनै उपाय नै छैन । ट्रान्सपरेन्सी इन्टरनेसनलको रिपोर्टमा वली सरकार र सरकारी अधिकारीहरू भ्रष्टाचार गर्नेमा एसियामै अब्बल






देखिएका छन् ।

ट्रान्सपरेन्सी इन्टरनेसनलको एसिया प्रतिवेदन 'ग्लोबल करप्सन ब्यारोमिटर एसिया' ले नेपालका प्रधानमन्त्री केपी वलीले भ्रष्टाचार गर्नेलाई प्रतिरक्षा गरेको उल्लेख गरेको छ । पछिल्लो एक वर्षमा एसियाली मुलुकमा नेपाल भ्रष्टाचारमा सबैभन्दा अगाडि रहेको देखिएको छ भने दोस्रोमा थाइल्यान्ड र तेस्रोमा माल्दिभ्स रहेका छन् । ट्रान्सपरेन्सीको प्रतिवेदनअनुसार नेपालका ५८ प्रतिशन मानिस सरकार, सरकारी अधिकारी र प्रधानमन्त्रीले नै भ्रष्टाचारलाई प्रश्रय दिएको विश्वास गर्छन् । कम्बोडियामा भने जम्मा १२ प्रतिशतले मात्र यस्तो विश्वास गर्छन् ।

त्यस्तै नेपालका ८४ प्रतिशत जनता भ्रष्टाचारले नै देशको हविगत यस्तो भएको मान्छन् । 'सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद काण्ड, ओम्नीकाण्ड, गोकर्ण र बालुवाटारकै जग्गाकाण्डमा प्रधानमन्त्रीले नै आफ्ना सहकर्मी भएकै कारण आरोपीहरूको संरक्षण गरेका कारण पनि म भ्रष्टाचार पनि गर्दिनँ र भ्रष्टाचार हुन पनि दिन्नँ भन्ने भनाइविपरीत सरकार र प्रधानमन्त्रीले काम गरेको ठानिएको छ।

कोरोना महामारीपछि जनताका सामान्य आधारभूत आवश्यकताहरूको अभाव हुँदा र जनजीवन निकै कष्टकर हुँदासमेत यहाँका सत्ताधारीहरू औषधी र मेडिकल सामग्रीमाथि समेत कमिसन खानमा व्यस्त थिए । ट्रान्सपरेन्सी इन्टरनेसनलको रिपोर्टअनुसार पनि नेपाल सरकार नै भ्रष्टाचारमा संलग्न भएको कुराले स्वाभिमानी नेपालीको शिर निहुराएको मात्र छैन, देश शान्ति र समृद्धिको ओरालो

... बाँकी पृष्ठ ७ मा

## नौनाडी गलेका प्रधानमन्त्री वलीको नाडी छाम्दै भारतीय साम्राज्यवाद



**रातोखबर संवाददाता/काठमाडौँ**

राष्ट्रियता, जनतन्त्र, जनजीविकालगायत सम्पूर्ण विषयमा कमजोर हुँदै गएका र पछिल्लो समयमा पार्टी र सरकारभित्रै अत्यन्त आलोचित भएर शिथिल बनिसकेका प्रधानमन्त्री केपी वलीका गलेका नाडी छाम्न भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले विदेशसचिव हर्षवर्द्धन शृङ्गलालाई नेपाल पठाएका छन् । नेपालको कालापानीमा ६० वर्षभन्दा अघिदेखि आफ्नो सेना राखेर नेपाली राष्ट्रियतामाथि हस्तक्षेप गरिरहेको र नेपालका सयौँ सीमाभूमि अतिक्रमण गर्दै विस्तारवादी र साम्राज्यवादी भूमिका निर्वाह गर्दै आएको भारतले नेपालका कालापानी, लिपुलेक र लिम्पियाधुरासहितको जमिन आफ्नो नक्सामा समेटेर सार्वजनिक गरेपछि तीन करोड देशभक्त नेपालीको आलोचना र घृणाको पात्र

... बाँकी पृष्ठ ७ मा

## मोर्गन कलेज बढी शुल्क फिर्ता गरी विद्यार्थीमाथिको मुद्दा फिर्ता लिन सहमत



**काठमाडौँ** : मोर्गन इन्टरनेसनल कलेज आफूले नियमविपरीत वृद्धि गरेको शुल्क फिर्ता लिन र विद्यार्थीमाथि लगाएको मुद्दा फिर्ता गर्न सहमत भएको छ। अखिल क्रान्तिकारी र कलेजबीच शनिबार भएको वार्तामा मापदण्डविपरीत लिइएको शुल्क फिर्ता गरी १६ विद्यार्थीमाथि लगाइएको झूट्टा मुद्दा पनि फिर्ता लिन कलेज तयार भएपछि सहमति भएको हो ।

अखिल क्रान्तिकारीले यसअघि कक्षा १२ को परीक्षामा बाधा पुग्ने गरी कलेजले मापदण्डविपरीत शुल्क लिएको र प्रहरी लगाएर विद्यार्थीलाई गिरफ्तार गराई झूट्टा

... बाँकी पृष्ठ ८ मा

## कारागारभित्रै मनाइयो एङ्गेल्सको २ सयौँ जन्मजयन्ती

**अशोक सुवेदी/काठमाडौँ**

विश्व सर्वहारा वर्गका महान् गुरु कार्ल मार्क्सका अनन्य मित्र फ्रेडरिक एङ्गेल्सको २ सयौँ जन्मजयन्ती नख्खु कारागारमा भव्य कार्यक्रम गरी मनाइएको छ।

एङ्गेल्सको सम्झनामा कारागार परिसरमा आयोजित कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका सचिवालय सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' ले एङ्गेल्स एक असल साम्यवादी भएको बताए । उनले मार्क्स, एङ्गेल्सलगायत साम्यवादीद्वारा परिष्कृत वैज्ञानिक समाजवादी सिद्धान्तलाई एङ्गेल्सले आफ्ना सहयोद्धा कार्ल मार्क्सका नाममा मार्क्सवादमा संश्लेषण गरेको र जीवनभर मार्क्सवादको रक्षा र प्रयोगका लागि सक्रिय हुँदै संसारका उत्पीडितहरूका लागि मार्क्सको निधनपछि अभिभावकत्व गरेकाले एङ्गेल्स एक महान् व्यक्ति भएको धारणा पनि राखे।

एङ्गेल्सको सम्मानमा आयोजित कार्यक्रममा नेकपा नेता सुदर्शनले भने, ' मार्क्ससँगको ४० वर्ष लामो सहकार्यमा एङ्गेल्सले साम्यवादी मित्रताको अद्वितीय उदाहरण पेस गर्नुभयो । मार्क्सको साम्यवादमा निजी सम्पत्तिको अन्त्य र सामूहिक उत्पादनको सामूहिक स्वामित्वको स्पष्ट परिभाषा दिनुभयो। एङ्गेल्स एक उद्योगपतिका छोरा भएर पनि सर्वहाराकृत भएर सर्वहारा श्रमिक वर्गका पक्षमा जीवनभर लड्नुभयो । नेपालका कथित साम्यवादीहरू झुत्रे सर्वहाराबाट उत्पीडित जनतालाई चुसेर अर्बपति भएका छन् । आज सच्चा साम्यवादीहरूले बुझ्नुपर्ने कुरा के छ

... बाँकी पृष्ठ ७ मा

## नख्खु कारागारभित्र पार्टी पुनर्गठन दिवसमा भव्य कार्यक्रम

### मङ्सिर ८ संशोधनवादविरुद्ध क्रान्तिको नयाँ मोर्चा खुलेको दिन हो : सुदर्शन

**भीमप्रसाद चापागाईं/काठमाडौँ**

नेपाल कम्युनिस्ट पार्टीका सचिवालय सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' ले मङ्सिर ८ नेपाली क्रान्तिकारी आन्दोलनको इतिहासमा क्रान्तिकारीहरूले संशोधनवादका विरुद्ध विद्रोह गरेको र जनताले आफ्नो सेना बनाई क्रान्तिको नयाँ मोर्चा खोलेको ऐतिहासिक दिन भएको बताएका छन् ।

जनमुक्ति सेना दिवस तथा सातौँ पार्टी पुनर्गठन दिवसका अवसरमा मङ्सिर ८ गते नख्खु कारागार परिसरमा आयोजना गरिएको कार्यक्रममा नेकपा नेता सुदर्शनले यस्तो बताएका हुन् ।

२०५२ सालदेखि नेपालमा चलेको जनयुद्धको मूल नेतृत्व अहिले नवप्रतिक्रियावादमा पतन भैसकेको भन्दै नेता सुदर्शनले मङ्सिर ८ संशोधनवादविरुद्ध विद्रोह गरेर क्रान्तिका लागि नयाँ पहल गरेको दिन भएकाले यो दिनले क्रान्तिकारीहरूलाई नयाँ ऊर्जा दिइरहने पनि बताएका छन् ।

नेकपा पुनर्गठन र नयाँ क्रान्तिका लागि गरिएको पहल नै अबको एक मात्र विकल्प भएको भन्दै उनले संशोधनवादीहरूले मार्क्सवाद पुरानो भयो भन्ने आरोप लाउने गरेको धारणा पनि राखे ।

मार्क्सवाद पुरानो भयो भन्नेहरूले मार्क्सवाद कहाँ, कसरी र किन पुरानो भयो भन्ने कुनै प्रमाण, तथ्यबिना नै आरोप र आक्षेप लगाउने गरेको धारणा राख्दै नेकपा नेता सुदर्शनले मार्क्सवाद पुरानो भएको नभएर संशोधनवादीहरूको विश्वदृष्टिकोण समाप्त भएको प्रस्ट पारे । उनले भने, '६ सय वर्ष पुरानो पुँजीवादी व्यवस्थामै फर्केका पश्चगमनकारीहरूले नै मार्क्सवाद पुरानो भएको बताइरहेका छन् तर मार्क्सवाद पुरानो होइन, पुँजीवाद पुरानो हो ।'

नख्खु कारागार परिसरमा भएको पार्टी पुनर्गठन दिवस उत्सव कार्यक्रमको अध्यक्षता सूर्य तिमिल्सिनाले गरेका थिए भने उमेश खत्रीले सञ्चालन र रामकृष्णले स्वागत भाषण गरेका थिए। उक्त अवसरमा कारागार

... बाँकी पृष्ठ ७ मा

## दलाल पुँजीवादलाई विस्थापन गरी वैज्ञानिक समाजवाद स्थापना गर्छौं

**अन्तर्वार्ता**

» *महासचिव कमरेड, रातो खबरमा हार्दिक स्वागत छ ।*

धन्यवाद ।

» *सुरुआत एउटा विशेष सन्दर्भबाट गरौँ, नेकपाले हरेक वर्ष मङ्सिर ८ गतेलाई एउटा उत्सवका रूपमा मनाइरहेको छ । यस अवसरमा पार्टीपङ्क्ति र आमजनसमुदायलाई के सन्देश दिन चाहनुहुन्छ ?*

सर्वप्रथम जनलोकप्रिय सञ्चार माध्यम रातो खबरलाई धेरैधेरै धन्यवाद। यो उत्वसको कुरा निकै महत्वपूर्ण छ । खासगरी इतिहासमा कुनैकुनै दिनले नयाँ आरम्भको, नयाँ सुरुआतको सन्देश दिन्छन् । मङ्सिर ८ गते त्यस्तै ऐतिहासिक दिन हो जसले देशको राजनीतिमा ऐतिहासिक र विशिष्ट महत्व राख्छ। यसलाई अर्को अर्थमा भन्दा यो एउटा उत्कर्षको दिन हो। एउटा राजनीतिक सन्दर्भको उत्कर्षको दिन। एउटा प्रक्रिया निधेष गरेर नयाँ प्रक्रिया सुरु भएको दिन हो यो। नेपालको राजनीतिमा जनयुद्धबाट आएको माओवादी पार्टीको नेतृत्व र संसद्वादी पार्टीहरूको गठजोडबाट नेपालको राजनीतिमा प्रतिगमन वा पश्चगमन सुरु भयो, त्यसलाई तोडेको दिन हो । त्यसलाई निषेध गरेर कम्युनिस्ट आन्दोलनलाई एउटा मोड दिएको दिन हो। यो एउटा क्रमभङ्ग पनि हो, आरम्भ पनि हो। नेपाली जनताका लागि सुखद एवम् गौरवपूर्ण दिन हो।

... क्रमशः पृष्ठ ३ मा



**विप्लव**

**महासचिव, नेपाल कम्युनिस्ट पार्टी**

वर्ष ६, अङ्क १६, पूर्णाङ्क २४९
रातो खबर साप्ताहिक

## सम्पादकीय

# कुरीकुरी !

सहरबजारमा चोर, गुन्डा र तस्करहरूबीच 'ग्याङ फाइट' हरू हुन्छन् । जब एउटै स्रोतमा दुई समूहको भागबन्डा मिल्दैन, त्यसपछि गुन्डाहरू एकापसमा भिडन्तमा उत्रिन्छन् । त्यो भिडन्त सामान्य भनाभनदेखि मर्ने र मार्ने अवस्थासम्म पुग्छ । आखिरमा दुवै समूह असामाजिक तत्व हुन् र ती गुन्डा, तस्कर वा चोरहरूको स्वार्थ र लक्ष्य भनेको अर्कोले श्रमपसिना बगाएर जगेडा गरेको वा थन्क्याएको सम्पत्ति लुट्नु र व्यक्तिगत रूपमा ऐसआराम गर्ने सपना सजाउनु हो । कतिपय अवस्थामा राजनीतिक पार्टीका नेताहरूले पनि चोर, डाँका र गुन्डा-आबाराहरूबाटै त्यस किसिमको कला सिक्छन् र आफ्नो जीवनमा प्रयोग गर्छन्/गर्दा रहेछन् । आबारा, लुटेरा र गुन्डाहरूका बीचका ग्याङ फाइटले समाजलाई आतङ्कित बनाउँछ र समाजले गुन्डाहरूको अन्त्यको योजना बनाउँछन् । यतिबेला सरकारी नेकपाभित्र पनि यस्तै झडप भइरहेको छ । गुट र व्यक्तिस्वार्थका लागि एउटै पार्टीका नेता-कार्यकर्ताको हत्यासम्मका उत्रिने र एकले अर्कालाई नाङ्गोभार पार्ने अवस्था आउनुलाई कुनै पनि अर्थमा गुन्डा वा आवाराहरूका बीचको झडपभन्दा माथि राखेर हेर्न मिल्दैन । यो वर्तमान दलाल पुँजीवादी व्यवस्थाको उत्कृष्ट नमुना हो । बुझ्नेहरूले यसलाई कुनै पनि आश्चर्यका रूपमा हेरेका छैनन् ।

विगत केही सातायता सरकारी नेकपाभित्रको कुरीकुरी लाग्ने गरी छ्याङ्गै देखिएको खिचातानी, प्रथम अध्यक्ष एवम् प्रधानमन्त्री केपी वली र द्वितीय अध्यक्ष पुष्पकमल दाहालबीचको घिनलाग्दो आरोपप्रत्यारोप, तानातान, लुछाचुँडी र हिलो छ्यापाछ्यापले दलाल पुँजीवादको असली स्वरूप उदाङ्गो पारेको छ । उनीहरूका आरोपपत्र हेर्दा लाग्छ, कसरी यी पात्रहरूलाई जनताले कम्युनिस्ट पार्टी र नेताका रूपमा मत दिए होलान् र कसरी यी कुनै मूकअमूक पार्टी नेता, अध्यक्ष वा प्रधानमन्त्रीसम्म बने होलान् ! कम्युनिस्टप्रति आकर्षित जनमतको दुरुपयोग गर्दै सत्तामा पुगेर सरकार सञ्चालन गरिरहेका यी दुई नेताले एकअर्कालाई लगाएको अभियोग र लाञ्छना हेर्दा लाग्छ- यी आफ्नो पार्टी, दर्शन, विचार र राजनीतिबाट होइन, नितान्त दलाल पुँजीवादी सत्तास्वार्थका लागि र अन्य शक्तिहरूबाट सञ्चालित छन् वा त्यसभन्दा बढी यिनीहरूको कुनै ल्याकत छैन । आबारा, गुन्डा, डाँकाहरू वा राजनीतिक रूपमै पनि सरकारभन्दा बाहिर रहेका प्रतिपक्षी पार्टीहरूभित्रको विवाद भए जनता र देशलाई सामान्य चासो र चिन्ता मात्र हुने थियो, खासै ठूलो सरोकारको विषय हुने थिएन । विगतमा एमाले-माले विवाद, राप्रपाभित्रका विवाद र मधेसवादी भनिने क्षेत्रीय समूहहरूबीचका विवाद नेपाली जनतालाई कण्ठस्थ छन् र ती विवादको परिणाम पनि जनताले राम्रैसँग चखाइदिएका हुन् । तर 'जनताको मत' लिएको दाबी गर्दै सरकारमा बसेको एउटै पार्टीका यी दुई पात्रहरूको एकापसको विवादले यी एउटै पार्टीका दुईजना नेता नभएर एक-अर्का शत्रु मुलुकका दुई पार्टीका नेताहरू हुन् र यी एकले अर्कोलाई सिध्याएर मात्र आफ्नो भविष्य सुदृढ हुने देखिरहेका छन् भन्ने लाग्छ । नेपालको राजनीतिक इतिहासमै उच्च ओहोदामा बसेका दुई नेता वा एउटै पार्टीका दुई गुटका अगुवाहरूले यसप्रकारका घिनलाग्दा आरोप-प्रत्यारोपहरू लगाएको यो सबैभन्दा निकृष्ट नमुना हो भन्न सकिन्छ ।

दाहालको १९ पृष्ठको र वलीको त्यसको ठीक दोब्बर ३८ पृष्ठको आरोपपत्र हेर्दा र उनीहरूले एकअर्कालाई लगाएको लाञ्छना हेर्दा सन्ध्याकालीन रत्नपार्कका पेटीहरूमा सुनिने संवादहरू पनि कम जँच्छन् । रत्नपार्कका पेटीहरूमा साँझ पर्न थालेपछि मात्र यस्ता मोलमोलाइ, आरोप-प्रत्यारोप र छिनाझप्टीहरू देखिन्छन् । सस्तो यौनबजारमा ग्राहक कुरिरहेकी एउटी बेस्या (माफ गर्नुहोला यहाँ रहरले होइन, बाध्यात्मक रूपमा महिलाप्रति सङ्केत गर्नुपरेको हो) ले आफ्नो ग्राहक खोसिदिने चिन्ताले ग्रस्त अर्की बेस्यालाई लगाउने आरोपभन्दा कुनै पनि मानेमा वली र दाहालका एकापसका लाञ्छनाहरू कम छैनन् । रत्नपार्कमा ग्राहकको हारालुछले त्यस किसिमको निकृष्ट संवाद र झडप उत्पन्न गरेको हुन्छ, सरकारी नेकपामा सत्ता, सरकार र सुखसुविधा हत्याउनका लागि यसप्रकारको आरोप-प्रत्यारोप भइरहेको छ । रत्नपार्कको भाँडभैलो पेट भर्नका लागि बाध्यताको उपज हो भन्न सकिन्छ तर वली र दाहालबीचको भाँडभैलो सत्ताको दोहन र आआफ्ना गुटस्वार्थका बीचको टकराव ! ग्राहक कुर्न जानुअघिसम्म पुरुष वा महिला बेस्याबीच राम्रो मिलन हुन्छ । सँगै बसेर चियाखाजा खान्छन् तर जब ग्राहक रोज्ने समय आउँछ उनीहरूबीचको एकछिन अघिसम्मको मिलाप, मित्रता र एकता खरानी हुन्छ र भुल्लाभुल्ली र जगाल्टाजगल्टीसम्म पुग्छ । सत्ता दोहनको समय वा नेकपामाथिको प्रतिबन्ध र योद्धाहरूको हत्याको योजना र हर्कतसम्म वली र दाहालबीच कुनै विवाद देखिएन तर आज त्यो नराम्ररी सडकमा आइपुगेको छ र यो विखण्डनसम्म पुग्ने आकलन गर्न सकिन्छ । यस्तो अभियोग लगाएर पनि एकै ठाउँमा बस्नुको अर्थ रत्नपार्कको पेटीभन्दा तल झर्नु हो ।

जब सत्ता देशको रक्षा र जनताको भलाइबाट पूर्णतः विमुख हुन्छ र व्यक्ति र गुटस्वार्थमा लाग्छ, त्यसपछि वली र दाहाल वा सत्तालूटका लागि कचिङ्गल समूहहरू जन्मिन्छन् । यो दलाल पुँजीवादको निकृष्ट नमुना हो । यसप्रकारको अभ्यास दलाल पुँजीवाद, पुँजीवाद र साम्राज्यवादी मुलुकहरूमा प्रसस्तै देख्न पाइन्छ । शासनसत्तामा नपुगुन्जेल उनीहरू जनतालाई विकास, समृद्धि र सुखका फोस्रा ललीपपका पुलिन्दा बाँड्दै हिँड्छन् र सत्तामा पुगेपछि विगतका सबै वाचा, बन्धन र प्रतिबद्धताहरू धुलोमा फ्याँकेर उनीहरू कुकुर र बिरालाजस्ता हुँदै एकापसमा झम्टिन र भकुर्न थाल्छन् ।

नेपालको इतिहासमा केपी वली र पुष्पकमल दाहाल एक समयका राजनीतिक 'हिरो' वा नायक र आजको समयका खलनायक हुन् । झापा विद्रोहताका प्रमुख जिम्मेवारीमा रहेर पनि भारततिर भागेका वली र जनयुद्धको नेतृत्व गर्दागर्दै भागेर शत्रुक्याम्पमा पुगेका दाहाललाई नेपाली जनताले हिजो जानीनजानी नायक मानेकै हुन् । केपी वलीको योग्यता भनेको १४ वर्ष जेलजीवन र झापा विद्रोहको ब्याज हो भने दाहालको योग्यता छलछाम र धोकाधडी हो । भारतले नाकाबन्दी लगाएपछि हावादारी भाषण गरेर नेपाली देशभक्त जनमत लुट्ने वली र क्रान्तिकारी जनमत भुटेर दलाल पुँजीवादमा लम्पसार परेका दाहाल दुवैको गठजोड विचार र सिद्धान्तको समाप्तिपछि अस्तित्वरक्षाका लागि भएको आत्मसमर्पण थियो । समाजवाद र साम्यवाद त परै जाओस्, गणतन्त्र र सङ्घीयतासम्मको सपना पनि नदेखेका वली र साम्यवादको सपनासँग दलाल पुँजीवादी महत्वाकाङ्क्षा साटेका दाहालबीचको गठजोड नितान्त व्यक्तिगत, गुटस्वार्थ र सत्तालिप्सामा केन्द्रित थियो भन्ने उदाहरण उनीहरूबीचका यी आरोप-प्रत्यारोपपत्रले राम्ररी दिन्छ ।

नेपाल र स्वाभिमानी नेपाली जनतालाई वली र दाहाल गुटबीचको बाझाबाझ, झडप र मारामारको केही लिनुदिनु र सम्बन्ध छैन । आफ्ना कुत्सित स्वार्थका पोकाहरू लुकाएर पार्टीएकताका नाममा उनीहरूले भुक्याएको नेपाली जनमत यतिबेला आफ्नो निर्णयप्रति अवश्य पश्चाताप गरिरहेको छ । समाजवादको सपना देखाएर दलाल पुँजीवादी थाङ्नामा सुताउने वली र दाहाल अर्थात् वर्तमान सामाजिक फासिवादी सरकारका अगुवाहरूलाई निकट भविष्यले नै राम्रो पाठ सिकाउनेछ ।

# प्रधानमन्त्री केपी वलीलाई कैदीबन्दीको चिठी

**केपी वलीजी, अभिवादन**

तपाईं त निकै नै बिरामी हुनुहुन्छ भन्ने सुनिन्छ, के छ हालखबर ?

तपाईं त विदेशी दलाल हुनुहुन्छ भन्ने खबर सबैतिरबाट आइरहेको छ । महाकाली सन्धि गर्दा नै तपाईंले अकुत कुम्ल्याउनुभएको भन्ने थियो । कालापानी, लिपुलेक, लिम्पियाधुराको नक्सा पाठ्यक्रममा राख्नबाट रोक्दा केकति आयस्ता गर्नुभयो कुनि ? साम्राज्यवादी जासुस सामन्त गोयल र स्थल सेनाध्यक्षसँगको गोप्य बैठकबाट अरू पनि तय भएकै होला !

तपाईंको हैसियत प्रधानमन्त्रीको जस्तो पनि छैन भन्ने सुनिन्छ । तपाईं जनयुद्धविरोधी हुनुहुन्थ्यो भन्ने कुरा त हामीलाई राम्रैगरी थाहा थियो । तपाईंले गणतन्त्र ल्याउने आन्दोलनलाई बयलगाडा चढेर अमेरिका जानुजस्तै दुःसाध्य हो भनेर खिस्याउनुभएको हिजैजस्तो लाग्छ । तपाईंको पार्टी एमालेसँग जनयुद्धकालीन प्रचण्ड (हाल फेरि पुष्पकमल दाहाल) ले विचारबाट विचलन भएपछि मात्र एकता गरेको पनि हामीलाई राम्रोसँग थाहा छ । तपाईं त झापा विद्रोहका कलङ्क हुनुभयो । यो पनि हामीलाई थाहा भएकै कुरा हो । दुई कलङ्कहरूका बीचको सत्तास्वार्थप्रेरित गठबन्धनको हालत पनि दुनियाँले अहिले देखिरहेको छ, तपाईंले नदेख्ने कुरै भएन ।

नेपालको राष्ट्रियता र भारतीय साम्राज्यवादको भूगोलसँग जोडिएको नेपालको सीमा समस्याका बारेमा तपाईंमा ठूलो समस्या अवश्य छ । तपाईंले अमेरिकी साम्राज्यवादी, राष्ट्रघाती परियोजना एमसीसी पास गर्नलाई घुँडा टेकिरहनुभएको छ । तपाईं र प्रचण्ड मिलेर नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाएको पनि ताजै छ । कम्युनिस्टको नाम लिएर विश्व कम्युनिस्ट आन्दोलनको बदनाम गर्नुभएको छ । यो सबैलाई स्पष्ट छ ।

वलीजी, तपाईंले दलाल राज्यव्यवस्था र सरकारको प्रतिनिधित्व गर्नुभएको छ । यसमा सबैको एकमत छ । तपाईं त निरङ्कुश भैसक्नुभएको छ । कोरोनाको कहरमा पनि भ्रष्टाचार गर्न छोड्नुभएन । गरिब नेपाली जनतालाई लुट्न छोड्नुभएन । उल्टै यस्तो महामारीमा पनि जनतालाई उपचारसमेत गर्नुभएन । तर तपाईंले आफ्नो उपचारमा भने जनताले तिरेको करबाट कति खर्च गर्नुभयो ? त्यसको हिसाबकिताब जनताले अवश्य खोज्नेछन् । तपाईंले नेपाल कम्युनिस्ट पार्टीका नेता-कार्यकर्तालाई गोली हानी मार्नुभयो, ज्यानमारा हुनुभयो । गिरफ्तार गर्ने, यातना दिने, हिरासतमा राख्ने, झुट्ठा मुद्दा लगाउने, अनावश्यक दुःख दिने, झुट्ठा मुद्दा लगाएर जेलसमेत हाल्नुभयो । हामी ५ महिला र ११ पुरुषसमेत १६ जना नेकपाका नेता-कार्यकर्तालाई गिरफ्तार गरी बाजुरा र अछाम जिल्ला कारागारमा राख्नुभएको छ । झुट्ठा मुद्दा लगाउँदा बाजुराका तत्कालीन डीएसपी उद्धवसिंह भाटले भनेका छन्- प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रामबहादुर थापा 'बादल' र तत्कालीन आईजीपी सर्वेन्द्र खनालले आदेश गरेअनुसार नै मैले यो सब गरेको हुँ । माथिकै निर्देशनका आधारमा मैले गरेको हुँ । डीआईजीलाई नसोधीकनै खोस्टा पेस्तोल, राइफलका गोलीलगायत सामानहरू जम्मा गरी नक्कली हस्ताक्षर गरेको र मुद्दा चलाएको हो भनी भाटले भनेका छन् । यसरी ६८ दिनसम्म हिरासतमा राखी यातना दिई हैरान गराउने पनि माथिकै निर्देशन हो भनेका छन् । त्यसो भए तपाईंलाई पनि त जनअदालतले म्याद तामेल गरेको छ । किन हाजिर हुनुभएन ? अब तपाईंहरूलाई पनि जनतालाई दुःख दिएको, दलाली गरेको, भ्रष्टाचार गरेको, राष्ट्रघात गरेकोमा आवश्यकताअनुसार कारबाही हुनेछ ।

वलीजी, तपाईंहरू फुट्नु वा जुट्नुमा कुनै अर्थ छैन किनभने तपाईंहरू त फुटे पनि जुटे पनि आखिर संसदीय व्यवस्थाको सेवा गर्ने दलाल नै हुनुहुन्छ । तपाईंहरूका कार्यकर्ता इमानदार पनि छन् । अब तपाईंहरूलाई सधैँ साथ



देलान् भन्ने आशा नगरे हुन्छ । सेना, प्रहरी र कर्मचारी पनि तपाईंहरूदेखि वाक्क भैसकेका छन् । होस गर्नुहोला ! अब तपाईंहरूको अवधि सकियो ।

मलाई एउटा अचम्म लागेको छ, राष्ट्रपतिले त तपाईंले प्रस्ताव राख्नेबित्तिकै सही पो गर्नुहुने रहेछ । फेरि छिट्टै खारेज गरौँ भन्ने प्रस्ताव राख्दा यति छिट्टै फेरि पनि हस्ताक्षर ठोक्न सिपालु हुनुहुँदो रहेछ । भनेलु ज्ञानी पो हुनुहुँदो रहेछ । कति सिपालु है ? त्यसो भए तपाईंको अहिले झन्डै दुई तिहाइको सरकार छ । तपाईं वैज्ञानिक समाजवादको प्रस्ताव लिएर राष्ट्रपतिकहाँ जानुस् न, राष्ट्रपतिले तत्काल सही ठोक्न पास गर्दिहाल्नुहुन्छ ! तर तपाईं त्यसो गर्नुहुन्न किनकि तपाईं दलाल र भ्रष्टहरूको संरक्षक भैसक्नुभएको छ । अब तपाईंको विश्वास छैन, तपाईंहरूको यस्तै पारा हो भने देश नै बेच्नसक्ने सम्भावना बढेर आयो । जनतालाई धोका दिइरहनुभएको छ । तपाईं त अपराधी राष्ट्रघाती भैसक्नुभयो । अब सत्ता र सरकार दुवै छोड्नुहोस् । सत्ता जनतालाई नेकपाको नेतृत्वमा छोडिदिनुस्, हामी जिम्मा लिन तयार छौँ । तपाईंको स्वास्थ्यलाई ख्याल गर्नुहोला । खर्च चाहिएमा कैदीबन्दीका लागि छुट्याउनुभएको दैनिक ६० रुपैयाँमध्ये बचाएकोबाट पठाइदिउँला ।

वलीजी, हिरासत र जेलमा रहेका राजनीतिक नेता र कार्यकर्ताको क्षतिपूर्ति कसले दिने हो ? हाम्रो १६ जनाको भने तपाईं, रामबहादुर थापा 'बादल', तत्कालीन आईजीपी सर्वेन्द्र खनाल र बाजुराका तत्कालीन डीएसपी उद्धवसिंह भाटले आत्मसन्तुष्टिबाट लिनुहुनेछ ।

धन्यवाद ।

**चूडामणि ओली 'आदर्श'**
केन्द्रीय सदस्य, नेपाल कम्युनिस्ट पार्टी
हाल : बाजुरा कारागार

# कारागारभित्रै बस्यो नेकपाको समीक्षा बैठक

## बन्दीहरूद्वारा प्रधानमन्त्रीदेखि डीएसपीसम्मलाई जनकारबाही गर्न माग

■ **रातोखबर संवाददाता/काठमाडौं**

बाजुरा कारागारमा रहेका नेकपा कम्युनिस्ट पार्टी समितिको वार्षिक समीक्षा बैठक सम्पन्न भएको छ । कारागारभित्रै भएको वार्षिक समीक्षामा सहभागी नेता तथा कार्यकर्ताहरूले २०७६ कात्तिक २२ गते गिरफ्तार भएदेखि यता भएका कामहरूको उपलब्धिको समीक्षा गरेका हुन् ।

धर्मेन्द्रको अध्यक्षतामा भएको समीक्षा बैठकमा नेकपाका केन्द्रीय सदस्य चूडामणि ओली 'आदर्श', नेताहरू धर्मराज सुनार, डम्बरबहादुर सुनार, अमलाल थापा, धर्मसिंह बोहोरा, धर्मबहादुर थापा, कृष्णबहादुर विक, डबलबहादुर नेपाली, राजेशकुमार शाही, नरेश शाही, उदय कसेरालगायतले वार्षिक कामहरूका बारेमा आआफ्ना रिपोर्ट राखेका थिए ।

रिपोर्टमा गिरफ्तार भएदेखि हिरासत हुँदै कारागारसम्मको अनुभव र कामहरूको विषय उल्लेख गरिएको समाचारमा जनाइएको छ । प्रहरीले गिरफ्तार गर्दा, हिरासतमा बस्दा यातना दिएको, झुट्ठा मुद्दा लगाएर नक्कली सहीछाप गराएको विषयलाई पनि रिपोर्टमा उल्लेख गरिएको छ ।

बैठकले खास गरेर प्रधानमन्त्री केपी वली, गृहमन्त्री रामबहादुर थापा, तत्कालीन आईजीपी सर्वेन्द्र खनाल, तत्कालीन बाजुरा जिल्लाका डीएसपी उद्धवसिंह भाटले यसप्रकारको अमानवीय र आपराधिक कार्य गरेको समीक्षा गरेको जनाइएको छ ।

रिपोर्टमा भनिएको छ, 'हिरासतमा हामीलाई यातना दिँदै बाजुराका तत्कालीन डीएसपी उद्धवसिंह भाटले पकटपकट मेरो सम्पर्क डीआईजीसँग नभएर सीधै आईजीपीसँग हुन्छ भनेका छन् । प्रधानमन्त्री र गृहमन्त्रीले यातना दिनू भनेर आईजीपीलाई भनेको र आईजीपीकै आदेशमा यहाँ यातना दिइन्छ ।'

त्यस्तै झुट्ठा मुद्दामा नक्कली सहीछाप गराएको, बिग्रेको खोस्टा पेस्तोल, तीनवटा राइफलका गोली र अन्य सामानहरू जुटाएर १६ जनालाई झुट्ठा मुद्दामा फसाइएको रिपोर्टमा उल्लेख छ ।

यसरी आफूहरूलाई यातना दिने, झुट्ठा मुद्दामा फसाउने, नक्कली हस्ताक्षर गर्ने काम बाजुराका तत्कालीन डीएसपी भाटले गरेको र तत्कालीन आईजीपी खनाल, गृहमन्त्री थापा र प्रधानमन्त्री वलीले आदेश दिएकाले चारैजनालाई जनकारबाहीका लागि पार्टीसँग आग्रह गर्ने समीक्षा बैठकले गरेको जनाइएको छ । यी सबै कुराहरू पार्टीमा पुगेको र एक दिन जनकारबाही हुने केन्द्रीय सदस्य आदर्शले बताएका छन् ।

त्यस्तै ६८ दिनसम्म हिमपात भैरहेको अवस्थामा एक कप चियासम्म खान नदिएको, घाम ताप्न नदिएको, शौचालय अँध्यारो बनाइदिएकाले शारीरिक पीडा र बिरामी भएको गुनासो समीक्षामा कार्यकर्ताहरूले गरेका थिए । उनीहरूले क्षतिपूर्ति र कारबाहीको मागसमेत गरेका छन् ।

कारागार चलान भैसकेपछि पनि बन्दीले बन्दी कुट्ने, हतकडी लगाउने, सामान किन्दा कमिसन खानेलगायत समस्या भएको विषयमा बैठकमा समीक्षा भएको समाचारमा उल्लेख छ । तर अहिले कारागारमा सुधार गरिएको उनीहरूले बताएका छन् ।

पार्टीको पहलमा सामानमा कमिसनको अन्त्य गरिएको, पार्टी नेता-कार्यकर्ताको फोटो खिच्न आउनेहरूलाई लखेटिएको, सबैको आम्दानी साफा बनाइएको, फोन कलमा शुल्क घटाइएको समीक्षा पनि बैठकले गरेको छ । कारागारभित्र पार्टीको सातौँ पुनर्गठन दिवस मनाइएको, नेता निडरको श्रद्धाञ्जलीसभा आयोजना गरिएको, विभिन्न भ्रष्टाचार, अनियमितता र भारतले सीमा मिचेको विरोधमा आन्दोलन गरिएको पनि रिपोर्टमा उल्लेख गरिएको जनाइएको छ ।

अब जेल र हिरासतमा रहँदा पनि पार्टीको निर्देशनमा आफूहरूले काम गरेर सहयोग गर्ने नेकपाको बन्दी नेता-कार्यकर्ताहरूले बताएका छन् ।

**बैठकले गरेको उपलब्धिको समीक्षा र निर्णयहरूको पूर्ण विवरण यसप्रकार रहेको छ :**

१) बाजुरा जिप्रकाको हिरासतको प्रतिरोध क्रान्तिका लागि ठूलो सफलता भएको छ ।

२) गृहमन्त्री रामबहादुर थापा, आईजीपी सर्वेन्द्र खनाल र बाजुराको तत्कालीन डीएसपी उद्धवसिंह भाटको मिलोमतोमा खोस्टा पिस्तोल र राइफलका गोलीहरूको बन्दोबस्त मिलाई नक्कली सही गरी लगाएको झुट्ठा मुद्दाको जिल्ला अदालत बाजुरामा भन्डाफोर बयानले यो राज्यसत्ताको पतन भएको छ ।

३) झुट्ठा मुद्दा हो भनी थाहा पाएर पनि नबुझेझैँ गर्ने र छुट्याउन नसक्ने राजनीतिमा मुछिएको न्यायप्रणाली पनि कमजोर भएको छ ।

४) प्रगतिशील क्लास तथा छलफल कार्यक्रम नियमित रूपमा चल्नाले बन्दीहरूलाई विचारमा दृढता ल्याएको छ ।

५) पच्चीसौँ जनयुद्ध दिवस राजनीतिक, वैचारिक रूपमा औपचारिक रूपमा भव्य रूपमा मनाउनु उपलब्धिमूलक रहेको छ ।

६) दार्चुलामा भारतले अतिक्रमण गरी सडक बनाएको विरोधमा २०७६/११/४ गते जेलभित्र नारा, जुलुस गरी कोणसभा गरेको महत्वपूर्ण कार्य रहेको छ ।

७) २०७७ साल वैशाखमा गर्मीयाममा पाउने पोसाकका बारेमा सङ्घर्ष गरी रु. २,००० बाट २,४०० बनाइएको छ ।

८) जेल प्रशासनले प्रत्येक कैदीबन्दीलाई अनावश्यक रूपमा मुद्दाको प्रकृति र तीनपुस्ते खुलाई लेखिएको बोर्ड छातीमा राखी फोटो खिच्न लाग्दा राजनीतिक बन्दीको नेतृत्वमा लखेटिएको छ ।

९) दसैँका नाममा बन्दीलाई दिइने खर्च रु तीन सय बहिष्कार गरिएको छ ।

१०) २०७७ भदौ १३ गते धनबहादुर मल्लको श्रद्धाञ्जलीसभा गरिएको छ ।

११) नेपाल कम्युनिस्ट पार्टीको सातौँ पुनर्गठन दिवस भव्य रूपमा मनाइएको छ ।

१२) जेलभित्र टेलिफोन (ल्यान्ड लाइन) व्यक्तिले चलाउने र चर्को शुल्क लिनु गरिन्थ्यो । राजनीतिक बन्दीको पहलमा यही २०७७ मङ्सिर १ गतेदेखि संस्थागत कोष खडा गरी संस्थागत रूपले सञ्चालन गर्ने र प्रतिमिनेट रु एकका दरले सञ्चालन गर्ने निर्णय गरिएको छ ।

१३) उपभोग्य सामानमा कमिसन खाने चलनको भन्डाफोर गरी कमी गराइएको छ ।

१४) रक्सी, जाँड, गाँजा, तास (जुवा) खेल्न वैचारिक रूपमा स्पष्ट बनाई छलफल गरी नियन्त्रित गरिएको छ ।

१५) चौकीदार वा नाइकले बन्दी कुट्ने, सम्बन्धित पक्षलाई भनी हतकडी लगाउने चलनको अन्त्य गरिएको छ ।

१६) सीडीओ, डीएसपी (सशस्त्र आर्मी पनि) का जिल्ला स्तरका प्रमुख आएको समयमा नेपाल सरकारले लगाउने झुट्ठा मुद्दा, यातना, अमानवीय व्यवहार जनतालाई गरेको भन्दै राजनीतिक दलसँग मिली डीएसपी उद्धवसिंह भाटकैँ नगर्न भनी भन्डाफोर गरिएको छ ।

१७) भान्साघर नहुँदा बन्दी धौलाबहादुर शाहीले कारागार शाखाको अनुमति लिई रु १७ हजार लगानी लगाएको र शाखाले पैसा नदिएको विरुद्धमा सङ्घर्ष गरी पैसा असुल गरिएको छ ।

१८) जेलमा पटकपटक अप्रेसन गर्ने र बन्दीहरूको पैसा लुट्ने काम भएको छ । त्यसपछि प्रतिरोध गरी पैसा फिर्ता गराइएको छ ।

१९) हेमन्तप्रकाश ओली 'सुदर्शन', भरत बम 'रणवीर', चन्द्रबहादुर चन्द 'वीरजङ्ग', अनिल शर्मा 'विरही', ओमप्रकाश पुन 'निर्माण', माइला लामालगायत देशैभरि हिरासत र जेलमा रहेका बन्दीहरूलाई बिनासर्त छोड्न माग गर्दै सङ्घर्ष गर्ने निर्णय गरिएको छ ।

२०) सूचनासञ्चारका कुनै पनि स्रोतसाधनहरू कारागारभित्र राख्न पाउने अडान कारागारभित्रका राजबन्दीहरूलगायत बन्दीहरूको रहेको सम्बन्धमा त्यसका बारेमा आन्दोलन गर्ने निर्णय गरिएको छ ।

२१) दैनिक ७०० ग्राम चामल र ६० रुपैयाँले नपुग्ने भएको कारण यसलाई बढाउनुपर्ने निर्णय गरिएको छ । जेल सुधारतिर होइन, यातनागृह भएको संश्लेषण गरिएको छ ।

यी सबै विषय बाजुरा कारागारका मात्र नभई नेपालभरिको समस्या भएको र तुरुन्त सुधार गर्न आह्वान गरिएको छ ।

समीक्षा बैठकको संश्लेषण गर्दै नेकपाका केन्द्रीय सदस्य चूडामणि ओली 'आदर्श' ले राजनीतिक, वैचारिक, संस्थागत, आर्थिक, सङ्घर्षका कारण हाम्रो जेलमोर्चाले आमजनता र देशलाई मुक्त पार्ने र क्रान्तिलाई टेवा पुऱ्याउने बताएका थिए ।

पृष्ठ १ बाट क्रमशः

# दलाल पुँजीवादलाई विस्थापन गरी वैज्ञानिक समाजवाद स्थापना गर्छौं

» ***नेपाल कम्युनिस्ट पार्टीलाई सरकारले प्रतिबन्ध लगाएको छ । प्रतिबन्धले यो पार्टीलाई सकारात्मक र नकारात्मक रूपले के प्रभाव पारेको छ ? यसले समग्र रूपमा कम्युनिस्ट आन्दोलन वा नेपालको राजनीतिक आन्दोलनलाई के प्रभाव पारेको छ ?***

मङ्सिर ८ गते प्रचण्ड र बाबुरामसँगको लडाइँ उत्कर्षमा पुगेर वा अन्त्य भएर नेपालमा नयाँ सुरुआत भयो। स्वाभाविक रूपले त्यसका क्रिया-प्रतिक्रियाहरू अगाडि आए । हामीले भनेका थियौँ- स्वाभाविक रूपले नेपाली समाजको रूपान्तरण वा देशको रक्षाका लागि वा नेपाली जनताको पूर्ण अधिकार प्राप्तिका लागि नयाँ आरम्भ हो । त्यहीअनुसार हामीले कामहरू पनि अगाडि बढायौँ । खासगरी जनताका अधिकारहरूमाथि हस्तक्षेप हुँदा देशलाई क्षति पुग्ने र घाटा लाग्ने काम हुँदा, आर्थिक र राजनीतिक कामहरू हुँदा हाम्रो प्रतिरोध सुरु हुँदाखेरि राज्यले हामीमाथि दमन सुरु गऱ्यो । हामीलाई प्रतिबन्ध घोषणा गऱ्यो। यो पनि विवादमा छ। सरकारले यो पार्टीलाई प्रतिबन्ध होइन, गतिविधिमाथि प्रतिबन्ध लगाएको हो पनि भन्ने गरेको छ। तर समग्र जनताले बुझेको कुरा यो पार्टीमाथिको प्रतिबन्ध हो । यो हाम्रानिम्ति चुनौती र अवसर दुवै बनेको छ। यो खुसीको कुरा पनि बन्ने गरेको छ। माओ त्सेतुङले एकपटक भन्नुभएको थियो- कहिलेकहीँ जनताका विरोधीहरूले पनि गुरुको काम गर्दछन् । विभिन्न खालका आशङ्काहरू भएको सन्दर्भमा प्रतिबन्धले हामीलाई जनतामा फर्किनका लागि, जनतासँग नयाँ आधारमा सहकार्य गर्नका लागि, जनतासँग नजिकमा बसेर सेवा गर्ने अवसर पनि बनाइदिएको छ। हामीलाई जनतामा फर्काएको अर्थमा हामीले केपी वलीजी र यो सरकारलाई धन्यवाद नै दिनुपर्छ। अर्को अर्थमा हामीलाई चुनौती पनि भयो। जनताका पक्षमा बोल्दा, राष्ट्रका पक्षमा बोल्दा, भ्रष्टाचारका विरुद्ध बोल्दा, ठगी धन्दा र महँगीका विरुद्धमा बोल्दा लगाइएको प्रतिबन्धले स्वाभाविक रूपमा केही चुनौती र अप्ठेराहरू परेका छन्। त्यसको सामना गर्दै गएका छौँ । हाम्रो पार्टीको निष्कर्ष के छ भने हामी जनताका पक्षमा उभिएको परिणाम नै हामीमाथिको प्रतिबन्ध हो । यसमा धेरै चित्तदुखाइ छैन । हामी जनताका पक्षमा उभिएका कारण नै यस्तो हुन पुगेको हो । यसलाई बिस्तारै अन्त्य गर्दै जाने र जनताले देख्ने गरी उपलब्धि ग्रहण गर्नुपर्दछ भन्ने लाग्छ।

» ***एउटा कम्युनिस्ट नाउँको पार्टीले अर्को कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाउने कुरा कत्तिको जायज हो ? यसलाई आमजनताले कसरी बुझ्ने ?***

निश्चय नै हामीले व्यावहारिक ढङ्गले पनि यो कुरा बुझ्यौँ। जब प्रतिबन्धको घोषणा गरियो हामीले पनि प्रतिरोध अगाडि बढायौँ। हामी बसेको ठाउँमा जनताले पनि अथवा हाम्रा मित्रहरूले, बुद्धीजीवीहरूले पनि यही जिज्ञासा पर्याप्त रूपमा गरेको र हामीले पनि अनुभूत गरेको के हो भने एउटा कम्युनिस्ट पार्टीको नाम लिने शक्ति लगभग २ तिहाइको बहुमतसहित सरकारमा छ। अर्को कम्युनिस्ट पार्टी फेरि प्रतिबन्धमा छ। उताबाट प्रतिबन्ध लगाइएको छ। यतातिरबाट प्रतिरोध भैरहेको छ। जनतालाई पनि एक छिन बुझ्नका लागि असहज भएको जस्तो, यसलाई पकड्नमा पनि अप्ठेरो, असजिलो भएको जस्तो महसुस भएको थियो । यद्यपि यो नेपालको मात्र नौलो अनुभव थिएन। अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहासमा पनि हामी यस्तो अनुभव भेट्टाउँछौँ। रुसमा पनि यस्तो भएको थियो । मेन्सेबिकहरूले बोल्सेबिकहरूलाई यस्तै व्यवहार गरेका थिए। जर्मनीमा त झन् कम्युनिस्ट नामकै गृहमन्त्री भएर दमन गरेको, रक्तपात मच्चाएको कुरा पनि हामीलाई थाहा छ। भारतमा पनि त्यस्तो अनुभव छ। यद्यपि नेपालको हकमा भने यो नौलो अनुभव हो। हिजो एमाले र माओवादी हुँदा पनि अलिअलि यस्तो खालको अनुभव भएको हो। तर अहिले उत्कर्षमा यो अनुभव भएको हो। हामीले के भनेका छौँ भने यो दुई वर्षको व्यावहारिक अनुभवबाट हामीले पहिलो कुरा त केपी वलीको सरकारले के भन्यो भने हामीले गलत बाटो लिएकाले, हत्याहिंसाको बाटो लिएकाले, सशस्त्र सङ्घर्षको बाटो लिएकाले प्रतिबन्ध लगाउनुपऱ्यो भने। हामीले के भन्यौँ भने अहिलेको सरकारले जनविरोधी प्रवृत्तिको नेतृत्व गरेकाले, दलाल पुँजीपति वर्गको नेतृत्व गरेको र जनताको हितविपरीतको कार्य गरेको हुनाले हामीले यो बाटो लियौँ। यो बीचमा अहिले व्यावहारिक रूपले के साबित हुन्छ भने जनताले पनि देख्ने गरी वा सरकार, यो राज्य वा व्यवस्था श्रमिक जनता, किसान, मजदुर, दलित, महिला अथवा कसैको पनि हितमा काम गर्दैन। यो सरकार नै जनताका विरुद्ध छ भन्ने जनताले प्रत्यक्ष अनुभूति गरेको अवस्था हो । अर्को कुरा के हो भने कम्युनिस्ट भने पनि केपी-प्रचण्डहरूले अहिले कम्युनिस्ट पार्टीको नेतृत्व गर्नुहुन्न, दलाल पुँजीपति वर्गकै रक्षा गर्ने, एउटा वर्गको रक्षा गर्नुहुन्छ हामीले भनेका थियौँ। यो सही हो र जनताले बुझ्दै गएका छन्। यस अर्थमा हामीलाई ठिकै पनि लागेको छ।

» ***अहिले विश्व र नेपाल पनि कोरोना महामारीले आक्रान्त छ । नागरिकहरूको जीवनस्तरका, रोजीरोटीको समस्या जटिल छ । किसानहरूहरूको अवस्था सङ्कटमा छ। यो अवस्थामा मध्यम वर्गको अवस्था पनि जर्जर छ। आर्थिक अवस्था पनि जर्जर छ। सरकार भनेको कोरोनाको उपचारको त कुरै छोडौँ, परीक्षणसमेत गर्न नसक्ने अवस्था छ। जनताको अवस्था दयनीय छ। यो समग्र परिस्थितिलाई कसरी विश्लेषण गर्नुभएको छ ?***

केपी वली सरकार बनेदेखि नै हामीले भनेका थियौँ, यो संविधान जनताको संविधान होइन। देशमा जुन खालको आमूल परिवर्तनको सम्भावना थियो, त्यसलाई रोकेर फेरि पनि घुमेर दलाल पुँजीपति वर्गकै पक्षमा, उसकै संरक्षणमा लेखिएको संविधान हो भनेको थियौँ। जब सत्ता जनताको हातमा हुँदैन, जनताको हातमा सत्ता नहुँदासम्म जुनसुकै व्यवस्थाको नाम दिए पनि, सरकारमा गए पनि हुनेचाहिँ जनताकै, देशकै विरुद्धमा हो। त्यही भएर हामीले अलग पार्टी पनि बनायौँ, सङ्घर्ष पनि गऱ्यौँ । यो एउटा पाटो थियो। यो कुरा सीधै मान्छेहरूलाई घुसेको थिएन। हामीले भनेकै थियौँ- केपी-प्रचण्डहरूले जिते पनि जनतालाई खास दिनसक्ने केही होइन । काङ्ग्रेस त झन् काङ्ग्रेस नै भैहाल्यो । यही अवस्थामा यो संविधान र यो संसदीय व्यवस्था हुँदैन भनेर हिजो हामीले भनेकै थियौँ । तर मान्छेलाई एकपटक हेरौँ न त भन्ने थियो । चुनावमा दुई तिहाइको सरकार आएपछि जनताका केही अपेक्षाहरू पनि थिए । केपी वली सरकारले केही गर्ला र गर्नुपर्छ भन्ने अपेक्षा पनि मान्छेमा थियो । राजनीतिक, सैद्धान्तिक ढङ्गले हेऱ्यौ भने सक्दैन भन्ने प्रस्ट नै थियो । तर व्यावहारिक ढङ्गले हेर्दाखेरि कस्तो थियो भने केही गरिहाल्छ कि त भन्ने थियो। अहिले व्यावहारिक रूपले के साबित भयो भने कोरोना महामारी कि त राष्ट्रियता, जनतन्त्र, जनजीविकाका सवालहरूमा केपी वलीजीको सरकारले फेल खाएको छ अथवा यो व्यवस्थाले फेल खाएको छ। यसले के देखाउँछ भने जनताले नै आफ्नो शासन व्यवस्थामा आफ्नो हैसियत अथवा आफ्नो स्वामित्व लिने अवस्था नपुगेसम्म, शोषणकारी प्रणाली अन्त्य नभएसम्म जनताको हितमा काम हुँदैन भन्ने कुरा साबित गर्दछ । कतिसम्म भने एकातिर कोरोनाले जनतालाई सङ्कटमा पार्दै ल्याएको छ, अर्कोतिर कोरोना नै व्यापारको विषय बनिरहेको छ। रोगलाई दलालहरूको मुनाफाका लागि व्यापार गर्ने अथवा लाखौँ मान्छे सङ्कटमा पर्ने तर सीमित मान्छेहरू व्यापार गर्नेतिर र अर्बौं कुम्ल्याउनतिर लाग्छन्। यो के हो त भन्दा यो व्यवस्थाले नै मुठीभर मान्छेको संरक्षण गर्दछ। अहिलेको कोरोना भ्रष्टाचारलगायत सबै कुराले यही साबित गरेको हामी देख्छौँ।

» ***सरकारले जनतासँग गरेका बाँचा पूरा गर्न सकेन । यसले जनतामा निराशा त पैदा गरेको छ नै, यसका साथै सरकारी नेकपाको आन्तरिक कलहका कारण पनि त्यहींभित्र र बाहिरसमेत अब सरकारको विकल्प वा व्यवस्थाको विकल्प चाहियो भन्ने विषयमा बहस र विश्लेषण भइरहेका छन्। यो सबै समस्याको समाधान के हो ?***

यो विषयमा हामीले पहिले नै भनेका छौँ । केपी र प्रचण्डजीहरू मिलेर नेपालमा नयाँ सुरुआत भयो भनेर एकदम ठूलो हल्ला गर्नुभयो । राष्ट्रिय सभागृहबाट हामीलाई समेत एकतामा ल्याउने र सँगै जानुपर्दछ भन्नुभयो । हामीले के भन्यौँ भने एउटा सुस्पष्ट विचार र दृष्टिकोणमा केन्द्रित नभएका एकता र सहकार्यहरू टिकाउ हुँदैनन् र त्यसले झन् ठूला समस्या लिएर आउँछ भनेका थियौँ । दोस्रो कुरा, केपी-प्रचण्डको एकता कुनै विचार तथा नीतिमा भन्दा पनि अस्तित्व सङ्कटले ल्याइदिएको बाध्यात्मक परिस्थितिको परिणाम थियो । उता काङ्ग्रेस एक ढङ्गले आइरहेको र अरू पार्टीहरूको एउटा बनेको अवस्थामा प्रचण्डहरू र केपीहरूले पनि सत्तामा पुग्नुपर्दछ भन्ने आशङ्का राखेको अवस्थामा कतापट्टि गठबन्धन गरेर आफ्नो शक्तिलाई उठाउन सकिन्छ ? कम्तीमा अस्थायी रूपमा भए पनि केन्द्रमा पुग्ने भन्ने मनस्थितिले यस्तो एकता बनेको थियो। त्यो एकताको केन्द्रमा देश र जनताका पक्षमा केही गर्ने भन्दा पनि जसरी पनि सत्तामा पुग्ने र आफ्नो स्वार्थ पूरा गर्ने, आआफ्नो समूहको संरक्षण गर्ने र जसरी पनि केन्द्रमा पुग्ने देखिन्थ्यो । एकैपटक धेरै मान्छेले सत्ताबाट समान अवसर पाउने समान हैसियत लिने भन्ने कुरा त सम्भव हुँदैन नि ! त्यहाँ त्यागभन्दा पनि अवसरको खोजी मात्र थियो । त्यसैले त्यो एकता दीर्घकालसम्म जाने भन्ने थिएन। त्यहाँ एउटा अन्तरविरोध आउँछ भन्ने नै थियो र आयो पनि । उहाँहरूको अन्तरविरोधले राज्यकै चरित्र देखाउँछ व्यवस्थाकै चरित्र देखाउँछ। यो व्यवस्थामा जनताको व्यवस्था निर्माण गर्ने, जनताको स्वाधीनता सुनिश्चित गर्ने दृष्टिकोण छैन । यो व्यवस्थाको केन्द्रमा पुग्नु भनेको सुविधा पाउन र अवसर लुट्न पुग्ने हो भन्ने चिन्तनले काम गरेपछि यो अन्तरविरोध त स्वतः आउँछ नि ! एउटा रमाइलो कुरा के छ भने सत्तामा बसेका त बसेका भैहाले, अरू पार्टीको पनि जनताको जीवन र भविष्य निर्माण गर्नेभन्दा पनि व्यक्तिगत खिचातानी र स्वार्थमा अल्झिएको अवस्था छ । अब देश र जनताको स्वार्थलाई केन्द्रबिन्दुमा राखेर काम गरे पो हुन्छ। त्यहाँ त्याग हुन्छ, सर्मपण हुन्छ, एकता हुन्छ । हैन भने आआफ्नो जत्था, समूह र गुटको मात्र संरक्षण गर्ने हो भने त अन्तरविरोध ल्याउँछ । किचलो ल्याउँछ । त्यसले देशलाई नै समस्यामा पार्छ। यसभित्रको लडाइँले के देखाउँछ भने दलाल पुँजीपति वर्ग र दलाल पुँजीपति सत्ताको चरित्र यस्तो हुन्छ भन्ने कुरा छर्लङ्ग देखाएको छ।

» ***सत्तामा रहेको पार्टी जसले जनतालाई जुन आशाहरू देखाएको थियो, त्यो त पूरा गरेन नै । सरकारले जनताका आशाहरू पूरा गर्न नसकेपछि जनता निराश भएका छन् । सडकमा जनताका असन्तुष्टिहरू व्यक्त भैरहेका छन् तर त्यसले कुनै ठूलो आन्दोलनको अवस्था सिर्जना गरेको छैन । अहिलेका जनता र समग्र देशको समस्याको समाधान के हो अथवा यसको निकास के हो ?***

पहिलो कुरा सरकारमा बसेको कम्युनिस्ट पार्टीभित्र अन्तरविरोध पैदा भएपछि जनतामा केही निराशा छायो । जनतालाईचाहिँ एकपटक प्रचण्ड, केपी, माधव नेपाल, झलनाथ खनालहरू एकै ठाउँमा भएको पार्टी हेर्न मन थियो अथवा पूर्वएमाले र पूर्वमाओवादी केन्द्र मिलेर एक ठाउँमा भएको पार्टी जनतालाई हेर्न मन थियो। हामीले त भनेका थियौँ- यो हुँदैन भनेर । तर छोटो समयमै आन्दोलनबाट आन्दोलन र क्रान्तिबाट क्रान्तिमा जाने चेतना जनताको बनिसकेको हुँदैन। त्यसैले मानिसहरूलाई एकपटक मिलेको पार्टी हेर्ने मन थियो। हेरिसकेपछि जनतामा निराशा त थियो तर मानिसहरूले भनिरहेका छन्- नेकपाले त उहिल्यै भनेको थियो नि। हामीले पार्टी पुनर्गठन गरेर अघि बढाएको कुरा यो हाम्रो होइन, जनताकै कुरा थियो । अब यो संसदीय व्यवस्था र दलाल पुँजीवादी सत्ताले जनताको हितमा काम गर्दो रहेनछ भन्ने कुरा पुष्टि भयो नि त। अब केही नयाँ गर्नुपर्छ, केही नयाँ विकल्प चाहिन्छ भन्नेचाहिँ जनतालाई लागेको छ। अर्को कुरा अब मध्यम वर्ग, व्यवसायीहरूले पनि नयाँ विकल्प के हो त भन्ने कुरा खोजिरहेका छन् । आज बहस घुमिरहेको छ। काङ्ग्रेसले के गर्न खोजेको छ भने व्यवस्थाको कुरा होइन, यो कम्युनिस्ट पार्टीको मात्र समस्या हो भनिरहेको छ। कम्युनिस्ट पार्टीको यो कचिङ्गल विघटनमा गएर फुट होला, योबाट हामी आत्तिनु हुँदैन । विकल्प भनेको काङ्ग्रेसको सरकार हो भन्याजस्तो तर्क गरेको छ । त्यसबाट मानिसहरूलाई केही परेको पनि होला तर काङ्ग्रेस पनि इतिहासमा धेरैपटक परीक्षण भैसकेको छ। यो त पार्टीको समस्या होइन, व्यवस्थाको समस्या हो। यही व्यवस्थामा काङ्ग्रेसले केही गर्न चाहेर पनि हुँदैन । यसमा अलमलमा पर्नु हुँदैन । यो बेलामा सबैले के सोच्नुपर्दछ भने योभन्दा राम्रो व्यवस्था मध्यम वर्ग, व्यवसायी, उद्योगी सबैको हित रक्षा गर्ने व्यवस्थाकै नयाँ कन्सेप्टमा जानुपर्दछ भन्ने कुरा सबैले बुझ्नुपर्दछ।

दोस्रो कुरा के छ भने हामीले त पहिलेदेखि नै भनेका थियौँ- सबैले एकपटक सोच्नुपऱ्यो । नयाँ व्यवस्थाकै नयाँ कन्सेप्सनमा जानुपर्छ भन्ने कुरा हाम्रो छ। हामीले योभन्दा प्रगतिशील व्यवस्था, योभन्दा राम्रो संविधान दिनुपर्दछ । हामीले समाधान के दिएका छौँ भने हाम्रो सुस्पष्ट दृष्टिकोण छ- दलाल पुँजीवादी संसदीय व्यवस्था होइन, जनताको, आधारभूत रूपले श्रमिक जनताको हित गर्ने, उनीहरूको सम्पुर्ण क्षमतालाई ग्रहण गर्नसक्ने, त्यसलाई राष्ट्र र जनताको हितमा प्रयोग गर्नसक्ने, सदुपयोग गर्नसक्ने व्यवस्था वैज्ञानिक समाजवाद नै हो भन्ने हाम्रो सुस्पष्ट दृष्टिकोण छ। यसकै विषयमा हामी सबैले सोच्नुपर्दछ। एउटा सिस्टममै, राज्य व्यवस्थाकै विकल्पका बारेमा छलफल गरौँ भन्नेमा हामी छौँ।

» ***यहाँहरूले सबैखाले समस्याको समाधान वैज्ञानिक समाजवाद हो भन्नुभयो । वैज्ञानिक समाजवादी व्यवस्था त एकदलीय तानाशाही व्यवस्था हो भन्ने आमखालको बुझाइ छ । तपाईंहरूले किसान, श्रमिक मजदुर मात्रै नभएर नेपालमा मध्यम वर्ग, उद्योगी-व्यवसायी, राष्ट्रिय पुँजीपतिहरूलाई, सच्चा लोकतन्त्रवादीहरूसमेत यो व्यवस्थामा सामेल हुनुपर्दछ भन्नुभएको छ । वैज्ञानिक समाजवादमा यो वर्गले कसरी अपनत्व महसुस गर्न सक्छ ?***

पहिलो कुरा के छ भने समाजमा समाजवाद र लोकतन्त्रको बहस छ। यहाँ के भ्रम दिन खोजिएको छ भने लोकतन्त्र भनेको समाजवादबाट अलग हो। समाजवाद भनेको लोकतन्त्रबाट अलग हो। अहिले लोकतन्त्र छ, यो नै समाजवादमा गयो भने लोकतन्त्र हुँदैन। लोकतन्त्र भनेको के हो भने समाजवादमा त मान्छेहरूले बोल्न पनि पाउँदैनन्, लेख्न पनि पाउँदैनन् भन्ने गलत कुराहरू भनिएको छ । यहाँ भ्रम दिन खोजिएको छ । लोकतन्त्र भनेको समाजवादबाट अलग हो र समाजवाद भनेको लोकतन्त्रबाट अलग भन्न खोजिएको छ। एउटा कुरा के हो भने लोकतन्त्र र समाजवाद भनेका फरक कुरा होइनन्। काङ्ग्रेस र पुँजीवादमाथि विश्वास राख्ने मान्छेले के भन्दछन् भने लोकतन्त्र र समाजवाद भनेका विपरीत कुरा हुन्। यो एकदमै गलत कुरा हो । समाजवाद मार्क्सले पनि, लेनिनले पनि र माओले पनि सबैले आधारभूत रूपमा समाजवादी सिद्धान्तको आधारभूत रूपले खोज गर्नुभएकै के हो भने पुँजीवादमा लोकतन्त्र हुँदैन । सामन्तवादमा त लोकतन्त्र हुँदै-हुँदैन । पुँजीवादमा पनि लोकतन्त्र हुँदैन। वास्तविक लोकतन्त्र वैज्ञानिक समाजवादमा मात्र हुन्छ । लोकतन्त्र भनेको के हो त भने मान्छेले आफूसँग भएको क्षमतालाई जसरी सम्पूर्ण रूपले प्रयोग गर्न पाउँछन्, त्यसरी नै आफ्नो आवश्यकतालाई सम्पूर्ण रूपले भोग गर्न पाउँछन । त्यो भनेको समाजवाद हो । पुँजीवादमा के हुन्छ भने आफ्नो क्षमता सबै दिनुपर्छ तर केही पनि भोग गर्न पाइँदैन । हामीमाथिको प्रतिबन्धको कुरा गर्नुस् न, हामीमाथि प्रतिबन्ध लगाइएको छ। हामीले के गरेका छौँ ? हामीले भ्रष्टाचार हुनु हुँदैन भनेका छौँ। एनसेलले कर छली गऱ्यो। कैयौँ मानिसहरूले त्यसको पैसा उडाइरहेका छन् र आफ्नो थैली भरिरहेका छन। त्यसो गर्नु हुँदैन भन्यौँ। यसो भन्दा हामीमाथि प्रतिबन्ध लगाउनुपर्छ ? एनसेललाई कारबाही गर भन्दा गरेन । जनताले कारबाही गरे, हामीले त्यसको नेतृत्व गऱ्यौँ । उल्टै हामीमाथि प्रतिबन्ध लगाइयो ! अनि यो कसरी लोकतन्त्र भयो ? यसले त के गऱ्यो भने जनताको क्षमता त तानिरहेको छ तर जनतालाई केही प्रयोग गर्न दिएको छैन। मानिसहरूमा अभावैअभाव देखिएको छ। हो, पुँजीवादमा यही अभाव पूरा गर्ने, आफ्नो क्षमता दिने र क्षमताअनुसारको सुविधा प्रयोग गर्न पाउने अधिकार वैज्ञानिक समाजवादले दिन्छ भन्ने कुरा मार्क्स र एङ्गेल्सले लिएर कम्युनिस्ट सिद्धान्तमा जुन विकास गरियो त्यो हो समाजवाद । लोकतन्त्र त समाजवादमा पो हुन्छ त। सबभन्दा मेहनती र श्रम गर्ने मान्छेलाई राज्यको नेतृत्व दिइन्छ। त्यो पो समाजवाद हो त । कम्युनिस्टहरू कहिल्यै पनि लोकतन्त्रको विरोधमा रहँदैनन् । लोकतन्त्रलाई जनताको मत ठान्ने हो भने समाजवाद नै लोकतन्त्रको उत्कृष्ट प्रयोग हो । मानिसले आफ्ना सबैखाले स्वतन्त्रता समाजवादमा पाउँछ । सामन्तवादमा ५ प्रतिशत र पुँजीवादमा १० प्रतिशतजस्तै समाजवादमा ९० प्रतिशत अधिकार पाइन्छ भनेको हो । समाजवादमा मानिसहरूले आफ्नो क्षमता देशका लागि प्रयोग गर्न पाउँछन्। आफ्नो सुविधा पनि देशबाट लिन्छन्। त्यो हो समाजवाद भनेको। बरु आज डाक्टर, इन्जिनियर, वैज्ञानिक, बुद्धिजीवीहरूले त्यो क्षमताको प्रयोग गर्न पाउँदैनन्। अहिले उद्योगी व्यवसायीहरूले पनि प्रयोग गर्न पाउँदैनन्। समाजवादमा त्यो पाउँछन् भन्ने बहसै चलाएका छौँ। समाजवादमा जनताको हातमा सत्ता नआएसम्म त यो कुरा कन्फ्युजन हुन्छ । मान्छेले सम्पूर्ण रूपले शारीरिक अङ्गको प्रयोग गरेर गर्ने काम श्रमिक हो। आजको दिनमा श्रमिक भनेको खेतमा कोदालो खन्ने मान्छे मात्र होइन । खेतमा कोदालो खन्ने वा तानमा कपडा बुन्ने मात्र श्रमिक होइनन्, वैज्ञानिक, डाक्टर इन्जिनियर, पाइलट, प्रोफेसर सबै श्रमीक हुन्। एउटा प्रोफेसरले ५।६ घन्टा नपढाएसम्म तलब पाउँदैन, खाना पाउँदैन भने त्यो पनि श्रमिक हो। उद्योगी व्यवसायीहरू पनि श्रमिक हुन्। त्यसैले यी वर्गहरूले, उद्योगी व्यवसायीहरूले, मध्यम वर्गले आफूलाई श्रमिक वर्गबाट अलग गर्नु हुँदैन । तेस्रो कुरा समाजवादमा गयो भने एकदलीय हुन्छ कि त ! लोकतन्त्रवादीहरूसँग कसरी सहकार्य गर्छौं ? हामीले अहिलेदेखि नै के कुरा प्रस्ट पार्न खोजिरहेका के छौँ भने समाजवादमा सम्पूर्ण रूपले जनमतको कदर हुन्छ। व्यावहारिक रूपमा हेऱ्यो भने रुसमा पहिलोपटक महिलाहरूले भोटिङ गर्ने अधिकार पाएको होइन त ? जो ब्रिटेनमा थिएन। अमेरिकामा थिएन । पहिलोपटक चुन्ने र चुनिने अधिकार महिलाहरूले समाजवादमा पाएका हुन् नि ! रुसमा हरेक मानिसका लागि गाँस, बास, कपासको व्यवस्था भएको हो र हरेक मानिसले आफ्नो क्षमताको प्रयोग गर्न पाएका हुन् । पछि बिग्रियो होला तर अमेरिका र ब्रिटेनमा खण्डखण्ड रूपमा भोट हाल्दै आएका छन् । २ प्रतिशतले, ४ प्रतिशतले, १६ प्रतिशतले हुँदै रुसभन्दा धेरै पछि आएको हो त्यो अधिकार । समाजवादमा सम्पूर्ण रूपले जनमतको प्रयोग हुन्छ। हामीले नेपालमा मान्छेलाई हेरेर विरोध गरेको होइन । सिद्धान्तको विरोध गरेको हो । जुन पार्टीहरूले हामीसँग सहकार्य भन्छन् उनीहरूसँग दृष्टिकोण प्रस्ट हुनुपऱ्यो। दृष्टिकोण मिल्यो भने हाम्रो त काङ्ग्रेससँग पनि सहकार्य हुन सक्छ नि । राष्ट्र र जनताको हितलाई केन्द्रमा राखेर काम गरेपछि त हामी पार्टीभित्रै छलफल गरेर प्रतिस्पर्धाको कुरा गर्छौं नि त। काङ्ग्रेससँग किन नगर्ने ? देशभक्तहरूको कुरा पनि नगर्ने ? कम्युनिस्टहरू देशभक्त हुँदैनन् भन्ने कुरा गलत हो । चीनमा आएपछि घटनाक्रमले के पुष्टि गऱ्यो भने जसले देशभक्त छौँ भने उनीहरूले गद्दारी गर्दै गए, जापानसँग मिल्दै गए। माओले के भन्नुभयो भने- सच्चा श्रम गर्ने देशभक्त हुन्छ । किसान, मजदुर, आफ्नो श्रममाथि विश्वास गर्ने देशभक्त हो। व्यावहारिक रूपले हेर्ने हो भने जसले शोषण गर्छ, उसैसँग मिल्न जाने ! एउटा घटनामा जनताको दबाबमा परेर अडान लिएको जस्तो गरेको देखिन्छ नि यहाँ ! असल र सच्चा देशभक्तहरूलाई के भनेका छौँ भने सच्चा कम्युनिस्टहरूसँग मिलेर समाजवाद बनाएपछि नै देशको रक्षा गर्दछ । समाजवादले नै देशभक्तहरूलाई सम्पूर्ण क्षमताको प्रयोग गर्न दिन्छ। यो कुरामा स्पस्ट हुनका लागि देशभक्त र सच्चा लोकतन्त्रवादी शक्तिहरूलाई अपिल गर्ने कुरा हुन्छ।

» ***नेपालको अर्थतन्त्र धराशायी छ । कोरोनाकै कारणले मात्र नभएर राज्यको उचित संरक्षणको अभावले यहाँका उद्योगी व्यवसायीहरू प्रताडित छन् । यस्तो अवस्थामा नेकपाले चन्दा मागेर हैरान पारेको भन्ने पनि प्रचारमा आउँछ । पार्टीले उनीहरूसँग चन्दा मात्र लिने हो कि उनीहरूको संरक्षण पनि गर्ने हो ?***

महत्वपूर्ण प्रश्न गर्नुभयो। मैले सुनिरहेको छु र पढी पनि रहेको छु। हामीले सबैलाई प्रस्ट गर्ने कुरा के छ भने यो नितान्त गलत प्रचार हो। पहिलो कुरा नेपालको राज्य सङ्कटमा पर्नुको नम्बर १ कारण के हो भने यहाँका उद्योगधन्दा, कलकारखानाहरूको विकास नहुनु हो । अर्थतन्त्रमा एउटा प्रगतिशील अर्थतन्त्र जसलाई हामी के भन्दछौँ भने औद्योगिक अर्थसम्बन्ध, त्यसले संरक्षण गर्न नपाउनु, त्यसले संरक्षण, फल्ने फुल्ने वातावरण नपाउनु नै समस्या हो। यहाँ दलाल पुँजीवादी अर्थतन्त्र र सम्बन्ध हो। यहाँ पैसा बेचेर खाने दलाल पुँजीवादी अर्थसम्बन्ध छ। जनताको जीवन परिवर्तन हुने गरी आत्मनिर्भर अर्थतन्त्रको विकास नगर्ने प्रगतिशील, वैज्ञानिक र आधुनिक उत्पादन सम्बन्धको, अर्थसम्बन्धको विकास नगर्ने भनेको औद्योगिक उत्पादन सम्बन्धको विकास नगर्ने नै दलाल पुँजीवादको समस्या हो। जहाँ अर्थसम्बन्धकै समस्या छ भने यो राज्यले उद्योगधन्दा, कलकारखाना चलाउनेहरूको संरक्षण गर्दछ अनि औद्योगिक अर्थसम्बन्ध नयाँ आधुनिक र वैज्ञानिक हुनुपर्दछ भनेर लड्ने पार्टीले चाहिँ उद्योगी व्यवसायीहरूलाई च्याप्छ वा उनीहरूले सुविधालाई ध्यान दिँदैनन् भन्ने नितान्त गलत कुरा हो । मैले कैयौँ बेला नेपालका उच्च स्तरका व्यवसायीहरूसँग छलफल गर्दा कुरा गरेको छु। उहाँहरू सायद प्रस्ट हुनुहुन्छ र हुनुपर्दछ। जानीजानी भ्रमिपूर्ण कुरा गर्ने कुरा छुट्टै हो। अन्यथा हामीले के भनेका छौँ भने कुनै पनि व्यवसायीले हामीबाट अलिकति, रौँबराबर पनि सशङ्कित र सङ्कुचित हुनुपर्ने, चिन्तित हुनुपर्ने छैन। हामी त सहकार्य गर्न तयार छौँ। हामी उहाँहरूलाई भन्छौँ- हामी सहकार्य गरौँ । तपाईंहरू राज्यबाट संरक्षणविहीन र उपेक्षित हुनुहुन्छ। हामी जतिसक्यो आन्दोलनका बीचबाट गर्दै जान्छौँ । तपाईंहरूका लागि राज्यसँग पनि सङ्घर्ष गर्दछौँ। हाम्रो पार्टीको नीति के छ भने नेपालमा राज्यले नै उद्योगधन्दा, कलकारखाना र उद्योगी व्यवसायीहरूको संरक्षण गर्दै जानुपर्दछ । राज्यले नै उद्योग व्यवसायको संरक्षणमा ठोस नीति बनाएर जानुपर्दछ। नेपालमा भर्खरै हुर्कंदै गरेको राष्ट्रिय पुँजीलाई बाहिरको निगम पुँजी आएर खाइदिने र बाहिरको बैंकिङ पुँजी आएर खाइदिने खतरा छ। त्यो खतराबाट बचाउनका लागि नेपालका उद्योगी व्यसायीहरूसँग छलफल गर्दै अघि जाने नीति बनाउनुपर्दछ भनेर हामी लडिरहेका छौँ। जहाँ औद्योगिक पुँजीको विकास उद्योग व्यवसाय, बजारको व्यवस्था, कलकारखानाहरूको विकासमा आज हामी आफ्नो तरिकाले गर्ने सहयोग गरिरहेका छौँ, यसमा कुनै अलमल हुनुपर्ने कुरा छैन। हामीले भनेका छौँ, तपाईंहरूको हितका लागि लडिरहेका छौँ। तपाईंहरू पनि हामीलाई मद्दत गर्नुहोस् भनेका छौँ। हामीले के भनेका छौँ भने निगम पुँजी जसले देशको सम्पत्ति लुटेर लान्छ, ऊसँग मिलेर काम गर्दछौँ भन्नुभयो भने, जसले तपाईंहरूको पुँजी खाइदिने गरी आइरहेको छ त्यसैसँग मिलेर फेरि काम गर्दछौँ भन्नुभयो भने त्यो आफैँ सक्किने कुरा हो । हामीले आपसमा सहकार्य गरेर जाने भनेका हौँ । त्यसैले हामीले आज मात्र हेरेर हुँदैन नि, आज उद्योगमन्त्रीसँग सहकार्य गरेर पुगिहाल्छ भन्ने होइन । नेकपा भनेको जनतासँग जोडिएको पार्टी हो। सहरमा नभए पनि गाउँमा त हाम्रो जनसत्ता छ नि त। गाउँमा न्याय खोज्नका लागि बाहिर जानु पर्दैन नि त। संरक्षण गर्न अरूहरूसँग जानु पर्दैन नि त। अहिले त्यो कैयौँ ठाउँमा प्रचारात्मक र कैयौँ ठाउँमा कामकाजी भए पनि गाउँमा त जनसत्ता छ र यो अघि बढ्दैछ । तपाईंहरू बुझ्नुहोस्, केन्द्रमा लेखिएको नियम र विनियमले मात्रै हुँदैन। संरक्षण त जनताको सत्ताले तलबाट पनि गर्दछ।

... बाँकी पृष्ठ ६ मा

# आदर्शवादी भ्रमको चिरफार


भीष्मकुमार शाही

आजभोलि सरकारी नेकपाका साथीहरूसँग भेट हुँदा प्रायः सबैले भन्ने गर्छन्- नेपालमा कम्युनिस्ट सरकार आइसक्यो । वास्तवमा केका लागि क्रान्ति गर्ने हो ? वर्गसङ्घर्षको अन्त्य भइसक्यो । अब आर्थिक क्रान्ति गर्नुपर्छ । अब कसका विरुद्ध लड्ने ? पहिला त राजसंस्था थियो । अहिले कसका विरुद्ध लड्ने हो ? अरू संसद्वादी कम्युनिस्टहरू क्रान्तिको वातावरण बनेको छैन । वातावरण नबनी क्रान्ति गर्नु भनेको सकिनु हो । बन्दुक त उठाउनै हुँदैन । यो आत्मघाती हुन्छ । यो त उग्रवादी व्यवहार हो भन्ने गर्छन् । जसले जेजे भने पनि वैचारिक रूपमा परिपक्व नभएका साथीहरूलाई त हो कि क्या हो भन्ने लाग्न सक्छ । आफू पो गलत छु कि भनेर भ्रमित हुन पनि सक्छन् तर यो कुरा सरासर गलत हो । गैरमार्क्सवादी, अधिभूतवादी, अकर्मण्यतावादी, अन्ततः आदर्शवादी कुरा हो । यो कुरा आफू कहीँ न कहीँ आदर्शवादी कित्तामा पुगेर वा वैचारिक विचलनद्वारा रचिएको नाटकबाहेक अरू केही होइन । आत्मसुरक्षावादी भएपछि यस्ता बहाना रच्छन् ।

वर्गसङ्घर्ष, सशस्त्र सङ्घर्ष र सर्वहारा अधिनायकत्व मार्क्सवादको आत्मा हो । यो विश्वभरिको शोषणकारी व्यवस्था रहेसम्म सशस्त्र क्रान्तिको अर्को कुनै विकल्प छैन । परिस्थितिको विकाससँगै नयाँ वर्गविश्लेषण त गर्नैपर्छ । आजको परिस्थितिमा वर्गसङ्घर्ष हुनसक्दैन भन्नु द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादविरोधी कुरा हो । अहिलेको विश्वका प्रथम धनी जेफ वेजोजले समेत वर्गसङ्घर्षलाई स्वीकार गर्दै आफूहरूले यो वर्गसङ्घर्षमा जितिरहेको कुरा एउटा पत्रकारको प्रश्नको जवाफमा भनेका थिए भने आफूलाई गरिबका पक्षमा लडिरहेको साम्यवादी भनाउँदाहरूले भने आज वर्गसङ्घर्ष सम्भव छैन, कसका विरुद्ध लड्ने भनिरहेको सुन्दा अचम्म लागेर आउँछ । मार्क्स, लेनिन र माओको समयभन्दा आजको समयमा धनी र गरिबको दूरी कैयौँ गुणा बढेको छ । भनिएको छ १ प्रनिशत धनी र ९९ प्रतिशन जनताको सम्पत्ति बराबर छ । विश्वको ७ अर्ब जनसङ्ख्यामा ७ करोड मानिसको सम्पत्ति र ६ अर्ब ९३ करोडको सम्पत्ति बराबर छ । आजको निगम पुँजीवादको आर्थिक विशेषता भन्ने हो भने केही मुठीभर मानिसको हातमा अति केन्द्रीकरण र अति एकाधिकार कायम हुनु हो । यसले गर्दा धनी र गरिबका बीच आकाश-पातालको फरक छ । पुँजीवादी र माफियाहरूले देशको सारा सम्पत्ति लुटिसकेका छन् । समाजवाद उन्मुख व्यवस्था चलाइरहेका कथित साम्यवादीहरू वर्गसङ्घर्षका विरुद्ध वर्गसमन्वयको कुरा गरिरहेका छन् ।

निगम पुँजीवादको दोस्रो विशेषता भनेको विकेन्द्रीकृत उत्पादन र केन्द्रीकृत वितरण हो । अहिलेका माफियाहरूले केन्द्रीकृत उत्पादन गर्दा उद्योगमा मजदुरहरूको केन्द्रीकरण हुने र आन्दोलन हुने भएकाले उत्पादनमा कमी हुन्छ र विकेन्द्रीकरण उत्पादन, वितरणमा केन्द्रीकरण गरी मजदुर वर्गलाई शोषण गरिरहेका छन् । निगम पुँजीवादको तेस्रो विशेषता भनेको अर्थतन्त्रमा राजनीति हाबी हुनु हो । जसको हातमा ठूलाठूला निगम, सिन्डिकेट, कार्टेल र ट्रस्टहरू छन् उनैको हातमा राज्यसत्ता रहेको छ । त्यसकारण राज्यसत्ता नै गरिबमारा भएको छ । जोसँग धन छैन, ऊसँग राज्यसत्ता छैन । नेपालको हकमा पनि त्यही हो । संसदीय पार्टीभित्रका इमानदार र त्यागी नेताहरूले टिकट पाउँदैनन् तर भ्रष्ट र दलालहरूले टिकट खरिद गरेर अफ्नो पहुँच कायम गरेका छन् । यो व्यवस्थाको आदर्श व्यवस्था अमेरिकाको राष्ट्रपति चुनावमा हिलारी क्लिन्टन नआएर जग्गा दलाल निगम मालिक ट्रम्पले जितेको छ । नेपालको सङ्घीय सरकारमा अर्बपति, प्रदेश सरकारमा करोडपति र स्थानीय सरकारमा लखपतिहरूको कब्जा छ । अब हुने संसदीय चुनाव दलाल, भ्रष्ट ठेकेदारहरूबाहेक अरू आउन सक्दैनन् । त्यसमा लागेका नेता-कार्यकर्ता पैसा लुटेपछि नेता बन्न पाउने भएकाले डोजर बोकेरै पैसा कमाउन र भ्रष्टाचार गर्न लिप्त भएका छन् । अपवाद केही इमानदारहरूको पार्टीमा कुनै अस्तित्व छैन । त्याग, इमानदारी र आदर्शको संस्कार सकिएको छ ।

निगम पुँजीवादको चौथो विशेषता भनेको उत्पादन शक्तिमा विज्ञान प्रविधि जोडिनु हो । यसले गर्दा उत्पादन धेरै हुन्छ । तर उत्पादन सम्बन्ध भनेको निजी स्वामित्वको हुन्छ । सामाजिक अन्तरविरोध र निजी स्वामित्वको अन्तरविरोधलेका कारण समान वितरण हुनसकेको छैन । कैयौँ धनी देशहरूमा अन्न उत्पादन धेरै हुन्छ तर मूल्य राम्रो नपाएर उत्पादित अन्न नष्ट गर्छन् । कैयौँ देशका जनता भोकभोकै मरिरहेका छन् । वितरणमा एकाधिकार हुँदा यो समस्या पैदा भइरहेको छ । यसैकारण निगम पुँजीवादी माफियाहरू र मजदुर, किसान, मध्यमवर्गको अन्तरविरोध झन् तीव्र बन्दै गइरहेको छ जसले गर्दा साम्यवादी आन्दोलनको आवश्यकता र महत्व झनै बढ्दै गएको छ ।

विज्ञानको विकासलाई बङ्ग्याउनेहरू आदर्शवादी हुन् । विज्ञानको निरन्तर विकास भइरहेको छ । विज्ञान र प्रविधिमा आएको तीव्र विकासले ऐतिहासिक भौतिकवादको समृद्धि हुँदै जान्छ । चाल्स डार्बिनको जीवविज्ञानको आविष्कारदेखि अल्बर्ट आइन्स्टाइनको सापेक्षताको सिद्धान्तले लेनिनलाई भौतिकवादको थप विकास गर्न मद्दत पुऱ्याएको थियो जसको परिणामस्वरूप लेनिनले १९०८ मै भौतिकवाद र आनुभविक आलोचना प्रसिद्ध कृति रच्नुभयो र मार्क्सवादी दर्शनलाई समृद्ध बनाउँदै जानुभयो । यसको कारण आदर्शवादीहरूले आफूलाई भौतिकवादी विज्ञानविरोधी र काल्पनिकहरूका रूपमा प्रस्तुत गरिरहेका छन् । आफ्नो लुटको संसार बचाइराख्न आदर्शवादीहरूले सैद्धान्तिक रूपमा भौतिकवादीहरूमाथि निरन्तर प्रहार गरिरहेका छन् । जब विज्ञानको विकास हुँदै गयो, मार्क्सवाद पनि समृद्ध बन्दै गएको छ । आदर्शवादीहरूको अलौकिक स्वर्ग ध्वस्त हुने भएपछि आदर्शवादीहरूले पदार्थको लोप भएको, साम्यवादको इतिहासको अन्त्य भएको आरोपसहित अमेरिकी उत्तरसाम्राज्यवादका प्रवक्ता लेखक फ्रान्सिस फुकुयामाले निरन्तर लेखेर आरोप लगाइरहेका छन् । उनले साम्राज्यवादलाई अन्तिम र आदर्श व्यवस्था मानेका छन् । साम्यवादीहरू सर्वसत्तावादी, तानाशाही भनेर आरोप लगाएका छन् । तर साम्राज्यवादको विश्वव्यापी गलत व्यवहारले यो तर्क कुतर्कमा परिणत भएको छ । साम्राज्यवादले आफू निःशस्त्र प्रजातन्त्र र मानवअधिकारको हिमायती भएको दाबी गरे पनि रुवान्डामा हुतु र तुत्सीको झगडा गराएर आफ्ना कारखानाका हतियारहरू बेच्दै नरसंहार गर्दा, सिरियामा ६ लाखभन्दा धेरै जनता र बालबालिकाको हत्या गर्दा, प्यालेस्टाइनको राजधानी जेरुसेलम कब्जा गरेर इजरायलको राजदानी बनाउँदा, अर्काको देशको राष्ट्रपति सद्दाम हुसेनलाई लखेटीलखेटी झुन्ड्याउँदा, लिबियाका नेता कर्नेल गद्दाफीको कायरतापूर्वक हत्या गर्दा, अफगानिस्तानका तालिवान नेता ओसामा बिन लादेनलाई मारेर लासै अमेरिका पुऱ्याउँदा अदर्शवादी साम्राज्यवादको निःशस्त्र प्रजातन्त्र र मानवअधिकार विश्वका जनताले राम्रोसँग बुझेका छन् । आदर्शवाद र उत्तरसाम्राज्यवादी जल्लाद व्यवस्थाको यो धर्तीबाट सदाका लागि बिदाइ दिने बेला आइसकेको छ । संसारका जनताले आदर्शवादको बिदाइको कामना गरिरहेका छन् । साम्राज्यवादीहरूको आपराधिक व्यवहारको जति निन्दा गरे पनि कम हुन्छ ।

यस्तो राजनीतिक सङ्कटमा पनि क्रान्ति नदेख्नु, वर्गसङ्घर्ष नदेख्नु, जनताको साझा दुस्मन दलाल पुँजीवादी व्यवस्था नदेख्नु आदर्शवादी चेतनाले घर गर्नु हो । आदर्शवादी विचारले नेतृत्व गरेको संसदीय व्यवस्था विश्वमै असफल हुँदैछ । आदर्शवादी विचारको संसदीय व्यवस्था अन्त्य गर्नु सजिलै वा शान्तिपुर्ण आन्दोलनबाट सम्भव छैन । आदर्शवादी वा संशोधनवादीहरूले त्यस्तो भने पनि मार्क्सवादी सिद्धान्तमा क्रान्तिको स्वरूप मूलतः सशस्त्र नै हुन्छ । उत्पीडित जनताले दलाल माफियाहरूको राज्यसत्ता मिल्काउने र आफ्नो राज्यसत्ता स्थापना शान्तिपूर्ण प्रक्रियाबाट आजसम्म दुनियाँमा कहीँकतै उदाहरण छैन । बन्दुकले टिकेको सत्ता बन्दुकले नै परास्त गर्नुपर्छ । मार्क्सवादी बल प्रयोगको सिद्धान्त यसमा लागू हुन्छ किनकि यो विज्ञानसम्मत कुरा हो । धानलाई चामल बनाउन वा गहुँलाई पिठो बनाउन त बल प्रयोग आवश्यक पर्छ भने दलालहरूको राज्यसत्ता पल्टाएर गरिब जनताको राज्यसत्ता स्थापना गर्ने जटिल कार्य शान्तिपूर्ण हुन सक्दैन, यसमा बल प्रयोग आवश्यक र अनिवार्य नै हुन्छ ।

## शिक्षक ओलीको गिरफ्तारीविरुद्ध शिक्षक सङ्गठनको आक्रोश

**रोल्पा** : नेकपाका नेता-कार्यकर्तालाई अनावश्यक गिरफ्तार गरी दुःख दिँदै आएको केपी वली सरकारले अब शिक्षकलाई पनि गिरफ्तार गरी यातना दिन थालेको छ । अखिल नेपाल शिक्षक सङ्गठन रोल्पाले शिक्षक रमेशकुमार ओलीलाई प्रहरीले आस्थाकै आधारमा गैरन्यायिक रूपले गिरफ्तार गरेको भन्दै घोर भर्त्सना गरेको छ । विद्यालयमा पठनपाठन गर्दै आएका स्थायी शिक्षक ओलीलाई नेकपा निकट अखिल नेपाल शिक्षक सङ्गठनमा आस्था राखेकै कारण प्रहरीले गिरफ्तार गरेको सङ्गठनले जनाएको छ ।

जनता आधारभूत विद्यालय गङ्गादेव गाउँपालिका ४ सुपाटोङ्केमा अध्यापनरत अखिल नेपाल शिक्षक सङ्गठनप्रति आस्थावान् शिक्षक रमेशकुमार ओलीलाई गिरफ्तार गरी प्रहरीले रोल्पाबाट सल्यान पुऱ्याएको छ । ओलीलाई प्रहरी हिरासतमै झुठ्ठा मुद्दा लगाएर मानसिक यातनासमेत दिइएको भन्दै अखिल नेपाल शिक्षक सङ्गठनले घोर भर्त्सना गरेको हो ।

अखिल नेपाल शिक्षक सङ्गठनका रोल्पा जिल्ला अध्यक्ष प्रेमबहादुर केसीले प्रेस विज्ञप्ति जारी गरी ओलीलाई पाँच दिनभित्र बिनासर्त रिहा नगरिए आन्दोलन सुरु गर्ने र आन्दोलनले पार्ने असरप्रति सरकार जबाफदेही हुने चेतावनी दिएका छन् ।

## विश्वप्रसिद्ध अर्जेन्टिनी फुटबलर डिएगो म्याराडोनाको निधन



एउटा खेलाडी र उत्कृष्ट खेलले गुमनाम मुलुकलाई संसारभर चिनाउन सक्छ भन्ने कुराका उदाहरण रहेका अर्जेन्टिनी फुटबलर डिएगो म्याराडोनाको असामयिक निधन भएको छ । आफ्नो कप्तानीमा म्याराडोनाले सन् १९८६ मा अर्जेन्टिनालाई विश्वकप दिलाएका थिए । मस्तिष्कमा रगत जमेपछि उपचार गराइरहेका ६० वर्षीय म्याराडोनाको हृदयाघातबाट निधन भएको हो । मस्तिष्कको शल्यक्रियापछि म्याराडोनालाई सुधारगृहमा राखेर उपचार गराइएको थियो ।

म्याराडोना फुटबल खेलमा महान् खेलाडीको उपाधिले परिचित थिए । विश्व फुटबलमा पेलेपछि गर्वसाथ लिइने नाउँ थियो म्याराडोनाको । राम्रा, उत्कृष्ट खेलहरूकै कारण आफू र आफूसँगै आफ्नो मुलुकलाई पनि संसारमा चिनाउन सफल थिए म्याराडोना । म्याराडोना २१ वर्षका छँदा सन् १९८२ को विश्वकप फुटबलबाट चर्चित बनेका थिए ।

म्याराडोनाले बार्सिलोना र नापोली फुटबल क्लबबाट पनि खेलेका थिए । बीबीसीका अनुसार अर्जेन्टिनाका तर्फबाट चारवटा विश्वकप खेलेका उनले ९१ वटा खेलमा ३४ गोल गरेका थिए ।

म्याराडोना फुटबलमा स्थापित त थिए नै तर लागूपदार्थको कुलतका कारण विवादमा पनि परे । कोकिनको कुलतका कारण उनले धेरै प्रशंसकहरू पनि गुमाए । । सन् १९९१ मा परीक्षणमा लागूपदार्थ पुष्टि भएपछि उनले १५ महिना प्रतिबन्ध झेल्न परेको थियो । व्यावसायिक फुटबलबाट उनले सन् १९९७ मा अवकाश लिएका थिए । सन् २००८ मा उनी अर्जेन्टिनाको राष्ट्रिय टोलीको प्रमुख प्रशिक्षक नियुक्त भएका थिए तर जर्मनीद्वारा क्वार्टरफाइनलमा आफ्नो देश पराजित भएपछि सन् २०१० को विश्वकपपछि उनले त्यो जिम्मेवारी छाडिदिएका थिए ।

बीबीसीका अनुसार मस्तिष्कमा रगत जमेपछि नोभेम्बर महिनाको सुरुमा सफलतापूर्वक उनको मस्तिष्कको शल्यक्रिया गरिएको थियो र उनको मदिरामाथिको निर्भरताको पनि उपचार गरिँदै थियो ।

समाचारहरूमा जनाइएअनुसार अर्जेन्टिनी फुटबल एसोसिएसनले ट्विटर सन्देशमा म्याराडोनाको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै भनेको छ, 'तिमी सधैँ हाम्रो हृदयमा रहनेछौ ।'

अर्जेन्टिनाका राष्ट्रपति अर्बेर्टो फेर्नान्डेसले म्याराडोनाको निधनमा तीन दिन राष्ट्रिय शोकको घोषणा गरेका छन् । फेर्नान्डेसले भनेका छन्, 'तिमीले हामीलाई विश्वको उच्च तहमा पुऱ्यायौ । हामीलाई निकै खुसी दियौ । हामी सधैँ तिमीलाई सम्झिरहनेछौँ ।'

संसारभरका फुटबल खेलाडी र प्रशंसकहरूले म्याराडोनाको निधनमा शोक प्रकट गरेका छन् । म्याराडोनाको असामयिक निधनमा विश्वप्रसिद्ध ब्राजिली फुटबल खेलाडी पेलेले भावुक श्रद्धाञ्जली प्रकट गर्दै भनेका छन्, 'कस्तो दुःखद खबर ! मैले एक महान् साथी र विश्वले प्रख्यात खेलाडी गुमायौँ ।'

पछिल्लो समय अत्यन्त चर्चित अर्जेन्टिनाका फुटबलर लियोनल मेस्सीले म्याराडोना सर्वकालिक रहेको बताएका छन् भने क्रिस्टियानो रोनाल्डोले उनलाई फुटबलका अद्वितीय जादुगरको उपमा दिएका छन् ।

## तामाङ राष्ट्रिय मुक्ति मोर्चाका संयोजक कान्छाराम तामाङ नेकपाबाट निष्कासित

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी ताम्सालिङ ब्युरोले ब्युरोको विशेष समिति सदस्यसमेत रहेका तामाङ राष्ट्रिय मुक्ति मोर्चा नेपालका संयोजक कान्छाराम तामाङ (परिभाषा, परिवर्तन) लाई पार्टीबाट निष्कासित गरेको छ । ब्युरो इन्चार्ज आधारले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै आफ्नो जिम्मेवारीप्रति प्रतिबद्ध र क्रियाशील हुनुको सट्टा ढुलमुल दृष्टिकोण, कुण्ठा र रहस्यमय हावादारी ब्याकबाइटिङ गर्दै हिँडेका कान्छारामले मङ्सिर १३ गते सरकारी नेकपामा आत्मसमर्पण गरेको पनि सार्वजनिक गरेका छन् ।

इन्चार्ज आधारको विज्ञप्तिमा भनिएको छ, 'हाम्रो गौरवशाली तथा जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टी एकीकृत जनक्रान्तिको वैज्ञानिक कार्यदिशामार्फत वैज्ञानिक समाजवाद स्थापनाको मार्गमा तीव्र गति प्रवाहका साथ अगाडि बढिरहेको सर्वविदितै छ । यो महान् यात्राका क्रममा पार्टी जीवनभित्र घुसेका केही अवसरवादीहरूबाट विभिन्न रूप र रङका समस्याहरू पैदा हुने गर्दछन् । यसै क्रममा तामाङ राष्ट्रिय मुक्ति मोर्चा, नेपालका केन्द्रीय संयोजक तथा नेपाल कम्युनिस्ट पार्टी ताम्सालिङ ब्युरोअन्तर्गत विशेष समिति सदस्य (डीसीएमसह) कान्छाराम तामाङ (परिभाषा, परिवर्तन) यही २०७७ साल मङ्सिर १३ गते नेपाल कम्युनिस्ट पार्टी (नेकपा) प्रवेश (आत्मसमर्पण) गरेको समाचारप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ ।'

आधारको विज्ञप्तिमा अगाडि भनिएको छ, 'यसमा स्मरणीय विषय यो रहेको छ- उनी आफ्नो जिम्मेवारीप्रति प्रतिबद्ध र क्रियाशील हुनुको सट्टा ढुलमुल दृष्टिकोण, कुण्ठा र रहस्यमय हावादारी ब्याकबाइटिङ गर्दै हिँड्ने व्यक्ति थिए । उनी २०७६ साल फागुनदेखि काठमाडौँ भासिएर लामो समयसम्म सम्पर्कविहीन भएका थिए । आत्मसुरक्षावादले ग्रसित भई स्वतन्त्र भएको विज्ञप्ति निकाल्छु भनी फलाक्दै हिँड्ने गरेका थिए । नियोजित प्रकारले षड्यन्त्रकारी तानाबाना बुनेर पार्टीभित्र अन्तरध्वंस सिर्जना गर्ने, गुटबन्दी गर्ने, पर्दापछाडि बसेर सोफा, इमानदार कार्यकर्तालाई जुधाउने र भ्रमित पारिराख्ने उनका दैनिक कदमहरू बनेका थिए ।'

विज्ञप्तिमा भनिएको छ, 'प्रशासनसँग नियमित सम्पर्कमा रही पार्टीका गोप्य सूचनाहरू बेच्ने गरेको, केही फोन नम्बर दिने गरेको, किन यसो गरेको भनी स्पष्टीकरण लिँदा मेरा भाइ, विद्यार्थी भएकाले भन्ने गैरजिम्मेवारीपूर्ण आवाज ओकल्थे । आफ्नो कार्यक्षेत्रबाहिर अनधिकृत रूपले जथाभावी पार्टीको नाम बदनाम गर्ने गरी संसद्वादी जनप्रतिनिधि, व्यवसायीहरूबाट चन्दा असुली गरी खाएका थिए भने केही महिलाहरूलाई समेत ठगी गरेका थिए । तामाङ राष्ट्रिय मुक्ति मोर्चा नेपालका केन्द्रीय अध्यक्ष र विशेष ब्युरो सदस्य भन्दै नपाएको जिम्मेवारी भँजाउने गरेका थिए । यथार्थमा उनी पार्टी डीसीएमसह र तामाङ राष्ट्रिय मुक्ति मोर्चाको संयोजक मात्र थिए । विगतमा पार्टीको म्याग्ज्ट फोटो खिची दुरुपयोगसमेत गरेका थिए । आर्थिक, सांस्कृतिक रूपमा पार्टी चरम अराजकता, अस्वाभाविक गतिविधिका कारण पार्टीले पटकपटक चेतावनी दिँदै रूपान्तरणका लागि प्रेरित गर्दै आएको थियो । केही समयअगाडि अनेक तरहले सम्पर्कमा ल्याउँदा गुलिया लोली, बोलीमा मुस्कुराउने कार्य गरेका थिए । उनको संसद्वादी, विचलनकारी, स्वच्छन्दतावादी सर्तबद्ध विचार, चिन्तन र कार्यशैली रहेका कारण पार्टीले छलफल, दिशानिर्देशका साथै उच्च निगरानीमा राखेको थियो । हालै मात्र काभ्रे जिल्लामा कार्यरत ठेकेदार राम खत्री (फोन नं. ९८५१०६११८८) लाई परिभाषा, परिवर्तन (फोन नं.-९८६०५७०७९९) ले पाँच लाख चन्दा अनधिकृत रूपमा मागेको प्रमाणित भएकाले आन्तरिक रूपमा निलम्बन गरी थप अनुसन्धान भइरहेको थियो । यसै सन्दर्भमा अझै जनताबाट केही गम्भीर प्रकृतिका सूचना प्राप्त भइरहेकाले पार्टीको थप गम्भीर ध्यानाकर्षण भएको छ । केही अनलाइनहरूमा भ्रामक, कपोलकल्पित समाचार प्रकाशित भएकाले भ्रमित नहुन आम पार्टीपङ्क्ति, शुभचिन्तक, सहयोगी, आदरणीय जनसमुदायहरूमा यसै प्रेस विज्ञप्तिमार्फत हार्दिक अनुरोध गरिन्छ ।'

## मार्कु दुर्घटनामा ज्यान गुमाएका कुँवरप्रति नेकपाले दियो श्रद्धाञ्जली

**अछाम** : नेपाल कम्युनिस्ट पार्टी अछामले मङ्सिर १५ गते अछाम जिल्लाको सदरमुकाम मङ्गलसेनबाट धनगढीका लागि छुटेको सुदूरपश्चिम यातायात प्रालिको बस चौरपाटी गाउँपालिका ७ मार्कुमा दुर्घटना भई ज्यान गुमाएका निरज कुँवरप्रति श्रद्धाञ्जली व्यक्त गरेको छ । पार्टीका इन्चार्ज नवीन र सेक्रेटरी आखिरद्वारा जारी विज्ञप्तिमा दुर्घटना भएको खबरले पार्टी स्तब्ध भएको जनाउँदै र मृतकका शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गरिएको छ ।

प्रेस विज्ञप्तिमा भनिएको छ, 'यही मिति २०७७ मङ्सिर १५ गतेका दिन अछाम जिल्लाको सदरमुकाम मङ्गलसेनबाट धनगढीका लागि छुटेको सुदूरपश्चिम यातायात प्रालिको ना ४ ख ९९७२ नं को बस चौरपाटी गाउँपालिका ७ मार्कुमा आज बिहान ०८ बजे दुर्घटना भएको खबरले हामी स्तब्ध भएका छौँ । दुर्घटनामा परी साँफे नगरपालिका ३ का निरज कुँवरको ज्यान गएको छ भने १७ जना घाइते भएका छन् । यस दुःखद घटनामा ज्यान गुमाउने निरज कुँवरप्रति हाम्रो पार्टीका तर्फबाट हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौँ । घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौँ । मृतकका परिवारलाई उचित क्षतिपूर्तिसहित घाइतेहरूको निःशुल्क उपचारका लागि सम्बन्धित पक्षसँग जोडदार माग गर्दछौँ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'यस्ता दुर्घटनाहरू गुणस्तरहीन सडक र राज्यको प्रभावकारी अनुगमन नहुँदा दिनप्रतिदिन बढिरहेका छन् र राज्य मूकदर्शक बनेको छ । यस्ता दुर्घटनाहरूको रोकथामका लागि आवश्यक पहलकदमी लिन सम्बन्धित निकायको ध्यानाकर्षण गराउँछौँ ।'

## जनप्रगतिशील मोर्चा साउदीद्वारा शुभकामना

पार्टी पुनर्गठन दिवस तथा जनमुक्ति सेना दिवसका अवसरमा नेपाली जनप्रगतिशील मोर्चा साउदी अरबले सबैलाई शुभकामना दिएको छ ।

मोर्चाका महासचिव टीकाराम ओली 'सुरेश' ले २३ नोभेम्बरमा शुभकामना वक्तव्य जारी गर्दै यो दिवसका अवसरमा नेपाल तथा विदेशमा रहेका सबैलाई मोर्चाका तर्फबाट शुभकामना व्यक्त गरेका छन् ।

नेपालमा १० वर्षसम्म चलेको महान् जनयुद्ध र हजारौँको बलिदानबाट प्राप्त उपलब्धिहरूलाई संशोधनवादीहरूले पुरानै व्यवस्थामा पतन गराए पनि विप्लवको नेतृत्वमा क्रान्तिका लागि पार्टी पुनर्गठनको पहल गरिएको ऐतिहासिक दिनमा सबैमा जनप्रगतिशील मोर्चा साउदीले शुभकामना व्यक्त गरेको हो ।

गताङ्कबाट बाँकी

रुस यात्रा डायरी

सन्दर्भ : अक्टोबर क्रान्तिका एक सय वर्ष

# त्यसपछि विश्व-सर्वहारा क्रान्ति जिन्दावादको नाराले रुसको आकाश गुन्जिरह्यो



अशोक सुवेदी

नोभेम्बर ६ तारिख हो आज । आयोजकहरूले हामीलाई सकेसम्म धेरै ऐतिहासिक र क्रान्तिसँग इतिहास जोडिएका स्थलहरू, नाजीवाद र जारशाहीविरुद्ध भीषण युद्ध भएका स्थल र युद्धसामग्रीहरू देखाउने र हाम्रो मनमस्तिष्कमा रुसप्रतिको एउटा नयाँ बिम्ब सिर्जना गर्ने योजना बनाइरहेको बुझिरहेका छौँ हामी । आज स्रष्टा पुस्किनको विशाल सालिकमा पुगेर नदीकिनार हुँदै महान् स्टालिनको प्रशासकीय भवनमा पुगेका छौँ हामी । स्टालिनले यही भवन र कार्यालयमा बसेर निर्माण गरेका थिए होलान् नाजीवादी हिटलरको निरङ्कुश योजना तथा कार्यक्रम ध्वस्त पार्ने योजना । चरम पुँजीवादी महत्वाकाङ्क्षी हिटलरको दमन र विस्तारअभियानलाई स्टालिनले रोक्न नसकेको भए न लनिनवादको विकास हुने थियो, न सोभियत रुसको विकास नै हुने थियो । समाजवादको विकास र विस्तारको त कल्पनै नगरौँ । हिटलरको सोभियत रुसबाट पराजय शृ़ला अघि नबढेको भए नेपोलियन बोनापार्टजस्तै अर्को महाअहङ्कारी र रक्तपिपासु व्यक्तिले विश्वसत्ता कब्जा गर्ने र लामो समयसम्म एकछत्र निरङ्कुशता लादिरहने खतरा थियो तर स्टालिनको सुझबुझपूर्ण कार्यक्रम र लेनिनवादी कार्यदिशाले नाजीवादलाई ध्वस्त पाऱ्यो र रुँदै जर्मनी फर्किएर आत्महत्या गर्न बाध्य पाऱ्यो । हिटलरी नाजीवादले सोभियत रुसमा स्थापित समाजवाद ध्वस्त पारेर प्रतिक्रान्ति लाद्ने, कम्युनिज्मविरुद्ध धावा बोल्ने र सबै स्रोत र सम्पत्ति कब्जा गरेर इतिहासको पाङ्ग्रा नै उल्टोतिर घुमाउने अभियान आरम्भ गरेको थयो । स्टालिनले मार्क्सवाद-लेनिनवादको आलोकमा उसका ती सबै योजना र षड्यन्त्रहरू विफल पारिदिनुभएको थियो । फलस्वरूप समाजवादको लहर विश्वमै उर्लियो । स्टालिनले साम्राज्यवादविरुद्ध डटेर गरेको सङ्घर्ष, नाजीवादलाई चकनाचुर पारेको घटना र समाजवादभित्र छिरेका कीराहरूमाथि गर्नुभएको कारबाहीलाई जनताका वैरीहरूले 'क्रूर' भनेर अपव्याख्या गरे । उनीहरूले रुसको समाजवाद ढाल्न र विश्वभर आएको समाजवादको लहर रोक्न समाजवादमाथि नै हिलो छ्याप्ने र दुष्प्रचार गर्ने गोयबल्स शैली प्रयोग गरे । गोयबल्स त्यही नाजीवादी हिटलरको सञ्चारमन्त्री थियो । झूट कुरालाई पनि सयपल्ट सत्यजस्तै गरी दोहोऱ्याएपछि त्यो सत्य ठहरिन्छ भन्ने सिद्धान्त थियो गोयबल्सको । हिटलरी अभियान नै ध्वस्त भएपछि संसारभरका हिटलरपूजकहरू र गोयबल्सहरू स्टालिनमाथि खनिनु स्वाभाविक थियो । त्यसैले हिटलरका पक्षपोषकहरूले, साम्राज्यवादका अगुवा र अनुयायीहरूले स्टालिनको निधनपछि रुसमा धावा बोले र आफ्ना पक्षमा ख्रुस्चेब र ब्रेजनेभहरू त्यार पारे । ख्रुस्चेबले सर्वहारावर्गको कम्युनिस्ट पार्टीलाई सम्पूर्ण जनताको पार्टी, सर्वहारा अधिनायकत्वको राज्यलाई सम्पूर्ण जनताको राज्य, वर्गसङ्घर्षलाई शान्तिपूर्ण सङ्क्रमण भन्दै संशोधनवादको बीजरोपण गऱ्यो । बोल्सेबिक (क्रान्तिकारी) स्पिरिटमा अघि बढिरहेको पार्टीलाई ग्लास्तनोस्त र पेरेस्त्रोइका नामका सुधारवादी कार्यक्रमले ब्रेक लगाइयो । यो सबै साम्राज्यवादी निर्देशनमा गरिएको थियो । लेनिनको नाउँ जप्दै स्टालिनका योगदानहरूलाई ध्वंस गर्ने षड्यन्त्र गरियो । लेनिनवादको विकास र रक्षा गर्ने स्टालिनका विचारहरूलाई समाप्त पार्दै लगेपछि लेनिनवादमाथि पनि आक्रमण हुन थाल्यो । फलतः समाजवादमा प्रतिक्रान्ति भयो । पुँजीवाद हाबी भयो । साम्राज्यवादले राम्ररी खेल्यो र ऊ सफल भयो । रुसी जनतालाई फेरि एकपटक प्रतिक्रान्तिले नराम्ररी गाँज्यो । समाजवादभित्र साम्राज्यवादी कीटाणु छिर्नु भनेको समानतामूलक समाजलाई भताभुङ्ग पार्नु हुन्थ्यो, विकास र समृद्धिको गतिलाई रोक्नु हुन्थ्यो, समाजवादी लहरको रथका पाङ्ग्रा जबर्जस्ती बन्द गर्नु हुन्थ्यो, मानिसमा विकसित वैजानिक समाजवादी चेतनालाई उल्टो दिशातिर घुमाउनु हुन्थ्यो । अन्ततः समाजवादका विरुद्ध न्वारानदेखिको बल लगाएर साम, दाम, दण्ड, भेद सबै नीति लिएर लडिरहेका साम्राज्यवादीहरू एकपटक फेरि सफल भए । श्रमिक जनताले क्षणिक रूपमा भए पनि हार स्वीकार गर्नुपर्ने स्थिति उत्पन्न भयो । समाजवादलाई सीधै खराब भन्ने हैसियत उनीहरूको थिएन । त्यसैले उनीहरूले कमरेड स्टालिनका कामकारबाहीमाथि प्रहार गरे । मार्क्सका विचारहरू लागू गरेर नयाँ कार्यदिशा विकास गर्ने र समाजवाद स्थापना गर्ने लेनिनका योगदानहरूलाई लेनिनवादका रूपमा प्रस्तावित र पारित गर्ने स्टालिनमाथि प्रहार गर्नु भनेकै मार्क्सवाद-लेनिनवादमाथि प्रहार गर्नु थियो । यसमा उनीहरू क्षणिक रूपमा मात्र भए पनि विजयी भए ।

**मस्कोको हिउँसँग खेल्दै**

साँझको समय । उसै त मस्कोको कठ्याङ्ग्र्याउने चिसो, त्यसमाथि हल्का हिउँको वर्षाले वातावरण रोमाञ्चित बनिरहेको थियो । हामी यतिबेला सुस्तसुस्त गोर्की हिलको एकान्तस्थलमा पुगिसकेका छौँ । हामीसँग नेपाल कम्युनिस्ट पार्टीका नेता, कार्यकर्ता, नेपाल-रुस लेखक/पत्रकार मञ्च तथा नेपाल-कोरिया लेखक/पत्रकार मञ्चका पदाधिकारी, सल्लाहकार र स्वतन्त्रसहित १५ जना प्रतिनिधिका साथै ब्राजिल, कोरिया, बेल्जियम, नेदरल्यान्डलगायत मुलुकका कम्युनिस्ट पार्टीका नेता, कार्यकर्ताहरूसमेत झन्डै ४० जनाको समूह छ र हामीलाई दह्रो नेतृत्व दिइरहेका छन् कमरेड दिमित्री कोस्चेन्कोले । साथमा छन् मृदुभाषी अलेक्स र सुशील किशोरी लारिसा पनि जो पछि नेपाल-रुस लेखक-पत्रकार मञ्चको सदस्य र सचिवमा समेत खुसीसाथ छानिए ।

भ्लादिमिर इल्यिच लेनिन सन् १८७० अप्रिल १० तारिखको दिन तत्कालीन सिमबिर्स्क (हाल उल्यानोभ्स्क) मा सामान्य तर शिक्षित परिवारमा जन्मिनुभएको थियो । स्कुले-जागिरे बाबुआमाका सन्तान लेनिनका दाजु अलेक्जान्डर क्रान्तिकारी युवाहरूको सङ्गठनमा लागेर जार शासकको हत्या गरेको अभियोगमा मारिनुभएको थियो । क्रान्तिकारी गतिविधिमा लागेको अभियोग लगाएर साइबेरिया निर्वासित गरिएकै समयमा पार्टी कार्यकर्ता नादेज्दा कोन्सतान्तिनोभा क्रुप्सकायासँग उहाँको प्रेमविवाह भएको थियो । लेनिन निःसन्तान हुनुहुन्थ्यो तर मार्क्सवादको सफल प्रयोगकर्ता उहाँका करोडौँ वर्गसन्तान र कमरेडहरू जन्मिए ।

मस्कोको भीडभाडभन्दा अलि पर, एकान्तमा, जङ्गलको बीच भागमा छ गोर्की गाउँ (गोर्की हिल) । गोर्की हिल त्यही ऐतिहासिक स्थल हो जहाँ मार्क्सवादका सफल प्रयोगकर्ता एवम् लेनिनवादका प्रवर्तक महान् नेता र कमान्डर कमरेड भ्लादिमिर इलिच लेनिन (पारिवारिक नाम भ्लादिमिर इलिच उल्यानोभ) ले महान् अक्टोबर क्रान्तिपछिका करिब ६ वर्ष उपचार, गहन अध्ययन, मनन र समाजवादी सोभियत रुसको सुन्दर भविष्यको खाका कोर्दै बिताउनुभएको थियो ।

महान् अक्टोबर क्रान्तिको सफलतापछि आत्तिएका षड्यन्त्रकारीहरूले एउटी भाडाकी आतङ्ककारी महिलालाई प्रयोग गर्दै लेनिनमाथि गोली प्रहार गर्ने अमानवीय, निन्दित र कायरतापूर्ण कार्य गराएका थिए र लेनिन उपचारका साथै भाबी रुसको निर्माण र विकासको खाका कोर्दै गोर्की हिलमा घाइते जीवन बिताइरहनुभएको थियो ।

हामीले यसअघि नै क्रेमलिनस्थित रेड स्क्वायर पुगेर अहिल्यै जुरुक्क उठेर संसारभरका श्रमिक, उत्पीडितहरूलाई सम्बोधन गरिहाल्नुहोलाजस्तो महान् लेनिनको भव्य शव अवलोकन गरिसकेका थियौँ । कठ्याङ्ग्रिँदो जाडोमा हिउँको वर्षा पन्छाउँदै लेनिनको शव हेर्न पसेका हामी लेनिनको पार्थिव शरीरलाई सलाम गरेर बाहिरिँदासम्म शरीर तातेर हिउँ र हुस्सुको चिसो फरार भइसकेको थियो । मनमा एकतमासको रातो र तातो ऊर्जा प्राप्त भएको अनुभूति भइरहेको थियो । लेनिनको पार्थिव शरीरको अवलोकन गर्दा महान् अक्टोबर क्रान्तिको सफलताका क्रममा लेनिनग्राद (पुरानो पेत्रोग्राद अर्थात् सेन्टपिटर्सबर्ग) मा दुस्मनलाई धुलो चटाएर एउटा पुरानो सैनिक गाडीमा चढेर विजयपताका फहराउँदै झन्डै ६ हजार किलोमिटर यात्रा गर्दै क्रेमलिन आइपुगेर रेड स्क्वायरमा लाखौँ मजदुरहरूलाई सम्बोधन गर्दै गरेका लेनिनको स्मरण भइरहेको थियो । आज हामी उनै महान् लेनिनले जीवनका अन्तिम क्षणहरू बिताएको घरमा पुगेका थियौँ ।

रुसी भाषामा लेनिनगृहको सविस्तार वर्णन गर्दै गरेकी दोभासेको रुसी भाषाको सन्देश युवा क्रान्तिकारी कमरेडले लट्टे पड्किएको शैलीमा अङ्ग्रेजी भाषामा भर्रर प्रवाह गरिरहेका थिए । उनको धाराप्रवाह शैलीले मलाई मात्र होइन, सबै यात्रीलाई त्यस्तै प्रभाव पारिरहेको थियो भन्ने बुझ्न कुनै कठिनाइ थिएन । हामी लेनिन बसेको घर, बोल्सेबिक पार्टीको बैठक कक्ष, आगन्तुक कक्ष, लेनिनले प्रयोग गर्नुभएका कुर्सी, टेबुल, पोसाक, पुस्तकालय, ड्रेसिङकक्ष, ऐना, स्नानकक्ष, बन्दुक, कलम, पत्रपत्रिका अवलोकन गर्दै यो चोटाबाट ऊ कोठा हुँदै बिरालोको चालमा अघि बढिरहेका छौँ । सबै श्रोता स्तब्ध र मौनमौन छन्, एउटा सियो खसे पनि आवाज सुनिएलाजस्तो छ वातावरण । महान् लेनिनको बैठक कक्षमा पुगेपछि हामीले प्रस्टै देख्यौँ लेनिनले प्रयोग गर्नुभएको टेबुल घडी र टेबुल क्यालेन्डर । दोभासे युवक रुसी महिलाको प्रवचन अनुवाद गरिरहेकै छन् आफ्नै गतिमा । यत्तिकैमा उनले भने, 'जब लेनिनले सन् १९२४ को जनवरी २१ को सन्ध्या समयमा अन्तिम श्वास फेर्नुभयो नादेज्दा कोन्सतान्तिनोभा क्रुप्सकायाले यो टेबुल घडी बन्द गरिदिनुभयो । त्यसपछि यो घडीको सुई कहिल्यै घुमेन ...!!'

उनले यत्ति भनिसकेपछि वातावरण झनै स्तब्ध र चकमन्न भयो । मानिसहरू सुँकसुँकाइरहेका देखिए । मैले पनि आफूलाई सामान्य अवस्थामा राख्न सकिनँ । टेबुल घडी नजिकै थियो टेबुल क्यालेन्डर । लेनिन हरेक दिन बिहानै यो क्यालेन्डर पल्टाउने गर्नुहुन्थ्यो । क्यालेन्डरमा जनवरीको २१ तारिख पल्टिएको थियो । लेनिनको श्वासप्रश्वासको गति रोकिएपछि फेरि कहिल्यै यो क्यालेन्डरको पाना पल्टिएन । यहाँ पनि हामीले एक छिन मुटुको धड्कन रोक्यौँ । वास्तवमै फेरि समय ठप्प भयो ।

त्यसपछि हामी आइपुग्यौँ लेनिनले अन्तिम श्वास लिएको उहाँको बिस्तरामा । सफा, सेतो बिस्तरा लेनिनको सफा जीवनजस्तै लमतन्न थियो । छेवैमा थियो आराम गरिरहेका लेनिनजस्तै लाग्ने सेतो अर्धकदको सालिक । यो सालिक उभिएको थिएन, श्वासप्रश्वास रोकिएपछिका लेनिनजस्तै ढल्किएको थियो । मलाई एकपटक लेनिनको बिस्तरा छुन मन लाग्यो तर सुरक्षाकर्मीले प्रतिबन्ध घोषणा गरिसकेका थिए । लेनिन बस्ने गरेको बेतको कुर्सी, सोफा, ह्विलचियर, बिस्तरा, दराज, पुस्तकालय सबै उस्तैउस्तै थिए, त्यहाँ थिएन त केवल महान् लेनिनको भौतिक उपस्थिति । लेनिनले हातमुख धुने गरेको धारामा गएर मैले लेनिनले गरेजस्तै कल्पना गरेर हात धोएको अभिनय गरेँ र त्यसैगरी कुर्सीमा बसेको जस्तो अभिनय पनि गरेँ । हामी लेनिनको पाइतालाले कुल्चिएको भुइँ कुल्चिएर हिँडिरहेका थियौँ । लेनिनले श्वासप्रश्वास लिएको वातावरणमा म यताउता टहलिरहेको थिएँ । जीवनको एउटा उत्कर्ष अनुभूति ग्रहण गरिरहेको थिएँ म । क्रुप्सकायाको शयन, भेटघाट, शृङ्गार र बैठक कक्ष, लेनिनकी बहिनीको शयन र शृङ्गारकक्ष सबै अवलोकन गरिसकेपछि मैले आफूलाई लेनिनको एउटा वर्गसन्तानका रूपमा अनुभूत गरेँ । लेनिनका सन्तान नभए पनि संसारभरका मार्क्सवादी-लेनिनवादीहरू, महान् लेनिनका योगदानहरूलाई लेनिनवादमा विकास गर्ने र त्यसलाई साँच्चै सोभियत रुसको भूमिमा लागू गरेर दखाउने महान् स्टालिनका असली अनुयायीका रूपमा मैले आफूलाई अनुभूत गरेँ ।

हामी महान् लेनिनले अक्टोबर क्रान्तिको माध्यमबाट रुसलाई आततायी जारको शासनबाट मुक्त गराउनुभएको ऐतिहासिक दिन अक्टोबर क्रान्तिको शतवार्षिकी अन्तर्राष्ट्रिय महासम्मेलनमा भाग लिन पुगेका थियौँ रुसमा । यात्रा भर्खर सुरु भएको थियो । हामी लेनिनग्राद र स्टालिनग्राद पुग्न र महासम्मेलनमा भाग लिन बाँकी नै थियो । गद्दार ख्रुस्चेब र उसका प्रतिगामी पिछलग्गुहरूले महान् लेनिन र महान् रुसी जनताले करोडौँको स़्यामा बलिदान गरेर निर्माण गरेको सोभियत सत्ता र समाजवाद ध्वस्त पारे पनि, नाजीवाद, हिटलर र विश्वयुद्धलाई ध्वस्त पारेर सोभियत रुसलाई शक्तिशाली बनाउने महान् स्टालिनको शव र सालिक क्रेनले ढालेर घिसारे पनि मस्कोका गल्ली, चोक र भित्ताभित्तामा, भूमिगत रेल स्टेसनदेखि नदीकिनारका पर्खालहरूसम्म हँसियाहथौडा अङ्कित कम्युनिस्ट अन्तर्राष्ट्रिय झन्डा फहराइरहेका थिए । संसारभरका क्रान्तिकारीहरूको हृदयको ढुकढुकी बनिसकेका लेनिनवाद र स्टालिनका आयामहरू रुसी भूमिको सीमा नाघेर संसारभरका श्रमिक जनको स्पन्दन बनिसकेका थिए । भोल्गा नदीको किनारबाट उदाएका महान् लेनिन र जर्जियाको दलित परिवारबाट उदाएका स्टालिनका योगदानहरूको स्मरण गर्दै हामी चुपचापको गतिमा छिप्पिँदो साँझमा सुस्तरी बाहिरी सडकमा निस्कियौँ । मैले घरबाहिर निस्किएपछि पनि एकपटक लेनिन र स्टालिनको सम्मानमा मुठी उठाएर लालसलाम गरेँ । सहयात्रीहरू एकतमासले लेनिनगृहतिरै आँखा बिछ्याइरहनुभएको थियो ।

**महासम्मेलनपछि लेनिनग्रादको ऐतिहासिक दिन**

नोभेम्बर ७, २०१७ मा रुसको पूर्वराजधानी लेनिनग्राद (हाल सेन्टपिटर्सबर्ग) मा अक्टोबर क्रान्तिको शतवार्षिकीका अवसरमा आयोजित महासम्मेलन र त्यसको भोलिपल्ट आयोजित रात्रीकालीन विशेष सम्मेलनपछि महासम्मेलन आयोजक समितिका सचिव कमरेड दिमित्री कोस्चेन्को हामीबाट बिदा भइसकेका थिए । तर उनी युरोपकै अर्को कुनै मुलुकमा पुगिसकेका छन् भन्ने कुरा हामीलाई हाम्रो यात्राको अन्तिम दिन मात्र अर्का आयोजक कमरेड भादिमले .सुनाए । कमरेड भादिमसँग अघिल्लो वर्ष जनगणतन्त्र कोरियाको राजधानी प्योङ्याङमा कमरेडली न्याना हात मिलाएका थियौँ हामीले, साम्राज्यवादविरोधी अन्तर्राष्ट्रिय सम्मेलनका क्रममा ।

रुस यात्राका क्रममा लेनिनग्राद बसाइको अन्तिम दिन तर हाम्रो यात्राको एउटा अत्यन्तै महत्वपूर्ण कार्यक्रम बाँकी नै थियो । नेपालबाट मैले लगेको जम्बो सुटकेसभित्रको ३२ केजी सामान के होला भन्नेमा धेरैलाई अनुमान थिएन, थाहा थियो त उनै दिमित्री र नेपालबाट गएका कमरेड भीम भारतीलाई किनकि उनीहरू यो गह्रौँ झोलाभित्रको सामान बोक्नेमा अग्रपङ्क्तिमा थिए । मैले केही साथीलाई मात्र सुटुक्क भनेको थिएँ- यो गह्रौँ सामान र भारी हामी अन्तिम दिन संसारभरबाट आएका कम्युनिस्ट पार्टीका नेताहरूका बीच फुकाउनेछौँ र वितरण गर्नेछौँ । तर यसभित्र केके छ भन्ने कुरा भने मलाई मात्र थाहा थियो ।

कमरेड भादिमले अन्तरक्रियाका लागि जब हामीलाई एउटा भव्य हलमा पुऱ्याए, मैले धमाधम आफ्ना गह्रौँ पोकापुन्तुराहरू फुकाउन सुरु गरेँ । अन्य देशका अतिथिहरू भेला हुनुअघि नै हामीले हलमा रहेका स्ट्यान्ड (अड्याउने) हरूलाई प्रयोग गर्दै पुस्तक लोकार्पण र अन्तरक्रियाका लागि लगिएका ब्यानरहरू फुकाएर टाँसिसकेका थियौँ । तीनचारवटा टेबुलहरू जोडेर सबै पुस्तक र प्रकाशनहरू फिँजाइसकिएको थियो । एउटा ब्यानर नेपाल-कोरिया लेखक-पत्रकार मञ्चको थियो । यो ब्यानरमा नेपाल कम्युनिस्ट पार्टीका आदरणीय महासचिव कमरेड विप्लवद्वारा रचित 'एकीकृत जनक्रान्ति' ग्रन्थको तेस्रो संस्करण लोकार्पण हुँदै थियो र त्यो पनि संसारभरबाट उपस्थित क्रान्तिकारी कम्युनिस्ट पार्टीका नेताहरूको हातबाट । यात्राभर नखोलिएको झोलामा रहेको गह्रौँ वस्तु त्यही एकीकृत जनक्रान्ति पुस्तक थियो । मेरो सम्पादन र अखिल क्रान्तिकारीका अध्यक्ष पूर्णबहादुर सिंहको प्रकाशन रहेको नेकपाका महासचिव कमरेड विप्लवको एकीकृत जनक्रान्ति ग्रन्थको तेस्रो संस्करण झन्डै आठ सय पृष्ठको छ र यसको भौतिक तौल मात्र पनि करिब एक किलोबराबर छ । नेपालबाट विकसित वर्गसङ्घर्षको नयाँ मोडेल एकीकृत जनक्रान्ति हाम्रा लागि मात्र होइन, क्रान्तिकारी कम्युनिस्ट आन्दोलन विकास हुन नसकेका र क्रान्तिको नयाँ कार्यदिशाको अभावमा रुमल्लिरहेका सबै देशका कम्युनिस्ट पार्टीका नेताहरूका लागि रुचि, चासो र आवश्यकताको विषय थियो । त्यही सोचेर अक्टोबर क्रान्तिको शतवार्षिकीका अवसरमा लेनिनग्रादमा आयोजित महासम्मेलनमा उक्त पुस्तक लोकार्पण र परिचर्चा गर्ने उद्देश्य राखिएको थियो ।

मैले लेनिनग्राद-स्टालिनग्रादमा लोकार्पण र परिचर्चाका लागि बोकेका पुस्तक र पत्रिकाहरूको पोको कहिले दिमित्री र कहिले निकोलाईले पालैपालो गरी बोकेर कमरेड्ली माया देखाएका थिए । लोकार्पणका लागि खोलिएको पोकोमा अन्य सामग्री थिए- नेकपाका स्थायी समिति सदस्य एवम् अन्तर्राष्ट्रिय ब्युरो प्रमुख कमरेड धर्मेन्द्र बास्तोला 'कञ्चन' ले गतसाल प्रकाशन गर्नुभएको अक्टोबर क्रान्तिको शतवार्षिकीसम्बन्धी पुस्तिका, नेकपाले अक्टोबर क्रान्तिको शतवार्षिकीका अवसरमा प्रकाशित गरेको ब्रोसर (पर्चा), रातो खबर साप्ताहिकको अक्टोबर क्रान्तिको शतवार्षिकी विशेष अङ्क, नागरिक समाजले अक्टोबर क्रान्तिको शतवार्षिकीका अवसरमा प्रकाशन गरेको विशेष पर्चा, मैले २१ वर्षदेखि सम्पादन/प्रकाशन गर्दै आएको नौलो बिहानीको अक्टोबर क्रान्तिको शतवार्षिकी विशेषाङ्क, नौलो बिहानीकै साम्राज्यवादविरुद्ध जनगणतन्त्र कोरिया र थबाङ महाधिवेशन विशेषाङ्क, जनगणतन्त्र कोरियाको दोस्रो यात्रापछि मैले लेखेको शक्तिशाली समाजवाद : जनगणतन्त्र कोरियाको दोस्रो यात्रा (संस्मरणसङ्ग्रह), आमा काव्य, रामप्रसादको सिसमहल (कथासङ्ग्रह), सिर्जनाभूमि (साहित्यिक इतिहास), विद्यार्थीनेता कमरेड पूर्णबहादुर सिंहले लेख्नुभएको र नेपाल-कोरिया लेखक-पत्रकार मञ्चले प्रकाशन गरेको जनगणतन्त्र कोरिया यात्रासम्बन्धी पुस्तक वैज्ञानिक समाजवाद र जनगणतन्त्र कोरिया, कवि अतृप्त पाण्डेयको कवितासङ्ग्रह समयसित रुमाल छैन' लगायत । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमै मेरो लगेज ३२ केजी भएको र २० केजीभन्दा बढी लग्न नपाइने भनेर १२ केजी पुस्तक निकाल्न लगाइएको थियो सुटकेसबाट । एउटा योजना र कार्यक्रमसहित तय गरेर बोकेका पुस्तकको तौल बढी भयो भन्दैमा म किन छाड्थेँ र एयरपोर्टमै । विशेष शुल्क तिरी अर्कै प्याकेट बनाएर मैले त्यसलाई दोस्रो लगेज बनाएको थिएँ । मस्को झर्दासम्म पनि कयौँ सहयात्रीहरू मेरो पुस्तकमोह र दुईवटा गह्रौँ लगेजप्रति व्यङ्ग्य र टिप्पणी गर्दै थिए तर मैले कुनै सामान बाटामा छोडिनँ । त्यसलाई गन्तव्यमा पुऱ्याउन सहयोग गरिरहेका थिए दिमित्री र निकोलाई । यात्रामा हिमलाल पराजुली र भीम भारतीको पनि केही साथ पाएको थिएँ पुस्तक बोक्न । भारतीले त आफ्नो झोला नै च्यातिने गरी पुस्तक राखेर घिसारेका थिए ।

पहिले हामीले धमाधम पुस्तकहरू लोकार्पण गर्न आरम्भ गऱ्यौँ । कहिल्यै पुस्तक लोकार्पण गर्ने बानी नपरेका विभिन्न देशका कम्युनिस्ट पार्टीका नेताहरूलाई हामीले पुस्तक समाउने र देखाउने तरिका पालैपालो सिकायौँ । रुस, जापान, बेलायत, पोल्यान्ड, हँगेरीदेखि ब्राजिल र पेरूसम्मका मार्क्सवादी-लेनिनवादी-माओवादी कम्युनिस्ट पार्टीका नेताहरूले नेपाली भूमिमा लेखिएको एकीकृत जनक्रान्तिको कार्यदिशाका दस्ताबेजहरू लेकार्पण गरे । सभामा गम्भीरता प्रदर्शित भयो । कमरेड हिमलाल पराजुली र माणिक लामाले ती पुस्तकहरू केके विषयमा लेखिएका छन् भन्ने परी लगाउँदै गए । सबैभन्दा बढी चर्चा एकीकृत जनक्रान्ति पुस्तकको भयो र त्यसपछि अरूअरू पुस्तक, पत्रिका र पर्चाहरूको । पुस्तकको सार खिच्दै कमरेड हिमलालले एकीकृत जनक्रान्ति नै आजको कम्युनिस्ट आन्दोलनको नयाँ कार्यदिशा भएकाले संसारमै मुर्झाइरहेको कम्युनिस्ट आन्दोलनका लागि यो नयाँ दस्ताबेज हो भन्दा रुसदेखि जनगणतन्त्र कोरिया र दक्षिणकोरियासम्मका कम्युनिस्ट पार्टीका नेताहरू धेरै गम्भीर भएको देख्न पायौँ । कमरेड भादिम नयाँ कुरा फेलापारेझैँ फुलेल देखिन्थे । ब्राजिल र पेरूका कमरेडहरू पुस्तकलाई अङ्ग्रेजी भाषामा रूपान्तरण गरिदिन सुझाइरहेका थिए । संयोगले उक्त कार्यक्रमकै अवसर पारेर रुस र जापानका कम्युनिस्ट पार्टीले जुछे विचारका बारेमा बहस चलाएका थिए । एकीकृत जनक्रान्ति संसारका सबै सङ्घर्ष र क्रान्तिहरूको अध्ययन, विश्लेषण र संश्लेषणपछि जन्मिएको र रुस र चीनमा प्रयोग भएको क्रान्तिको मोडेलको जगमा उभिएको नयाँ मोडेल हो भनेपछि किम इल सुङको जुछे विचारका अनुयायीहरू पनि प्रभावित भएको अनुभूति गऱ्यौँ ।

त्यसपछि हाम्रो अर्को ब्यानरको काम सुरु भयो । अर्को ब्यानर थियो हामीले महासम्मेलनभर यात्रा र जुलुसहरूमा हजारौँ मानिसहरूका बीच प्रदर्शित गरिसकेको तर सोही दिन आयोजित ' महान् अक्टोबर क्रान्तिको शतवार्षिकी तथा लेनिनका योगदानहरू' विषयक अन्तरक्रियाको । सबैभन्दा पहिले हामीले जनगणतन्त्र कोरियामा जस्तै लेनिनग्रादमा पनि नेपाल-रुस लेखक/पत्रकार मञ्च घोषणा गऱ्यौँ । मञ्चमा नेपाल र रुसका क्रान्तिकारी कम्युनिस्ट पार्टीका नेता, लेखक र पत्रकारहरू पनि सामेल भए । उनीहरू हाम्रो तयारी देखेर धेरै खुसी पनि भए । त्यसपछि हाम्रो ब्यानरको विषयवस्तुमाथि नेपालका माणिक लामा, प्राडा सुरेन्द्र केसी, प्राडा गोपाल शिवाकोटी 'चिन्तन', म, हिमलाल पराजुली र अतिथिहरूमध्ये रुस, जापान, ब्राजिल, बेलायत, पेरूलगायत मुलुकका प्रतिनिधिले आआफ्नो मन्तव्य व्यक्त गरे ।

त्यसपछि हामीले

... बाँकी ६ पेजमा

# कोरोना भाइरस सङ्क्रमणले निम्त्याएको व्यावहारिक शिक्षा

**ऋषिराम सापकोटा**

शिक्षा जीवनपर्यन्त चलिरहने प्रक्रिया हो । समय र परिस्थितिअनुरूप शिक्षा लिने र दिने प्रक्रिया फरकफरक हुन्छ । मानवसभ्यताको उत्पत्ति र विकाससँगसँगै ज्ञान र सीपलाई स्थानान्तरण गर्ने विधि र तौरतरिका फरकफरक ढङ्गबाट विकसित भएको पाइन्छ । शिक्षाको विकास व्यावहारिक शिक्षाको माध्यमबाट अगाडि बढेको पाइन्छ । आदिम युग अर्थात् जङ्गली युगमा जीवन जिउनका लागि आफ्ना अग्रज बाबुआमाबाट छोराछोरीमा स्थानान्तरण हुने ज्ञान र सीप शिक्षा थियो । खानाका लागि सिकार गर्न जानु, धारिलो हतियार बनाउनु, रूख चढ्न जान्नु, खान हुने र खान नहुने कन्दमूल चिन्नु, ओखतीमुलो चिन्नु आदि कुराहरू व्यावहारिक जीवन उपयोगी शिक्षाका रूपमा अघिल्लो पुस्ताले पछिल्लो पुस्तालाई हस्तान्तरण गरेको पाइन्छ ।

*कोरोनाका कारण शिक्षालाई जीवन उपयोगी र व्यावहारिक बनाउने अवसर पनि प्राप्त भएको छ । अब हामीले बालबालिकालाई दिइने शिक्षा कोरा आदर्शवादी र किताबी ज्ञान मात्र नभएर उसको जीवन जिउने सीप र सीप आर्जन गर्ने कलालाई मूल्याङ्कनसँग जोड्नुपर्छ । अब सोधिएको उत्तरमा अङ्क दिने नभएर उसको व्यवहारमा आएको परिवर्तनलाई मूल्याङ्कन गर्नुपर्छ ।*

मानिसले प्रकृतिले दिएका उपहारका बारेमा खोजी गर्न थाल्यो । ज्ञानको खोजी गर्ने व्यक्ति गुरु कहलिए । त्यसपछि गुरु र चेलाको सम्बन्धबाट ज्ञान स्थानान्तरण गर्ने र सीप सिकाउने प्रचलन आयो । यसलाई हामी गुरुकुल शिक्षा भन्छौँ जुन शिक्षाले जीवन जिउने कला, युद्धकला सिक्ने, जीवन र जगत्लाई बुझ्ने, प्राकृतिक उपहारको खोजी गर्ने आदि कुरामा निपुण हुनका लागि गुरुबाट चेलाले ज्ञान र सीप आर्जन गर्ने गर्दथे । चार पर्खालभित्र थुनेर औपचारिक शिक्षा प्रदान गर्ने प्रचलन आएपछि खोज, अनुसन्धानबाट जीवन र जगत्लाइ बुझ्ने र प्रकृतिलाई बुझ्नेभन्दा पनि अरूले गरेको खोज, अनुसन्धानका तथ्यहरूलाई बासी पुराणका रूपमा रट्ने अर्थात् सम्भिmने। कण्ठ गर्ने र परीक्षामा धेरै अङ्क ल्याउने होडबाजीले गर्दा हाम्रोजस्ता अविकसित मुलुकहरूमा व्यावहारिक सीपमूलक शिक्षा ओझेलमा पर्दै गयो जसले गर्दा अनुत्पादक शिक्षा मौलाउँदै गयो । यसको परिणामस्वरूप दुईतीनवटा डिग्रीका प्रमाणपत्र झोलामा थन्क्याएर खाडी मुलुक र विकसित मुलुकहरूमा जीविकोपार्जनका लागि पलायन हुनुपर्ने परिस्थिति उत्पन्न भयो । घरपरिवार र समाजले समेत बासी पुराण सम्झिएर गरेर प्राप्त गरेको अङ्क र प्रमाणपत्रलाई उपलब्धि मान्न थाल्यो । यसको परिणामस्वरूप मानिसले आफ्नो उत्पादनमूलक काम बिर्सियो । खोज, अनुसन्धान बिर्सियो । संस्कार र रीतिरिवाज बिर्सियो, घरको काम, खेतबारीको काम, करेसाबारीको कामलगायत जीवन उपयोगी सीपहरू सबै बिर्सियो ।

आज विश्वभरि फैलिएको अदृश्य शक्ति अर्थात् कोरोना भाइरस (कोभिड १९) ले पहिले बिर्सिएका सबै कुराहरूलाई सम्झाइदिएको छ । शक्ति र धनबाट सम्पन्न पुँजीवादी/साम्राज्यवादी मुलुकहरू जसले प्रकृतिलाई दोहन गरी मानवसभ्यतालाई नै सङ्कटग्रस्त बनाएका थिए तिनीहरूलाइ पाठ सिकाएको छ । जीवनको परबाह नगरी मेसिनजस्तै बनेको मानवलाई आराम गर्न सिकाएको छ । जीवन जिउनका लागि नभइनहुने अन्नबाली उत्पादन गर्न छाडेर आणबिक बम र हतियार बनाउने, औद्योगिक क्रान्तिका नाममा वातावरणलाई प्रदूषित पार्नेहरूलाई खाद्यान्न के हो र प्राकृतिक शक्ति के हो भन्ने कुरा बुझाइदिएको छ । आफ्नो देश र परिवार बिर्सनेहरूका लागि देश र परिवारको महत्व बुझाइदिएको छ । कृषि पेसालाई सम्मानित बनाएको छ । प्राकृतिक वातावरणलाई सन्तुलन गरिदिएको छ । तसर्थ कोरोनाले मानिसलाई नयाँ तरिकाले सोच्न बाध्य बनाएको छ । मानिसको अहम्, दम्भ र घमण्ड तोडिदिएको छ । यो अदृश्य प्राकृतिक शक्ति मानवसभ्यताको संरक्षणका लागि आएको छ भन्दा अतिशयोक्ति नहोला ।

आज कोभिड १९ ले चार पर्खालभित्र दिइने औपचारिक शिक्षालाई नाकाम बनाइदिएको छ । शिक्षा निरन्तर चलिरहने प्रक्रिया भएकाले समय र परिस्थितिअनुसार शिक्षाको विषय, गुणस्तर, शिक्षा लिने र दिने प्रक्रियामा पनि परिवर्तन गर्न जरुरी छ । मानिसको जीवन र व्यवहारमा प्रयोग हुने वैज्ञानिक, व्यावहारिक र जीवनवादी शिक्षा अत्यावश्यक बनेको छ । सरकारले पनि यो विषयमा गम्भीर भएर सोच्नुपर्छ ।

कोरोनाका कारण शिक्षालाई जीवन उपयोगी र व्यावहारिक बनाउने अवसर पनि प्राप्त भएको छ । अब हामीले बालबालिकालाई दिइने शिक्षा कोरा आदर्शवादी र किताबी ज्ञान मात्र नभएर उसको जीवन जिउने सीप र सीप आर्जन गर्ने कलालाई मूल्याङ्कनसँग जोड्नुपर्छ । अब सोधिएको उत्तरमा अङ्क दिने नभएर उसको व्यवहारमा आएको परिवर्तनलाई मूल्याङ्कन गर्नुपर्छ । खाना खानुभन्दा अगाडि साबुनपानीले हात धुनुपर्छ भनेर लेखिएको उत्तरमा अङ्क दिने र मूल्याङ्कन गर्ने होइन, साबुनपानीले हात धोएको छ कि छैन भनी मूल्याङ्कन गर्नुपर्छ । रमाइलोका लागि कथा पढ्न सिकाउने मात्र होइन, कथाले दिन खोजेको सन्देशलाई व्यवहारमा उतारेको छ कि छैन भन्ने आधारमा मूल्याङ्कन गर्नुपर्छ ।

कोभिड १९ का कारण शैक्षिक सत्रको करिब पाँच महिना खेर गएका छन् । विद्यार्थीलाई विद्यालयमा भौतिक रूपमा उपस्थित गराएर शिक्षण गराउने र पेपर, पेन्सिल, टेस्टबाट मूल्याङ्कन गर्ने अवस्था नभएको अवस्थामा शिक्षालाई विद्यार्थीहरूको दैनिक जीवनसँग उपयोगी हुने सिकाइलाइ यस वर्षको शिक्षणको मुख्य आधार बनाउनुपर्छ । आधुनिक विधि र प्रविधिको पहुँच सबै विद्यार्थीसँग छैन र त्यो रातारात हुने कुरा पनि होइन । ज्ञान र सीप स्थानान्तरण गर्ने सबै विकल्पहरूलाई खुला राख्दै विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउने उत्तम विधि परियोजना कार्य नै हो । सबै विषयवस्तुलाई समेटेर परियोजना कार्य दिने, उक्त परियोजना कार्य गर्नका लागि घरपरिवार र शिक्षकले मार्गनिर्देश तथा सहजीकरण गर्ने, उक्त परियोजना कार्यबाट विद्यार्थीको व्यवहारमा आएको परिवर्तनलाई मूल्याङ्कन गर्ने।

आजको शिक्षाले हाम्रा बालबालिकालाई परनिर्भर बनाएको छ । परनिर्भरताबाट आत्मनिर्भर गराउने, देशभक्तिपूर्ण चेतना, भावना र व्यवहार प्रदर्शन गर्नसक्ने बनाउनेखालको व्यवहारिक शिक्षा आजको आवश्यकता हो । कोभिड १९ ले हाम्रो शिक्षाप्रणालीलाइ त्यसतर्फ अग्रसर गराइरहेको छ तर हामी पुरानो विचार र शैलीको शिक्षा दिन र लिन नपाउँदा छट्पटाइरहेका छौँ । शैक्षिक सत्रको बाँकी रहेको अवधिलाई पूर्ण रूपमा सदुपयोग गर्दै वैकल्पिक विधिको माध्यमबाट हाम्रा बालबालिकालाई व्यावहारिक र जीवन उपयोगी सीप सिकाउनु आवश्यक छ । उदाहरणका लागि गणित विषयको शिक्षणलाई सेतो पाटी र मार्करमा सीमित गर्दा गणित विषयलाई विद्यार्थीले बोझका रूपमा लिएका हुन्छन् । यसलाई व्यावहारिक जीवनसँग जोड्न सक्नुपर्छ हामीले प्रयोग गर्ने वस्तुहरू ज्यामिति आकारका हुन् । यिनीहरूको आकार, प्रकार, नाप, तौल, क्षेत्रफल, आयतन आदिका बारेमा परियोजना कार्य दिने, विद्यार्थीले दैनिक रूपमा बजार गएर खरिद गरिने वस्तुको मूल्यमा हुने छूट, नाफा-नोक्सान आदिका बारेमा परियोजनाकार्य दिन सकिन्छ । आफ्नो घरपरिवारको आम्दानी, ऋण, धन र ब्याजका बारेमा परियोजना कार्य दिएर गणितका विषयवस्तुहरूलाई व्यावहारिक ढङ्गबाट सिकाउन सकिन्छ । यसरी नै सबै विषयका विषयवस्तुलाई समेटेर परियोजनाकार्यका माध्यमबाट व्यावहारिक र जीवन उपयोगी शिक्षाको जगलाई बलियो बनाउन सकिन्छ । यसको परिणामस्वरूप सीपमूलक जनशक्ति उत्पादन भई परनिर्भरता हट्नेछ भने अर्कोतर्फ खेर जान लागिरहेको शैक्षिक सत्रलाई उपयोग गरी विद्यार्थीको भविष्यलाई अगाडि बढाउन सकिन्छ ।

(लेखक श्री ज्ञानोदय नमुना मावि, खजुरा बाँकेका प्रधानाध्यापक हुन् ।)

## दलाल पुँजीवादलाई ...

जनताकै हितमा र राष्टङ्को हितमा काम गर्नुभयो भने जनसत्ताले तपाईंहरूको हितमा काम गर्दै जान्छ । तर बाहिर हेर्दा उद्योग खोलेको जस्तो गर्ने, भित्र राज्यसँग मिलेर जनतालाई दोहन गर्ने गरे त हाम्रो सत्ताले पनि मान्दैन नि । उदाहरणका लागि एनसेलले के तर्क गर्दछ भने हामीले नेपालका हजारौँलाई रोजगार दिएका छौँ । ठीक छ, एनसेलले गरोस् तर सुविधाका नाममा जनतालाई थाहै नहुने गरी अत्याचार मच्चाउनुभएन नि ! अनि गरिब देशबाट वर्षमा अर्बौंखर्बौं पुँजी विदेश पलायन गर्नु भएन नि । यसो भन्नु उद्योगी व्यवसायीका विरुद्ध हुन्छ कि संरक्षण हुन्छ । जस्तो एनटीसी, आफ्नो सूचना सञ्चारलाई करप्सन गरेर ध्वस्त पार्ने एनटीसी राम्रो बनाएर राज्यलाई फाइदा हुन्छ नि, त्यो ध्वस्त पार्ने तर पैसाजति एनसेलमा सोझ्याउने, खेतको कुलो अर्कोतिर फर्काएको जस्तो गर्ने प्रवृत्ति देशलाई ठगेर विदेश पलायन गर्ने प्रवृत्ति हो । हामी यसका विरुद्ध त लड्छौँ नि । वैज्ञानिक समाजवादमा मात्रै वास्तविक रूपले उद्योगधन्दाहरूको विकास र संरक्षण हुन्छ । चीनमा माओले विकास गरेको नयाँ शिक्षानीतिले हरेक जनता, हरेक किसानको छोरालाई चेतना उठाएपछि आज चीन औद्योगिकीकरण भएको हो नि ! समाजवादले यो ल्याउँछ । यसमा ढुक्क भए हुन्छ ।

» ***पछिल्लो चरणमा नेपालको भूभागमा भारतले हस्तक्षेप गरेपछि ठूलो स्तरमा राष्ट्रिय आन्दोलनको उठान पनि भयो । नेपालको हस्तक्षेप गरिएको भूभाग समेटेर नक्सा त सार्वजनिक भयो तर अहिले त्यो विषय त्यत्तिकै थन्किएको अवस्था छ । यो भूभाग नेपालले पूर्ण रूपले प्राप्त गरिसकेको अवस्था छैन । यही क्रममा भारतीय सेना प्रमुख, 'र' का प्रमुखलगायतको नेपाल भ्रमण भयो । नेपालमा फेरि ठूलो राष्ट्रघातको आशङ्का गरिएको अवस्था छ । यसलाई कसरी बुझ्नुपर्छ ?***

उत्तर : नेपालमा राष्ट्रियताका विषयमा लामो बहस छ । अहिले कालापानी, लिम्पियाधुरा, लिपुलेकको बहस अगाडि आए पनि ब्रिटिसकालदेखिकै कैयौँ बहसहरू छन् हामीले खोज्दै गयौँ भने । तर नढाँटेर भित्रदेखि नै भन्ने हो भने नेपालीहरूलाई के लागेको छ भने अङ्ग्रेजसँग सम्झौता गर्दाखेरिको समयदेखिकै समीक्षा गर्नुपर्दछ । नेपालको ठूलो जनमत यसमा छ । कतिसम्म तर्क छ भने अङ्ग्रेजहरू छोडेर जाँदाखेरि दार्जिलिङका जनता नेपालमा आउन चाहन्थे । त्यो स्वतः हुन्थ्यो । अङ्ग्रेजहरू पनि त्यो नेपालकै हो भन्नेमा थिए तर नेपालका राणा शासकहरू नेपालमा दार्जिलिङ आयो भने सबै नेपालीमा चेतना आउँछ र आफ्नो सत्तामा दख्खल पुग्छ भनेर दार्जिलिङलाई त्यहीँ छोडेर आएका हुन् भन्ने तर्क त्यहाँ पुग्छ । अहिले कालापानी, लिम्पियाधुरासहितलाई यता मिलाएको जस्तो गरेर सिङ्गो देशको स्वाधीनता र सार्वभौमिकतामाथि नै हस्तक्षेप गर्ने खतरा पनि छ यहाँ साम्राज्यवादी र उत्तरसाम्राज्यवादीहरूको । अझ हामीले अहिले ग्लोबल भनेका छौँ । भूमण्डलीकृत पुँजीवादको चरित्र के देखिन्छ भने नेपालको राज्यसत्ता देश र जनताको बलियो नेतृत्व गर्न लायक नबनेसम्म जताबाट पनि हस्तक्षेप हुनसक्छ भन्ने बुझ्नुपर्दछ । यहाँ कसैले लिपुलेकबाट, कसैले एयरपोर्टतिरबाट, कसैले सुस्तातिर मात्र हेर्ने भन्दा पनि समग्र रूपले आइरहेको छ । जनताले हेर्दाखेरि कालापानी र लिपुलेकमा केही गरेको जस्तो देखिने तर अर्को ठाउँबाट झन् ठुलो समस्या देखिने जस्तो भइरहेको छ । यसमा त जनता सचेत हुनैपर्दछ । हामीले के भनेका छौँ भने जनताकै बलमा नक्सा जारी भयो । यो केपी सरकारको प्रगतिशील कदम भनेका छौँ तर फेरि कालापानी, लिम्पियाधुरा, लिपुलेक समेटिएको नक्सा राखिएको किताब किन रोक्ने ? पछिल्लो चरणमा चीनसँगको सीमा विवादको कुरा छ । यसमा राम्रो अध्ययन गर्न आवश्यक छ । सारमा अतिक्रमणकारी चरित्र चीनको देखिँदैन । सहज ढङ्गले समस्याको समाधान भएको भनेको चीनसँगै हो । नेपाल र चीनका विषयमा समस्या भए दुईवटै सरकारले बसेर समस्या समाधान गरे हुन्छ नि । यसलाई विषयान्तर गर्नु हुँदैन । यही विषयलाई लिएर काङ्ग्रेसले जसरी गर्न खोजेको देखिन्छ, त्यो विषयमा काङ्ग्रेसको चाहिँ विश्वराजनीतिमा आउन थालेको ध्रुवीकरणको प्रभाव होला । त्यसो गर्नु हुँदैन । नेपालमा अहिले उत्तरको होइन, दक्षिणतिरको समस्या ठूलो हो । यी सबै विषयमा नेपालका जनताको समस्या समाधान हुनुपर्दछ भन्ने नै हो ।

सत्ताधारी पार्टीको किचलोको कुरा, राष्ट्रिय स्वाधीनताको कुरा, देशभक्तहरूसँगको सहकार्यको कुरा, भारतीय सेना प्रमुखको कुरामा मुख्य कुरा के हो भने हाम्रो देशको स्वाधीनताको रक्षाका लागि र जनताका अधिकारहरू सुनिश्चितताका लागि हाम्रा तर्फबाट गरिने पहलमा कुनै सङ्कुचित हुन जरुरी हुँदैन तर के छ भने हामी सचेत हुन सकेनौँ भने यसका पछाडि अतिक्रमणकारी, नियन्त्रणकारी दृष्टिकोण छिपेर आइरहेको छ । यसमा सचेत हुनुपर्दछ । हामीले भारतीय सेना प्रमुख आउँदा विरोध गर्‍यौँ । उनले खुलेआम रूपले कालापानीका विषयमा चाइनाको उक्साहटमा नेपालले यसो गरेको हो भन्नेजस्तो कुरो गरे । एउटा सेनाको प्रमुखले खुलेआम रूपमा यसो भन्न पाइन्छ ? आफ्नो देशको सेना लगेर नेपालको भूभागमा राख्ने, आफैँले त्यसो भन्न मिल्छ ? तिनै मान्छे आएर कूटनीतिबाट हल हुन्छ भन्ने ? यो कुराले के देखाउँछ भने भारतीय साम्राज्यवादको नयाँ नीति छिपेर आएको हुनसक्छ भनेर सचेत हुनुपर्दछ भनेर हामीले भनिरहेका छौँ । निचोडमा भन्ने हो भने भारतजस्तो क्षेत्रीय शक्तिका रूपमा उदाइरहेको देशले आफ्नो गोटी त्यसैअनुसार चालिरहेको छ । त्यस्तो देशबाट हामी आफ्नो स्वाधीनता सीधै पाइहाल्छौँ भन्ने कुरा हुँदैन र त्यसैले आफ्नो देशको रक्षाका लागि सबै कुरा मसिनो गरी हेर्नुपर्दछ भन्नेमा हामी छौँ ।

» ***अमेरिकी परियोजना एमसीसीबारे राजनीतिक पार्टी र सबैको कित्ताबन्दीजस्तो देखएको छ । यस विषयमा के भन्नुहुन्छ ?***

यसका विषयमा त पर्याप्त बहस छ । अनौठो कुरा के छ भने अहिले रेडियोमा समेत एमसीसीको विज्ञापन गर्ने गरिएको छ । काङ्ग्रेसनजिकका देखिन खोज्ने मिडियाहरूबाट एमसीसीका पक्षमा वातावरण बनाउन खोजेको जस्तो देखिन्छ । खुलेआम रूपमा विज्ञापन गर्ने गरिएको छ । यस्तो बेलामा राज्य निरीह देखिन्छ । हुनत केपी वली नै पास गर्नुपर्छ भन्ने पक्षमा छन् । यस विषयमा अमेरिकी मन्त्रीहरूले नै बारम्बार भनिसकेका छन्- यो २००४ मा जर्ज बुसकै पालाबाट सुरु गरेको र जहाँजहाँ आफ्नो पकड कम छ त्यहाँ आफ्नो प्रभाव बढाउनलाई गरेको रणनीति हो । यो सैन्य रणनीतिलाई सेवा पुऱ्याउने उद्देश्य हो । यसको उद्देश्य नै जहाँजहाँ आफ्नो पकड कमजोर छ, त्यहाँ क्षेत्रीय स्तरबाट, महादेशीय स्तरबाट र ग्लोबल स्तरबाट विश्वमा आफ्नो पकड बनाउने हो । यसरी उनीहरूले भनेकै छन् । दक्षिणएसियामा आफ्नो पकड कमजोर भएकाले यसलाई बलियो बनाउनका लागि विकास गरिएको सैन्य रणनीति हो भनेर अमेरिकाले भनेको छ । अमेरिकाको सैन्य रणनीतिलाई मद्दत गर्ने रणनीति नै एमसीसी हो भनेर अमेरिकाले भनिसकेको छ । विकास निर्माणका नाममा, सहयोगका नाममा आफ्नोअनुसार कानुन बनाउने, सरकार बनाउने र देशलाई उपनिवेश बनाउने अन्तिम लक्ष्य हो । राम्रो कुरा के छ भने यसका बारेमा जनता पनि सचेत हुँदै गएका छन् र सरकारी पार्टीभित्र पनि यसको बहस तीव्र भएको छ । हामीले पनि यसलाई पास हुन दिनु हुन्न भनेका छौँ । नेपालमा कम्युनिस्ट व्यवस्था नआओस्, यो चाइनासँग नजाओस् भन्ने, चाइनालाई घेर्ने, नेपाललाई आफ्नो मुठीमा राख्ने, नेपालमा अमेरिकी सेना राख्ने, आफ्नोअनुसारको कानुन बनाउने भन्ने यसको उद्देश्य हो । एमसीसी प्रोजेक्ट लागू भए नेपालले छुन नपाउने, उनीहरूकै कानुनअनुसार गर्ने, उसको इच्छाअनुसार गर्ने भन्ने छ । यसले के देखाउँछ भने एमसीसी पारित भएमा नेपालको सार्वभौमिकता र स्वाधीनतामाथि पूर्ण रूपले हस्तक्षेप हुनेछ र देश पराधीन हुनेछ भनेर हामीले विरोध गरेका हौँ ।

***(नेकपाका महासचिव विप्लवसँग रातो खबरका लागि वसन्त श्रेष्ठले गरेको यो अन्तर्वार्ताको बाँकी अंश अर्को साता प्रकाशन हुनेछ– सम्पादक ।)***

## त्यसपछि विश्व–सर्वहारा ...

संसारभरबाट महान् लेनिन-स्टालिनको भूमिमा उपस्थित भएर लेनिन-स्टालिनका योगदानहरूलाई आत्मसात गर्ने प्रतिबद्धता जनाइरहेका अतिथिहरूलाई लोकार्पित पुस्तक र पत्रिकाका प्रतिहरू उपहारका रूपमा वितरण गर्‍यौँ । नेपाली जनक्रान्तिको एउटा शक्तिशाली बिम्ब थबाङको चिनो 'थबाङ' लेखिएको झोला रुसी क्रान्तिकारीहरूकी प्रतिनिधि लारिसालाई प्रदान गर्दा उनीहरू धेरै नै भावुक र स्तब्ध भए । लगत्तै उनीहरूले विरलै मात्र अतिथिहरूले प्राप्त गर्ने 'सोभियत बेल्ट' मलाई प्रदान गरे । सोभियत बेल्ट पहिऱ्याइदिँदै कमरेड भादिमले भने, 'कमरेड अशोक, यो दुर्लभ व्यक्तिले मात्र प्राप्त गर्ने सम्मान हो । तपाईंहरू सच्चा लेनिनवादी भएकाले मात्र यो सम्मान प्राप्त गर्नुभएको हो । यो कुरा कहिल्यै नभुल्नुहोला र यो बेल्टलाई जोगाएर राख्नुहोला ।' मैले उनलाई भनेँ, 'नेपाली क्रान्तिको एक सामान्य प्रतिनिधिलाई तपाईंहरूले यति ठूलो जिम्मेवारी सुम्पिनुभएको छ, यो हामी कदापि भुल्नेछैनौँ । म यो उपहारका बारेमा मेरो गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टीलाई जानकारी गराउनेछु ।'

लारिसा रुद्दिना थबाङ लेखिएको नेपाली क्रान्तिको चिनो आफ्नो पार्टीमार्फत रुसका क्रान्तिकारीहरूलाई समर्पित भएको र त्यो आफूले ग्रहण गर्न पाएकोमा धेरै नै पुलकित देखिन्थिन् । उनले सोधिन्, 'कमरेड अशोक, तिमीले कसरी प्राप्त गरेका थियौ यो झोला ?' मैले भनेँ, 'हाम्रो गौरवशाली पार्टीको आठौँ महाधिवेशन क्रान्तिको एक अभेद्य किल्ला थबाङमा भएको थियो । हामी महाधिवेशन प्रतिनिधिका रूपमा सहभागी थियौँ । हामीले सेल्टर लिएको घरकी क्रान्तिकारी महिला कमरेडले आफ्नो हातले बुनेको यो झोला एकीकृत जनक्रान्ति सम्पन्न गर्ने उद्देश्यले मलाई दिएकी थिइन् ।' मैले उक्त झोला एक हजार रुपैयाँमा किनेको कुरा उनलाई सुनाइनँ । उपहारमा प्राप्त भएको भनिदिएँ । उनी मक्ख परिन् । जे होस् थबाङ नेपाली क्रान्तिको एउटा बिम्ब हो । महान् अक्टोबर क्रान्तिको शताब्दी महासम्मेलनका अवसरमा एकीकृत जनक्रान्ति पुस्तक थबाङ झोलामा राखेर हस्तान्तरण गर्न पाउँदा गौरवान्वित भएको अनुभूति भयो ।

हामी मार्क्सवादी लेनिनवादी माओवादीहरू उत्साहपूर्वक अक्टोबर क्रान्ति दिवस र लेनिन दिवस मनाइरहेका छौँ । लेनिन दिवस मनाउनुको अर्थ र औचित्य लेनिनका योगदानहरू अङ्गीकार र आत्मसाथ गर्नुमा छ । यद्यपि संशोधनवादी दलाल र गद्दारहरू पनि रगतले लतपतिएको रातो रङ पोतिएको कम्युनिस्ट पार्टीको झन्डाको दुरुपयोग गर्दै लेनिनको तस्बिरलाई जथाभाबी चलाइरहेका छन् तर पनि मार्क्सवादको पहिलो सफल प्रयोगकर्ता र संसारमै वैज्ञानिक समाजवादको लहर ल्याउन सक्षम महान् व्यक्तित्व लेनिनका योगदानहरूको स्मरण गर्नु हामी क्रान्तिकारीहरूको अनिवार्य कर्तव्य, दायित्व र अभिभारा हो ।

*(यो डायरी यसअघि पनि विभिन्न शीर्षकमा प्रकाशित भइसकेको छ । अक्टोबर क्रान्ति दिवसको अवसर पारेर विभिन्न शीर्षकका तीनवटा दैनिकी जोडेर यहाँ पुनः प्रकाशन गरिएको हो- सम्पादक ।)*

## कविता

### क्रान्ति रफ्तार

*समरकुमार धामी*

क्षितिजपारि राता मान्छेहरूको उभार पो देख्छु
अचेल ।
पिठ्युँमा झोला, हात्तमा झन्डा यात्रा लगातार
पो देख्छु अचेल ।

देश सिध्याए दलाल संसद्वादीहरूले
क्रान्तिकारीहरू नै जनताका लागि बफादार
देख्छु अचेल ।

जनतासँगै जोडिँदै श्रमदान र घरदैलो अभियान
सङ्घर्षशील समरका यात्रीहरू सदाबहार पो
देख्छु अचेल ।

नयाँ विचार, नयाँ ब्यानरमा लाम लाग्दै युवाहरू
गीत-सङ्गीत, नारा-जुलुस चमत्कार पो देख्छु
अचेल ।

जेल, नेल, दमन, यातना, प्रतिबन्धलाई जित्दै
उदाउँदो उषाकिरणसँगै क्रान्ति रफ्तार पो देख्छु
अचेल ।

केन्द्रीय सामना परिवार

कविता

### कायरवादी भुल्भुलैया

*एसबी तामाङ 'वान्योङ्'*

मान्छे आफ्नो कर्तव्य र व्यवहारमा चुक्न थालेपछि
निकम्मा भई जन्मिँदा रैछन् श्वानझैँ भुक्न थालेपछि

कर्तव्यच्यूत भा'छन् केही क्रान्तिकारी सहयोद्धाहरु
पुँजीवादी दलाल सरकारको अघि झुक्न थालेपछि

क्रान्तिखिलाफ लाग्नेलाई यहाँ कसले देलान् साथ
सर्वहारा जनतादेखि डराई सहरमा लुक्न थालेपछि

रहन्छ र कहाँ सकुशल हाम्रो हुर्मतका कीर्तिस्तम्भ
स्वयम्ले खा'को थलियामा स्वयम् थुक्न थालेपछि

बोक्न झोला छाड्छन् नै यहाँ केही स्वार्थी नेताहरु
सहस्र पिँढीलाई भरथेग गर्ने सम्पत्ति पुग्न थालेपछि

फुट्छ पक्कै आस्थाको बाँध सर्वहारा जनताको
क्रान्तिबेगर शान्तिको बात सनाई फुक्न थालेपछि

हेटौँडा, मकवानपुर

## नौनाडी गलेका ...

बनिरहेको छ । नेपालमा भारतीय साम्राज्यवादी हर्कतविरुद्ध घृणा बढिरहेकै समयमा मोदीले लाजै पचाएर धमाधम गुप्तचर संस्था 'र' का प्रमुख सामन्त गोयल र स्थल सेनाध्यक्ष मनोजमुकुन्द नरवणेपछि विदेशसचिव शृङ्गलालाई वलीका गलेका नौनाडी छाम्न नेपाल पठाएको विश्लेषकहरूको ठम्याइ छ । फकाएर, भुक्याएर, धम्क्याएर नेपाल र नेपालीमाथि आफ्नो आधिपत्य लाद्दै आएको र नेपाललाई सकेसम्म सिक्किम, नभए फिजी र न्यूनतम् भुटान बनाउने भारतीय साम्राज्यवादको रणनीति देशभक्त नेपालीले बुझ्दै आएको विषय हो ।

केपी वली यतिबेला पार्टी, सरकार, संसद्, नेपाली जनताको हृदय सबैतिरबाट अल्पमतमा छन् र पार्टीभित्रको असन्तुष्ट पक्षले लगाएका आरोपहरूको प्रतिरोध गर्ने दस्ताबेज तयार पार्न गुफा पसेका छन् । उनको यो कमजोर अवस्थाको फाइदा उठाएर नेपालका कालापानी, लिपुलेक, लिम्पियाधुर सहितका जमिन वैधानिक रूपमै हात पार्न सकिएला कि भन्ने भारतको दाउ रहेको बुझ्न कुनै कठिनाइ छैन । बङ्गलादेशसँगको नाका खोलिदिने वा अन्य यस्तै सस्ता आश्वासन र प्रलोभन दिएर भारत नेपालका महत्वपूर्ण प्राकृतिक सम्पदा र भूगोल कब्जा गर्ने रणनीतिमा रहेको नेपाली जनताले जगसम्मै बुझेको विषय हो ।

भारतीय दूतको भित्री आशय अर्कै रहे पनि उनले औपचारिक रूपमा भने 'आफ्ना प्रधानमन्त्री मोदी दुई देशबीचको आपसी सम्बन्धलाई राम्रो बनाएर अगाडि लैजान चाहेको' नेपालका प्रधानमन्त्रीलाई वलीलाई सुनाएको सार्वजनिक भएको छ ।

यता वलीले पनि मोदीको लयमा लय मिलाउँदै 'भारतसँगको बहुआयामिक सम्बन्धलाई अझ उचाइमा पुऱ्याउँदै सीमालगायत सबै द्विपक्षीय समस्याका विषय वार्ताका माध्यमबाट समाधान गर्न नेपाल तत्पर रहेको' सन्देश भारतीय पक्षलाई दिएको सार्वजनिक भएको छ । यी दुवै औपचारिकताका कूटनीतिको आयु धेरै लामो छैन किनकि रका प्रमुख सामन्त गोयलसँगको गोप्य वार्ता र नेपालको राष्ट्रियताविरुद्ध बकबास गर्ने नरवणेको सम्मानपछि केपी वलीको नक्कली राष्ट्रवादको मुखुन्डो नराम्रोसँग उदाङ्गिइसकेको छ ।

भारतीय विदेशसचिव शृङ्गलाले प्रधानमन्त्री वलीसँग गत बिहीबार साँझ प्रधानमन्त्री निवास बालुवाटारमा भेटेका थिए । उक्त भेट र त्यहाँ भएको छलफलका बारेमा प्रधानमन्त्री वलीका विदेश मामिला सल्लाहकार डा. राजन भट्टराईले भनेका छन्, 'दुवै देशका प्रधानमन्त्रीस्तरका सकारात्मक सन्देश आदानप्रदानले सीमा विवादलगायत विषयमा आगामी दिनमा वार्ता र छलफल तथा आपसी उच्चस्तरीय भ्रमणको आदानप्रदान हुने वातावरण सिर्जना भएको छ ।'

## जनता जगाउँदै रोल्पाका ...

जिल्लाका सात स्थानमा हजारौं जनसमुदायको सहभागितामा सामना जनसाङ्गीतिक अभियान तथा जनसभा सम्पन्न भएको छ ।

गत कात्तिक २१ गतेबाट मङ्सिर ३ गतेसम्म सञ्चालन भएको सामना जनसाङ्गीतिक अभियानले परिवर्तन गाउँपालिका, गङ्गादेव गाउँपालिका, त्रिवि गाउँपालिकालगायत विभिन्न सात ठाउँमा भव्यतापूर्वक कार्यक्रम सम्पन्न गरेको हो ।

सातै ठाउँका कार्यक्रमलाई नेकपा रोल्पाका सेक्रेटरी मानवले सम्बोधन गरेका थिए । सम्बोधनका क्रममा मानवले दलाल संसदीय व्यवस्थाको विकल्प वैज्ञानिक समाजवाद रहेको र यो एकीकृत जनक्रान्तिको माध्यमबाट अनिवार्य प्राप्त भएरै छोड्ने दिशामा अग्रसर भइरहेको बताएका थिए ।

कार्यक्रमहरूमा सम्बोधन गर्दै सेक्रेटरी मानवले यो दलाल पुँजीवादी सत्ताले थोपरिरहेको अन्याय, अत्याचार, महँगी, कालोबजारी, राष्ट्रघात, जनघातका विरुद्ध आम देशभक्त, सचेत युवाहरू, क्रान्तिकारी जनसमुदाय, बुद्धिजीवी एक भएर लाम्पुर्नेमा जोड दिएका थिए । कार्यक्रममा सामना परिवारले जनवादी गीत, नृत्य, नाटक, अपेरा पनि प्रस्तुत गरेको थियो ।

सबै स्थानमा सम्पन्न कार्यक्रमको सञ्चालन अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय सांस्कृतिक टोली सामना परिवारका सहसंयोजक आरोहले गरेका थिए । कार्यक्रममा युवा, राजनीतिक दलका प्रतिनिधि, शिक्षक, विद्यार्थी, महिलालगायत हजारौं जनसमुदायको उपस्थिति रहेको थियो ।

यसअघि सामना परिवारले कैलालीका गाउँगाउँसम्म पुगेर जनवादी सांस्कृतिक कार्यक्रम प्रस्तुत गरी जनजागरण ल्याएको थियो । यो अभियानमा २० जना जनकलाकार सामेल छन् । सामनाको अभियान जारी रहेको बताएको छ ।

## कस्मिर हमलामा ...

हमला गरेको र गोली लागी घाइते भएका केसीलाई अस्पताल लैजाँदै गर्दा बाटोमै मृत्यु भएको जानकारी उनका दाजु तुलसी केसीले दिएको पनि समाचारमा जनाइएको छ । भारतीय सेनाले घरपरिवारलाई शुक्रबार बिहान फोन गरी प्रेमलाई गोली लागेको भन्ने खबर दिएको पनि उनले बताएका छन् ।

समाचारअनुसार प्रेमले भारतीय सेनामा जागिर खाएको १४ वर्ष पुगेको थियो । प्रेमका ७ वर्षीया छोरी र ५ वर्षका छोरा रहेको बताइएको छ ।

## बलात्का र हत्याविरुद्ध ...

छ ।

वक्तव्यमा भनिएको छ, 'एक अबोध बालिकामाथि भएको यसप्रकारको जघन्य अपराधको जति नै निन्दा र भर्त्सना गरे पनि पुग्दैन । सङ्घर्ष समिति घटनामा संलग्न अपराधीलाई कडाभन्दा कडा सजाय, बालिकाको परिवारलाई उचित क्षतिपूर्ति र न्यायका लागि जोडदार माग गर्दछ । बालिका हत्याको विरोध र दोषीलाई कारबाहीको माग गर्दै विरोधमा निस्किएका सर्वसाधारणमाथि प्रहरीद्वारा व्यापक दमन भएको छ । सङ्घर्ष समिति प्रहरी दमनको घोर भर्त्सना गर्दछ । प्रहरीको गोली लागी एकजनाको मृत्यु भएको छ भने गम्भीर घाइतेहरूको काठमाडौंमा उपचार भइरहेको छ । मृतकका आफन्तलाई उचित क्षतिपूर्ति, घाइतेहरूलाई निःशुल्क उपचार र घटनाको न्यायिक छानबिन गरी दोषीलाई कडा कारबाहीका लागि सरकारसँग जोडदार माग गर्दछ ।'

वक्तव्यमा अगाडि भनिएको छ, 'पछिल्लो समयमा महिला र बालिकामाथिको बलात्कार, बलात्कारपछि हत्यालगायत महिला हिंसाका घटना दिनानुदिन बढिरहेका छन् । महिला तथा बालिकामाथि भइरहेको यसप्रकारको हिंसाका घटनाले सिङ्गो मुलुकलाई नै चिन्तित र लज्जित बनाइरहेको छ । यस्ता घटनालाई राष्ट्रिय समस्याका रूपमा बुझ्न र समस्या समाधान गर्न गम्भीर हुन सरकारसँग जोडदार माग गर्दछौं । यसप्रकारका महिला तथा बालिकामाथिका हत्या, हिंसाजस्ता जघन्य अपराधको विषयलाई राष्ट्रिय मुद्दा बनाउन र ती घटना हुन नदिनका लागि जनचेतनामूलक अभियान सञ्चालन गर्न विभिन्न राजनीतिक दल, महिला सङ्गठन, मानवअधिकारवादी सङ्घसंस्थाहरूसँग अपिल गर्दछौं ।'

वक्तव्य जारी गर्नेहरूमा अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी राजकुमारी शाही, अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) की अम्बिका मुडभरी, अखिल नेपाल महिला सङ्घकी मीना पुन, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालकी धनकुमारी सुनार, नेपाल महिला फेडेरसनकी आशा महर्जन र अखिल नेपाल महिला युनियनकी सीता सुवेदी रहेका छन् ।

## नख्खु कारागारभित्र ...

परिसरमा चियापान कार्यक्रम पनि आयोजना गरिएको थियो ।

बाजुरा, कैलाली, बाँकेलगायत कारागारहरूमा पनि आस्थाका बन्दीहरूले पनि नेकपाको सातौं पुनर्गठन दिवस भव्यतापूर्वक मनाएका समाचारहरू प्राप्त भएका छन् ।

## मोर्गन कलेज ...

मुद्दा लगाएपछि कलेजमा कालोझन्डा गाडेर साङ्केतिक कारबाही गरेको थियो । त्यसपछि कलेज बाध्य भएर सहमतिमा आएको हो ।

अखिल क्रान्तिकारीका काठमाडौं जिल्ला अध्यक्ष गोविन्द बिष्टले शनिबार साँझ विज्ञप्ति जारी गर्दै तीनबुँदे सहमति भएको सार्वजनिक गरेका छन् । अखिल क्रान्तिकारी र कलेज प्रशासनबीच भएका सहमतिका बुँदा यसप्रकार रहेको बिष्टद्वारा जारी विज्ञप्तिमा जनाइएको छ :

१) कलेज प्रशासनले मापदण्डविपरीत विभिन्न शीर्षकमा असुल गरेको शुल्कबारे तथ्यसहित छानबिन गर्ने र बढी शुल्क लिएको पाइएमा सम्बन्धित अभिभावकलाई फिर्ता गर्ने ।

२) कलेज प्रशासनले १६ जना विद्यार्थीमाथि लगाएको झुट्टा मुद्दा फिर्ता लिने ।

३) कलेज प्रशासनद्वारा वार्ता र संवादको माध्यमबाट समस्या समाधान नगरी प्रहरी प्रशासनको दुरुपयोग गरी विद्यार्थीमाथि दमन गर्ने, गिरफ्तार गर्नेजस्ता गुण्डागर्दी शैलीप्रति आत्मालोचित हुँदै आगामी दिनमा यस्ता गल्तीकमजोरी नदोहोऱ्याउने ।

## वली सरकार ...

अङ्कगणितर्फ लागेको छ ।

जनयुद्धबाट आएको पूर्वमाओवादी केन्द्र पुरानै संसदीय भासमा फसेपछि माओवादी केन्द्र र एमाले मिलेर बनेको सरकारले देशलाई उसले भनेको समाजवादमा प्रवेश गराउने आधारभूत कामहरू त पूरा गर्न सकेन-सकेन, जनतालाई दिएको चुनावी आश्वासनसम्म पूरा गर्नेभन्दा पनि अनपेक्षित रूपले आन्तरिक कचिङ्गलमा फसी विघटनको सँघारमा पुग्दा यो सरकार इतिहासमै अत्यन्त धेरै बदनाम र असफल साबित भएको छ । यसले कम्युनिस्ट सिद्धान्तका विरोधीहरूलाई कम्युनिस्ट विचारप्रति वितृष्णा जगाउने काममसमेत गरेको छ । विचारबाट विचलित भ्रुण्डहरूको संरक्षण गर्ने उद्देश्य राखेर सत्तामा पुगेकै कारण इतिहासमा भ्रष्ट र बदनाम संसद्वादी प्रतिपक्षसमेत 'कम्युनिस्ट राजनीतिको पराजय' भन्ने अवस्थामा पुगेका छन् ।

पछिल्लो समय नेपाली जनतालाई ठूलाठूला सपना देखाउँदै दुई तिहाइ नजिकको सुविधाजनक बहुमतसहित सरकार गठन गर्न पुगेको सरकारी नेकपाभित्रको विवाद अढाइ वर्षमै यति चर्को रूपले उत्कर्षमा पुगेको छ, नेकपाका केही थान सत्ता-सपना बोकेर पार्टी एकतामा समाहित भएका नेता-कार्यकर्ताहरू पनि पार्टी विभाजन हुने दिन पर्खेर बसेका छन् । कुनै स्पष्ट सैद्धान्तिक राजनीतिक नीति र विधि अथवा वैचारिक तहमा गरिएको एकताभन्दा पनि आआफ्नो अस्तित्व सङ्कटको बेला अस्तित्वरक्षाको गरिएको गठजोड भएकै कारण एकता घोषणा भएको ३ वर्ष नपुग्दै सरकारी नेकपाभित्र निकै ठूलो खाडल पैदा भएको हो । पार्टीमा कुनै विचारधारात्मक एकताभन्दा पनि अस्तित्व सङ्कटभित्र सत्तास्वार्थको चाहनाको परिणामले गराएको बाध्यात्मक र प्राविधिक एकता भएकाले सरकारी पार्टीमाथि यस्तो आपत् आइलागेको हो । सत्ताधारी पार्टीका मुख्य नेताहरू राष्ट्रहितभन्दा पनि आफ्नो जत्थाको संरक्षण, भ्रष्टाचार र कमिसनतर्फ केन्द्रित भएका कारण आमकार्यकर्ता निरास हुने गरी र आमजनताले प्रस्ट बुझ्ने गरी पार्टीभित्रको विवाद छरपस्ट भएको हो । राजनीतिक विचारलाई थाती राखेर स्पष्ट वैचारिक दिशाबिना गरिएको गठजोडको केन्द्रमा सत्तास्वार्थ र राष्ट्रको सम्पत्ति दोहन गर्ने उद्देश्यबाहेक अरू केही नरहेको सरकार गठनयताका गतिविधिहरूले देखाइरहेका छन् ।

पछिल्लो समय निकै असहज बनेको वली-प्रचण्डको विवाद विभाजनका लागि निर्णायक चरणमा पुगेको छ । प्रथम अध्यक्ष केपी वली र द्वितीय अध्यक्ष प्रचण्ड एकापसमा आरोपप्रत्यारोप गर्दै आआफ्ना गुट बोकेर विभाजनको दिशातिर लागेका कारण कुनै समयमा यो गठबन्धन विभाजनमा परिणत भयो भने पनि अनौठो मान्नु नपर्ने भएको छ । बहुमत र अल्पमत हुने गरी ल्याइएका दुई अध्यक्षका प्रस्तावहरूले उक्त पार्टीलाई नयाँ गति प्रदान गर्नेभन्दा पनि एकले अर्कोलाई निषेध गर्ने र गुटको संरक्षण गर्दै सत्तामा पुग्नेभन्दा देशको जीवनलाई गति दिने कुनै सम्भावना देखिँदैन ।

यता वली सरकार बन्नु र एमाले-माओवादी केन्द्रबीच पार्टी एकता हुनुअघिदेखि नै पुँजीवादी व्यवस्थाप्रति असहमति राख्दै वैज्ञानिक समाजवाद स्थापनाका लागि एकीकृत जनक्रान्ति सञ्चालन गर्दै आएको विद्रोही नेपाल कम्युनिस्ट पार्टीले राष्ट्रिय स्वाधीनता निकै धरापमा परेको निष्कर्ष निकाल्दै वर्तमान सरकार र सत्ताधारी कम्युनिस्ट पार्टीबाट देशको निकास सम्भव नभएको ठहरसहित सच्चा लोकतन्त्रवादी, देशभक्त शक्ति र विभिन्न ठाउँमा छरिएर रहेका कम्युनिस्ट क्रान्तिकारीहरूलाई एकजुट हुन आह्वान गर्दै आएको छ । साम्राज्यवाद भूमण्डलीकृत भएर राज्यका सबै क्षेत्रबाट हस्तक्षेपकारी भूमिका निर्वाह गर्दै आएकाले देशलाई स्वाधीन बनाउनु मुख्य विषय भएको नेकपाको निष्कर्ष छ । तर पनि उदेक लाग्ने गरी कम्युनिस्ट नामको सरकारले अर्को क्रान्तिकारी कम्युनिस्ट पार्टीमा प्रतिबन्ध लगाउनुका साथै दमन अभियान चलाउँदै आएको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका लागि सङ्घर्षरत नेकपाका सयौं नेता-कार्यकर्ताहरूलाई जेल र हिरासतमा राखेर शान्तिको सास फेरिरहेको वली सरकारले पछिल्लो समय गाउँगाउँमा सर्च अभियान चलाउने, छापामार्ने, नेकपाका नेता-कार्यकर्ता गिरफ्तार गरी झुट्टा मुद्दा लगाउने र जनतालाई दुःख दिने गरेको छ । नेकपाप्रति आस्था राख्ने मानिसहरूलाई समेत घरघरमा गएर खानतलासी गरी दुःख दिँदै आएको वली सरकारले आजभोलि सङ्कटकालको झल्को दिने गरी हर्कत अघि बढाएकाले प्रतिरोध गर्नुशिवाय अर्को विकल्प नरहेको नेकपाको निष्कर्ष छ ।

# कोरोनाका कारण मार्क्सवादी चिन्तक मुरारि अर्यालको निधन

**काठमाडौं** : स्थापित मार्क्सवादी चिन्तक एवम् स्रष्टा मुरारि अर्यालको कोरोना भाइरस सङ्क्रमणका कारण निधन भएको छ । विगत केही दिनदेखि अर्यालको त्रिवि शिक्षण अस्पतालको आईसीयूमा भेन्टिलेटरमा उपचार भइरहेको थियो । कोरोना सङ्क्रमणका कारण उनको फोक्सोमा गम्भीर क्षति पुगेको जानकारी चिकित्सकहरूले दिएका थिए । अर्याल ६४ वर्षका थिए ।

मार्क्सवादी दर्शन, राजनीति, अर्थतन्त्र र साहित्य-समालोचनामा निरन्तर कलम चलाउँदै आएका अर्यालको निधनले नेपालको मार्क्सवादी आन्दोलनमा ठूलो क्षति पुगेको छ । प्राप्त समाचारअनुसार अर्यालकी श्रीमती विमला अर्याललाई पनि कोरोना सङ्क्रमण भएको पुष्टि भएको छ । हाल उनको त्रिवि शिक्षण अस्पतालमै उपचार भइरहेको छ ।

मुरारिका दाजु भौतिकशास्त्री प्रा.डा. मुकुन्दमणि अर्यालले भने कोरोनालाई जितेका छन् । उनको मनमोहन कार्डियोथोरासिक भास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टरमा उपचार गरिएको थियो ।

## इन्द्रवती विश्वकर्माप्रति दलित मुक्ति मोर्चाको श्रद्धाञ्जली

**काठमाडौं** : दलित मुक्ति मोर्चा, नेपालले शोक वक्तव्य जारी गर्दै मोर्चाका सल्लाहकार ज्योतिलाल विश्वकर्माकी जीवनसँगिनी इन्द्रवती विश्वकर्माको निधनप्रति श्रद्धाञ्जली प्रकट गरेको छ । मोर्चाका केन्द्रीय अध्यक्ष डम्बरबहादुर विश्वकर्माद्वारा जारी वक्तव्यमा इन्द्रवतीको यही मङ्सिर १५ गते बिहान ६९ वर्षको उमेरमा निधन भएकोमा मोर्चा अत्यन्तै मर्माहत एवम् दुःखी भएको भन्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गरिएको छ ।

शोक वक्तव्यमा भनिएको छ, 'हाम्रो गौरवशाली सङ्गठन दलित मुक्ति मोर्चा नेपालका केन्द्रीय समिति सल्लाहकार सदस्य ज्योतिलाल विश्वकर्माकी जीवनसँगिनी इन्द्रवती विश्वकर्माको यही मङ्सिर १५ गते बिहान ६९ वर्षको उमेरमा रूपन्देही बुटवलमा भएको निधनले हामी अत्यन्तै मर्माहत एवम् दुःखी भएका छौं । लामो समयदेखि दीर्घरोगबाट पीडित उहाँ आफ्नो श्रीमान्को पारिवारिक र घरायसी मात्र होइन, प्रत्येक राजनीतिक र सामाजिक कामको पनि सहकर्मी हुनुहुन्थ्यो । दलित मुक्ति आन्दोलनका साथसाथै सिङ्गो क्रान्तिकारी कम्युनिस्ट आन्दोलनका एकजना हितैषीको मृत्युले आन्दोलनमा अपूरणीय क्षति हुन गएको छ । उहाँको निधनप्रति हाम्रो मोर्चा गहिरो दुःख प्रकट गर्दै मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ । साथै शोकसन्तप्त परिवारजनमा यो दुःखको घडीमा धैर्यधारण गर्ने शक्ति प्रदान होस् भन्ने कामना गर्दै गहिरो समवेदना व्यक्त गर्दछौं ।'

वक्तव्यमा भनिएको छ, 'यसैबीच लामो समयदेखि शङ्काको घेरा र निगरानीमा रहेका हाम्रो मोर्चाको काभ्रे जिल्ला अध्यक्ष रमेश नेपाली वैचारिक रूपमा विचलन र पलायन भएका कारण मोर्चाको सम्पूर्ण जिम्मेवारीबाट हटाई साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरिएको छ ।'

## नेकपा प्युठानका पूर्वइन्चार्ज र सेक्रेटरीमाथि पक्राउ आदेश

**काठमाडौं** : जिल्ला अदालत प्युठानले नेकपा प्युठानका पूर्वइन्चार्ज चिन्तामणि घिमिरे र वर्तमान सेक्रेटरी दिलबहादुर घर्ती 'अजय' का नाउँमा पक्राउ आदेश जारी गरेको छ ।

जिल्ला अदालत प्युठानले बुधबार उक्त आदेश जारी गरी बाँकेको कोहलपुरस्थित घिमिरेको घर र सेक्रेटरी घर्तीको घरमा पठाएको प्युठानबाट प्राप्त समाचारमा जनाइएको छ ।

घिमिरे र घर्तीका नाउँमा एनसेल टावरमाथि आगजनी गरेको भन्दै उक्त आदेश जारी गरिएको हो । स्मरणीय छ, घिमिरे डेढ वर्षअघिदेखि नै उक्त जिम्मेवारीमा छैनन् । कार्यक्षेत्र नै परिवर्तन भइसकेका व्यक्तिलाई पुरानो घटनामा जोडेर ३५ दिने पक्राउ पुर्जी जारी गर्नु सरकारको पूर्वाग्रहशिवाय केही नभएको प्रतिक्रिया घिमिरेले दिएका छन् । यसअघि साउन महिनामा पनि हाजिर हुनु भनी प्युठान अदालतले घिमिरेको घरमा ३५ दिने पुर्जी टाँसेको थियो ।

# हर्क पुन 'जीवन' नेकपाबाट निष्कासित

**सल्यान** : नेपाल कम्युनिस्ट पार्टी सल्यानले वैकल्पिक जिल्ला सदस्य हर्क पुन 'जीवन' लाई साधारण सदस्यसमेत नरहने गरी निष्कासित गरेको छ । सेक्रेटरी तुफानले विज्ञप्ति जारी गरी हर्क पुनले सामाजिक रूपमा विभिन्न प्रकृतिका अभद्र र अपाच्य गतिविधि गरेको व्यापक जनगुनासो आएपछि स्पष्टीकरण लिन खोज्दा सफाइ दिन नसकेको र पार्टी आन्दोलनका विरुद्ध विभिन्न भ्रम फैलाइरहेपछि जिल्ला पार्टी सचिवालयको बैठकको निर्णयबमोजिम साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको जनाएका छन् ।

विज्ञप्तिमा भनिएको छ, 'हाम्रो पार्टी गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी यतिबेला बाह्य खराबीका विरुद्ध र राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा अनवरत सङ्घर्ष गरिरहेको छ । आदरणीय जनसमुदाय, पार्टी र सङ्गठन खराब तत्व र दलालहरूसँगको लडाइँमा कतै पनि नझुक्की अघि बढ्ने कुरामा दृढ विश्वास दिलाउन चाहन्छ । पार्टी र आन्दोलनको महान् उद्देश्य हुँदाहुँदै पनि पार्टीभित्र घुसेका केही अवसरवादी बुख्याँचाहरू क्रान्तिमा आइपर्ने जटिलतालाई सहन गर्न नसकेर पार्टीबाट भाग्ने, आत्मसमर्पण गरी विसर्जनको दिशामा पुग्ने प्रवृत्ति कताकति देखापरिरहेका छन् ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'यसै सन्दर्भमा नेकपा सल्यान जिल्लाको वैकल्पिक जिल्ला सदस्य रहेका हर्क पुन भनिने जीवनले सामाजिक रूपमा विभिन्न प्रकृतिका अभद्र र अपाच्य गतिविधि गरेको र सामाजिक रूपमा व्यापक जनगुनासो आएको हुनाले उक्त जीवन पुनलाई स्पष्टीकरण लिन खोज्दा यसको सफाइ गर्न नसकेर पार्टी आन्दोलनका विरुद्ध विभिन्न असत्य भ्रम फैलाइरहेको हुनाले नेकपा सल्यान जिल्ला पार्टी सचिवालयको बैठकको निर्णयबमोजिम आजका मितिदेखि साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको कुरा यसै विज्ञप्तिमार्फत घोषणा गर्दछौं ।'

## कारागारभित्रै मनाइयो ...

भने मार्क्सवादमा भ्रम पार्न खोज्ने प्रवृत्तिका विरुद्ध जीवनभर लडेर एङ्गेल्सले क्रान्तिकारी स्पिरिट कायम गर्नुभयो । महान् साम्यवादप्रति आशावादको दीप प्रज्वलन गर्दै उत्पीडित जनतालाई उत्साहित पारिरहनुभयो ।'

उनले भने, 'आम्नेसाम्ने हुँदा कृत्रिम रूपमा साथीको प्रशंसा गर्ने, पछि फर्किनासाथ कुरा काट्ने, निजी सम्पत्ति जम्मा गर्नका लागि अर्को साथीलाई पाखा लगाउने, षड्यन्त्रमा ज्यान फालेर लाग्ने, आफ्नो स्वार्थ पूरा गर्न दुस्मनको जिम्मा लगाउनेजस्ता काम कहिल्यै गर्नु हुँदैन । हामी मार्क्सवादका मूल व्याख्याता र विकासकर्ता एङ्गेल्सलाई मान्दछौं भने यो कुरा क्रान्तिकारीहरूले बुझ्नु आवश्यक छ ।'

यस्तै तत्कालीन मातृका यादव नेतृत्वको नेकपा माओवादीका नेता श्रीचन राय यादवले मार्क्सवाद नमान्ने भनु सूर्यको तापलाई लिन्नँ र छाता ओढेर बस्छु भनेजस्तै कुरा भएको बताए । उनले अहिले आफू कुनै पार्टीमा नरहे पनि मार्क्सवादप्रति पूर्ण रूपमा विश्वस्त भएकाले एङ्गेल्सलाई हृदयैदेखि आदर र सम्मान गर्ने बताए ।

कार्यक्रमको अध्यक्षता सूर्य तिमिल्सिनाले र सञ्चालन उमेश खत्रीले गरेका थिए ।

यसअघि नख्खु कारागारभित्रै गत मङ्सिर ८ गते नेकपाको सातौं पुनर्गठन दिवस पनि मनाइएको थियो । जेलभित्रै कार्यक्रम आयोजना गरी कार्ल मार्क्स, लेनिन र माओको पनि स्मृति गर्ने गरिएको छ । त्यस्तै जेलभित्रै जनयुद्ध दिवस, सांस्कृतिक प्रतिरोध दिवसलगायत विभिन्न दिवस र समारोह आयोजना गरी जेल बसाइलाई वैचारिक र सिर्जनात्मक बनाउने गरिएको छ ।

## नियमित

# सङ्कटग्रस्त पुँजीवाद र वैज्ञानिक समाजवादको उज्ज्वल भविष्य


सुमनसिंह पौडेल

यतिबेला विश्व-पुँजीवाद अत्यन्तै सङ्कटग्रस्त अवस्थामा रहेको छ । यसका सूचकहरू अर्थात् विश्व-समाजको अवस्था र विश्वका अर्बौं मानिसहरूमा आइपरेका अनगिन्ती असमाधेय समस्याहरूलाई एकदमै सरल वा आवश्यकताअनुसार गहिराइमा प्रवेश गरेर हेर्न वा राम्रोसँग थाहा पाउन सकिन्छ। हामीले भोगिरहेको वर्तमान जीवन पनि पुँजीवादी सङ्कटकै सूचक हो । सन् १५६० को आसपासबाट १७६० को औद्योगिक क्रान्तिसम्म सामन्तवादी व्यवस्थाका अनेकौं दमन र शोषणविरुद्ध सङ्घर्ष गर्दै आफ्नो प्रगतिशील चरित्रसहित उदय भएको पुँजीवाद सामन्तवादविरुद्ध भीषण सङ्घर्षमा बलिदानीपूर्वक सङ्घर्ष गर्ने आम श्रमजीवी, किसान, मजदुरहरूलाई लुट्ने, शोषण गर्ने व्यवस्थाका रूपमा पतन हुन पुग्यो ।

शासकीय व्यवस्था लुट्ने, शोषण गर्ने पुँजीवादी भएपछि स्वभावैले आधारभूत श्रमिकहरूले दुःखको सामना गर्नुपर्ने भइहाल्यो र त्यो आजका दिनसम्म हुँदै आइरहेको छ। बरु त्यो वर्तमान निगम पुँजीवादको केन्द्रीकृत शोषणसम्म आइपुग्दा श्रमिक वर्गलाई थेग्नै नसक्ने गरी भारी परिरहेको छ । तथापि पुँजीवादले आफूमा निहित प्रगतिशील चरित्र गुमाएर शोषकका रूपमा पतन हुन पुगेपछि यसका विकल्पहरू खोजिएका छन् र यसका विरुद्ध सन् १८४८ अर्थात् १७२ वर्षदेखि सचेत रूपमा श्रमिक वर्गले सङ्घर्ष गर्दै आएको छ।

पुँजीवाद (कसैले यसमाथि पोतिएको कालोमोसो सफा गर्न स्वतन्त्र निजी उद्योग व्यवस्था भन्ने गरेका छन्) ले औद्योगिक क्रान्तिले क्रमशः कपासको कारखाना र वाष्पइन्जिन, रेलमार्ग, विद्युतीकरण, मोटारगाडी, विद्युतीय सामग्रीको व्यापकतालगायत वैज्ञानिक खोज, आविष्कार र उत्पादनहरूलाई पूर्ण रूपमा नियन्त्रण गर्दै विश्व मानव जाति (उत्पादक शक्ति) लाई लुट्दै आइरहेको सन्दर्भमा यसले पैदा गरेको विषमता, खतरनाक असमानता र नाफा सोहोर्ने लहडमा विश्व मानव जातिमाथि लादिएका बर्बरतापूर्ण युद्धहरूले यसको विकल्प खोज्ने ठाउँमा लगेर उभ्यायो। यसको परिणाम वैज्ञानिक समाजवाद- साम्यवादका रूपमा देखापर्‍यो र यसको अध्येताका रूपमा कार्ल मार्क्स र एङ्गेल्स रहनुभएको छ।

आफैँले निम्त्याएका भयानक सङ्कटहरूको समाधान गर्न अक्षम बनेर सोही कारण मृत्युको अन्तिम छट्पटाहटमा पुगेको पुँजीवादलाई प्राण भर्न र विश्वका केही औँलामा गनिने खर्बपतिहरूको कृपापात्र बनिरहन केही अर्थशास्त्रीहरू टुप्पी ठाडो पारेर लागेका छन् तर उनीहरूको तर्क मार्क्सको दिशानिर्देश र ऐतिहासिक संश्लेषणका अगाडि रुन्चे, फिक्का लागिरहेका छन् । विश्वकै पुँजीवादी अर्थशास्त्रीहरू वैज्ञानिक समाजवाद- साम्यवादको उदयलाई नकार्न सक्ने नैतिक, तार्किक र तथ्य सङ्गत धरातलमा उभिन सकेका छैनन् बरु विभिन्न तानाबाना बुनेर पुँजीवादको आयु लम्ब्याउने तर्क भने गरिरहेका छन्। यसमा हाम्रै देशका समाजशास्त्री, अर्थशास्त्री भनेर चिनिने चैतन्य मिश्र पनि एक हुन् तर उनलाई आफ्ना तर्कहरूको भित्रभित्र लज्जाबोध भएको हुनसक्छ।

पुँजीवादले सामन्तवादविरुद्ध सङ्घर्ष गरिरहँदा सहयोगी भूमिका निर्बाहको सिङ्गो मानव समुदायको रगत स्वयम् पुँजीवादले चुसिरहेको छ। औद्योगिक क्रान्तिपछिका समयहरूमा पुँजीवादको विकल्प खोज्ने सन्दर्भमा केही विद्वान्हरूले काल्पनिक भाववादी, अवस्तुवादी, आदर्शवादी समाजको कल्पना गरे। तर त्यो पुँजीवादी व्यवस्थाका रूपमा आउनसक्ने विषय थिएन। मार्क्स एङ्गेल्सले सन् १८४८ मा कम्युनिस्ट पार्टीको घोषणापत्र प्रकाशित गरेपछि स्वतः विश्वमा दुई ध्रुव खडा भयो : पुँजीवादी र वैज्ञानिक समाजवादी। दर्जनौं राष्ट्रहरूमा वैज्ञानिक समाजवादी सत्ताको स्थापना भयो, प्रयोग भयो । केही संशोधनवादी गद्धारहरूका कारण समाजवादी सत्ताहरू ढल्न पुगे। यही बहानामा पुँजीवादले आफ्नो विकल्प नभएको भनेर दुनियाँभर डङ्का पिट्यो तर त्यो पुँजीवादको आत्मारतिबाहेक केही थिएन। केही धोकेबाज संशोधनवादीहरूलाई खरिद गरेर सत्यलाई ढाकछोप गर्न गरिएको प्रयत्न मात्र थियो। यतिबेला पुँजीवादको असफलतापछि उक्त कुराको पुस्ट्याइँ भइसकेको छ। पुँजीवाद आफूले पैदा गरेको सङ्कटको भीडमा वैज्ञानिक समाजवादसँग मृत्यु मागिरहेको छ यतिबेला।

पुँजीवादलाई बचाउँदै आफ्नो प्राण बचाउन खोज्ने पाखण्डी धर्मभिरुहरू र पुँजीवादको पुच्छर समाएर आफ्नो बौद्धिकता प्रदर्शन गरिरहेका कुपोषित अर्थशास्त्रीहरू यतिबेला दिशाविहीन बनेका छन्, त्यो देख्न सकिन्छ। पुँजीवादी व्यवस्थाको विकल्पका रूपमा हरेक हिसाबले दुनियाँलाई उन्नत सभ्याताततर्फको दिशा प्रदान गरिरहेको वैज्ञानिक समाजवाद- साम्यवादको विजयलाई कसैको श्राप वा दमनका धम्कीहरूले अब रोक्न सम्भव छैन। पुँजीवादले निम्त्याएका हरेक खराबी र महासङ्कटको विकल्प वैज्ञानिक समाजवादभन्दा अर्को हुनै सक्दैन। अब पुँजीवादलाई जतिसुकै रङरोगन गरे पनि, मर्मतसम्भार गरिए पनि कुनै पनि बहानामा योभन्दा अगाडि चल्नेवाला छैन।

सामन्तवादको विकल्पका रूपमा प्रगतिशील विचार दृष्टिकोण र योजनासहित सामन्तवादविरुद्ध २०० वर्ष सङ्घर्ष गरेर उदय भएको पुँजीवाद वास्तवमै लुटेरा साबित भयो । स्वाभाविक थियो पुँजीवादले समस्याहरूको समाधान नगरेपछि जनताहरूले परिवर्तनको चाहना राखे। पुँजीवादका विरुद्धमा समाजवादी आन्दोलन उठ्यो । महान् बलिदान भएको पेरिस कम्युन हुँदै, रसियन क्रान्ति (१९१७) पुर्वी युरोपका पोल्यान्ड, चेकोस्लोभिया, रुमानिया, युगोस्लाभिया, हङ्गेरी, अल्बानिया, बुल्गेरिया, पूर्वी जर्मनीहरूमा (१९४५-१९५०) का समयहरूमा, चिनियाँ जनवादी क्रान्ति (१९४९), क्युबा (१९४०), भियतनाम (१८८७) र कोरियन क्रान्तिसम्म स्थापित भएका वैज्ञानिक समाजवादी सत्ता र उक्त सत्ताले तय गरेका र लागू गरेका नीति तथा कार्यक्रमहरूले विश्वका अर्बौं जनतालाई आकर्षित गर्‍यो । वैज्ञानिक समाजवाद वास्तवमै अत्यन्तै लोकप्रिय बन्न पुग्यो।

सिङ्गो विश्व नै वैज्ञानिक समाजवादमय बन्न पुग्यो। वैज्ञानिक समाजवादले खोसेको पुँजीवादीहरूको शोषणकारी, लुटेरा सत्ता र पुँजीवादीहरू मूर्छित बनेर छट्पटाउन पुगे। दुनियाँको यात्रा वैज्ञानिक समाजवाद हुँदै साम्यवाद हो भन्ने विषय स्पष्ट भयो र यो भरपर्दो विचार- दृष्टिकोण बन्नेमा कुनै समस्या रहेन । विश्वका चिन्तक, राजनीतिज्ञहरूले पनि वैज्ञानिक समाजवादलाई कुनै न कुनै हिसाबले आफ्नो राजनीतिक कार्यक्रममा जोड्नुपर्ने अवस्था बन्यो। पुँजीवादलाई पनि अटाउने र श्रमिक जनताको पनि साथ लिनैपर्ने बाध्यकारी अवस्था बन्दा प्रजातांन्त्रिक समाजवाद भन्न थाले। नेल्सन मन्डेला, जवारलाल नेहरू, बीपी कोइरालालगायत विश्वका कयौं राजनीतिज्ञ, चिन्तकहरू कायल भएर समाजवादको धरातलमा उत्रिन बाध्य भए।

थुप्रै अध्यात्मिक चिन्तकहरूसमेत वैज्ञानिक समाजवादको विश्वव्यापी प्रस्तावबाट मुक्त रहन सकेनन् । कयौं अध्यात्मिक चिन्तकहरू रूढिग्रस्त पुँजीवादी चिन्तनले काम नगर्ने देखेपछि समाजवादी सत्ताको विश्वव्यापी लोकप्रियता र त्यसको प्रभावबाट विश्वभरिका मानिसहरूमा बनेको समाजवादी मनोविज्ञानलाई प्रभावित पार्न विभिन्न चिन्तन र दर्शनको निर्माण गर्न पुगे। त्यस्ता अध्यात्मवादी बिख्यात चिन्तकमध्ये राजनीश पनि एक हुन् । उनी त कम्युन निर्माण गर्न भन्दै अमेरिकामा समेत प्रयत्न गर्न पुगे । समाजवादी लहरबाट आत्तिएको पुँजीवादको नेतृत्व गरिरहेको अमेरिकाले उनलाई आफ्नो देश प्रवेशमै निषेध गर्‍यो। अध्यात्मिक प्रयत्नमार्फत विश्वलाई सभ्य, समान र सुसंस्कृत बनाउन सकिन्छ भन्ने अध्यात्मिक चिन्तकहरूलाई समेत समाजवादी सभ्यताको विश्वब्यापी लोकप्रियताले लघारेर पुँजीवादी शोषणको विरोध गर्ने र कम्युनको आवश्यकताको बोध गर्ने बनाएर छाड्यो। तथापि यतिबेला उनीहरूले भनेको जस्तो ध्यान, जप, टुक्रे कम्युन र एकतर्फी शान्तिको प्रलाप पुँजीवादीहरूलाई शोषण गर्ने हतियार बन्न पुगेको छ । जनताको मनोविज्ञानलाई केही क्षण भ्रमित पार्दै पुँजीवादी लुटविरुद्ध सङ्घर्ष गर्नैपर्ने आवश्यकता भएका श्रमिकहरूलाई अलमल्याउनु लुटेरा पुँजीवादको सेवा हो र यसबाट पनि अबको श्रमिक दुनियाँ अल्मलिएर बस्नेछैन।

कयौं बहाना र फजुल कार्यक्रमको भुलभुलैयामा विश्वलाई घुमाउन खोजिरहेको पुँजीवादको मुखुण्डो उदाङ्गो भैसकेको छ । पुँजीवादबाट अब समाजमा काम चल्नेवाला छैन । मानिसहरूका समस्याहरूलाई हल गर्न पुँजीवाद असमर्थ छ, बरु यो समस्या थोपर्ने मुख्य कारक बन्न पुगेको छ । तसर्थ विश्वभरिका आमश्रमजीवीहरू यसको पतनका निम्ति गर्नुपर्ने सबैखाले कर्म गर्न तयार छन् । एकातिर निभ्न लागेको पुँजीवाद छ भने अर्कोतर्फ वैज्ञानिक समाजवाद सबैको छनोटको विषय बनेको छ। पुँजीवाद जनतालाई स्वतन्त्रतापूर्वक छनोटको अधिकार दिन तयार छैन । अमानवीय युद्ध लादेर पुँजीवाद विश्वलाई खोक्रो बनाइरहेको छ। यसले वैज्ञानिक समाजवादी सत्तालाई छनोट गर्न पाउने मानवीय अधिकारलाई खोसिरहेको छ । तथापि आमश्रमजीवीहरू यतिबेला पुँजीवादद्वारा खोसिएको अधिकार फिर्ता लिन सङ्घर्ष गर्न जुटिरहेका छन् । त्यसैले अब पुँजीवादविरुद्ध आम विश्वका जनता बन्दुक लिएर उठ्नेछन् । पुँजीवादी साम्राज्यवादको मृत्यु अवश्यम्भाबी छ । 'जिते सारा संसार, हारे हतकडी' भएका श्रमजीवीहरूको सुन्दर सभ्यता समाजवादी सत्ता स्थापना भएरै छोड्नेछ। वैज्ञानिक समाजवादको भविष्य उज्ज्वल छ।

# सर्वोच्च अदालतद्वारा नेकपा नेता शर्मालाई रिहा गर्न आदेश

■ रातो खबर संवाददाता/काठमाडौं

लामो समयदेखि गैरन्यायिक थुनामा रहेका नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा रातो खबर साप्ताहिकका निर्देशक अनिल शर्मा 'विरही' लाई सर्वोच्च अदालतले थुनामुक्त गर्न आदेश दिएको छ। सर्वोच्च अदालतमा मङ्गलबार बन्दी प्रत्यक्षीकरण रिटमाथि भएको बहसमा न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ र कुमार रेग्मीको संयुक्त इजलासले नेता विरहीलाई रिहा गर्न आदेश दिएको हो।

शर्माका तर्फबाट वरिष्ठ अधिवक्ता एकराज भण्डारी, अधिवक्ताहरू कपिलचन्द्र पोखरेल, खिमानन्द अधिकारी, राजु अधिकारी र सरकारका तर्फबाट उपन्यायाधिवक्ता शान्तिप्रसाद लुइँटेलले बहस गरेका थिए।

चितवनको भरतपुरस्थित कलेज अफ मेडिकल साइन्समा ढाडको हड्डी भाँचिएर गम्भीर अवस्थामा उपचार गराइरहेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिई नेकपा नेता विरहीलाई अहिलेसम्म विभिन्न जिल्लामा घुमाइरहेको छ । हाल इलाका प्रहरी कार्यालय मोरङको हिरासतमा राखिएका विरही लामो समयदेखि उच्च रक्तचाप, मुटुरोग, मधुमेह, थाइराइड, ढाडको हड्डी भाँच्चिएकोलगायत समस्याबाट पीडित छन् । विभिन्न खालका दीर्घरोगले पीडित नेकपा नेता एवम् मार्क्सवादी स्रष्टा विरहीलाई रिहा गर्न माग गर्दै उनका छोरा अविरल शर्माले सर्वोच्च अदालतमा निवेदन दिएका थिए।




## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरु जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५



## बन्दाबन्दीमा खानेपानी आपूर्ति संरचनाको निर्माणमा भएको प्रगति

| प्याकेज | विवरण |
|---|---|
| BDS-0 | ▪ आरूबारी चोकमा च्याम्बर निर्माण, जगडोल, आरूबारी र महाँकालमा स्ल्याब राख्ने काम |
| BDS-01 | ▪ बाँसबारीमा पाइपलाइनको लागि पाइलिङको कार्य तथा बक्स सपोर्टको निर्माण<br>▪ नारायण गोपाल चोकमा चुहावट मर्मतका कार्य<br>▪ न्युरो अस्पताल, बाँसबारीनिर थ्रस्ट ब्लक तथा पाइप इनकेसिङको कार्य<br>▪ बल्खुदेखि सिता पेट्रोल पम्पसम्म ४५० मिटर पाइप बिछ्याइएको |
| BDS-02 | ▪ खुमलटार पानीपाखरी वरिपरि पर्खाल निर्माण (इटा तथा प्लास्टर) तथा ड्रेनेज निर्माण<br>▪ पानीपोखरी (पानीपोखरी) मा एप्रोन तथा गार्ड हाउसरपम्प हाउसमा रङ लगाउने कार्य<br>▪ अनामनगरस्थित ट्यांकीमा च्याम्बर स्ल्याब निर्माण कार्य |
| BDS-03 | ▪ बालाजु पानीपोखरीतर्फ जाने approach road मा कंक्रिट पेभमेन्ट बनाउने कार्य, बालाजु पानीपोखरीमा turfing को कार्य |
| BDS-04 | ▪ सूर्यविनायक सडकमा ६०० मिलिमिटर व्यासका ३०० मिलिमिटर लम्बाइ भएका RCC ह्युम पाइप बिछ्याउने कार्य<br>▪ घलाती सर्भिस लेन सडकमा sub-base सम्बन्धी कार्य (लम्बाइ करिब १५० मिलिमिटर)<br>▪ कीर्तिपुर पानीपोखरीमा outlet र inlet भल्भ तथा fittings जडान गरिएको |
| DNI 1 | ▪ टुकुचामा bridge crossing को कार्य, पुतलीसडकमा crossing को कार्य<br>▪ पुतलीसडकमा बल्क मिटर च्याम्बर निर्माण सम्पन्न (१ वटा)<br>▪ काठमाण्डौ प्लाजा, कृष्ण पाउरोटी सडक, घण्टाघरमा interconnection को कार्य<br>▪ कमलपोखरी, महालक्ष्मीस्थान, सातदोबाटो, एन्फा (सातदोबाटो, भोटेबहाल, नागपोखरी (८०० मिटर) पाइपलाइन बिछ्याउने तथा चाप परीक्षण कार्य<br>▪ चापागाउँ दोबाटोमा फुटपाथ पुनर्स्थापन (४०० मिटर) तथा विद्यमान २०० मिलिमिटर व्यासको DI पाइपसँग जोडने कार्य |
| DNI 2 | ▪ धोबीखोला करिडोरमा DI pipe पुनः बिछ्याउने कार्य (४०० मिटर) तथा पुरानो<br>▪ वानेश्वरमा chamber raising को कार्य (५ वटा)<br>▪ DMA 5+B47.2 को लागि GI connection को कार्य, वानेश्वरमा वितरण संजाल सुधार ३ अन्तर्गत ३०० मिटर पाइप पुनः बिछ्याउने कार्य |
| DNI 3 | ▪ डिएमए ८.१ मा ३०० मिलिमिटर व्यासको ४० मिटर लामो पाइप बिछ्याउने कार्य |
| DNI 7a | ▪ बल्खु-कालीमाटी सडक, रविभवन, भद्रकाली-मैतीदेवी-थापाथली सडकमा २.५ कि.मि पाइप बिछ्याउने कार्य, District Metering Area ५.२ मा GI connection को कार्य |
| DNI 9a | ▪ साप्रेढुङ्गा, चुनिखेल, सिमलटार, आकाशेधारामा DI र HDPE पाइप बिछ्याउने कार्य |
| Integration | ▪ खुमलटार पानीपोखरीदेखि एकान्तकुना चोकसम्म बिछ्याइएको नयाँ पाइपसँग विद्यमान पाइपलाइन जोडने कार्य, टोखामा पाइप बिछ्याउने कार्य |
| | **खानेपानी आपूर्ति प्रणालीको संचालनक्षमताको परीक्षण** |
| | ▪ अनामनगर पानीट्यांकीदेखि वितरण संजाल सुधार ४.१.२ सम्म पाइपलाइन disinfection को कार्य<br>▪ वितरण संजाल सुधार १ को ७.२ कि.मि पाइपको अल्पकालीन परीक्षणको कार्य |

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड
आयोजना कार्यान्वयन निर्देशनालय, अनामनगर, काठमाडौं
www.kuklpid.org.np


निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं